दायित्व

(मासिक)

वर्ष १९ /पूर्णाङ्क ५२/असार २०६२

प्रधान सम्पादक

रामप्रसाद पन्त

फोन नं. ४-४८६४७६

व्यवस्थापक

लक्ष्मी पन्त

फोन नं. ४-४८६४७६

सम्पादन सल्लाहकार

ठाकुर शर्मा

फोन नं. ४-४८३४२६

सह-सम्पादक

यादव भट्टराई

फोन नं. ४-७८३२६४

विशेष सहयोगी

केशवराज पन्त

मोबाइल: ९८४१-२४८८२६

सहयोगी

कमल ज्ञवाली, विष्णु ज्ञवाली 'शास्त्री'

रूपिराम ढोंगी

आवरण सज्जा

राजेश मानन्धर

प्रकाशक

दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल

कार्यालयः

प्र-१७१/७७, पाचलिप-२, काठमाडौं

फोन ४-४७४९८३

पो.ब.नं. ९-९९९, काठमाडौं

सहयोग

संस्थागत रू. ५० -

व्यक्तिगत रू. २०/-

कम्प्युटर सेटिङ : राजु तिवारी (चाबहिल अफसेट प्रेस)

मुद्रण : काठमाडौं भ्याली अफसेट प्रेस एण्ड ABC प्रकाशन प्रा.लि. बसुन्धरा ४-३५४४४ ४-३८२५०३

दायित्व वाङ्मय प्रतिष्ठानको सांगठनिक स्वरुप

केन्द्रीय कार्यसमिति

रामप्रसाद पन्त	अध्यक्ष	बालकृष्ण शर्मा	सदस्य
ठाकुर शर्मा	उपाध्यक्ष	भागवत ढकाल	सदस्य
यादव भट्टराई	महासचिव	देवी नेपाल	सदस्य
केशवराज पन्त	सचिव	ममता शर्मा नेपाल	सदस्य
कमलप्रसाद ज्ञवाली	कोषाध्यक्ष	रेवतीरमण पोखरेल	सदस्य
अर्जुन विरक्त	सदस्य	बाबा बरन्त	सदस्य
माधव घिमिरे	सदस्य		

सल्लाहकारहरु

सुश्री भद्रकुमारी धले

डा. गोपीकृष्ण शर्मा

डा. तुलसी भट्टराई

सूब सेन

रामप्रसाद दाहाल

सम्पादकीय

- आज हाम्रो देशले खोजिरहेको प्रमुख विषयवस्तु हो - दीगो शान्ति र सुशासन । यसको प्रतिपादन गरेका ऐन नियम र प्रशासकीय संरचनाहरूलाई जनतामाझ पुऱ्याउन र कार्यान्वयन गर्न धर्म संस्कृति र जातिगत विविधताले प्रभाव पारेको हुन्छ । यिनै वैविध्य धर्म संस्कृति र जातिगत समन्वय नै राज्य संचालनको अपरिहार्य गुण हो भन्ने कुरामा हामी विश्वस्त छौं । एकजना विद्वान्को भनाई पनि छ - 'राज्य संचालनमा अधिकतम प्रभाव पार्ने तत्व नै धर्म हो । विश्वमा जति पनि युद्धहरु भएकाछन्, ती राजनीतिक कारणभन्दा धार्मिक कारणबाट भएका छन् ।' अतः देशलाई कुन दिशातिर लैजाने भन्ने कुरा अप्रत्यक्ष रूपमा त्यस देशको धर्म र संस्कृतिले प्रभाव पारेको हुन्छ ।

- यथास्थितिवादी र अतिवादीहरु शान्ति र प्रगतिका बाधक हुन्/देशका दुश्मन हुन् । संसार परिवर्तनशील छ । जनता सधैं परिवर्तन चाहन्छन् । तर यथास्थितिवादीहरूबाट लादिने अपरिपक्व नियमहरूले देश जहाँको तहीं अडिइरहन्छ भने अरूको धार्मिक एवं सांस्कृतिक वैभवतालाई स्वीकार नगर्ने अतिवादीहरूको चिन्तन र एकछत्र शैलीले देशलाई द्वन्द्व र पतनको दिशातर्फ उन्मुख गराउँछ । नत्थुराम गोड्से हुन् कि ओसामाबिन लादेन, वर्तमान विश्वमा देखापरेको अतिवादी प्रभावका ज्वलन्त उदाहरणहरु हुन् ।

- यस बाहेक विभिन्न धर्म भित्र उब्जिएका सम्प्रदाय वा शाखा/प्रशाखाहरूले मूलधर्म भित्र धमिरा लगाउने काम गरेका छन् भन्दा अत्युक्ति नहोला । वैदिक सनातन धर्मबाट विकसित हुँदै आएको हिन्दूधर्ममा देखापरेको जातीय भेदभाव र छुवाछूत जस्तै बौद्ध धर्मका महायानी र हीनयानी, इस्लाम धर्मका सिया र सुन्नी, इसाइ धर्मका क्याथोलिक र प्रोटेस्टेण्ट जस्ता वैचारिक र धार्मिक विभाजनहरु अन्यत्र आफ्नै मूलजरोलाई काट्ने दुश्चेष्टाहरु हुन् ।

- कुनै पनि धर्म र संस्कृति स्वयंमा खराब कुरा होइनन् । शान्ति र अहिंसाको विरुद्धमा कुनै धर्मको अस्तित्व रहँदैन र छैन पनि । ती सब सामाजिक नियम हुन्/समाजका आदर्श र मर्यादा हुन् । जसलाई स्वीकार गरिएन भने समाज छिन्नभिन्न हुन्छ/ श्रृष्टि विनास हुन्छ । परोपकार गर्नु धर्म हो, अरूलाई दुःख दिनु पाप हो भन्ने हिन्दूधर्म, गाली गर्नेलाई आशिष देऊ, श्राप दिनेलाई वरदान देऊ, दीन दुःखीको सेवा गर भन्ने इसाइधर्म, शान्ति र अहिंसालाई जोड दिने बौद्धधर्म र जैनधर्म, सत्य बोल र सबैसँग प्रेम गर भन्ने इस्लाम धर्महरु सबै जनकल्याणका लागि प्रतिपादित भएका नियमहरु हुन् । जसलाई प्रकारान्तरमा धर्मको नाम दिइयो ।

- धर्म भनेको वास्तवमा परम्परागत अर्चना र पूजनादिमा आधारित नभएर 'बहुजन हिताय, सर्वजन सुखाय' अर्थात् सम्पूर्ण मानवकल्याणमा आधारित हुनुपर्छ, जसबाट विश्वबन्धुत्वका भावना निर्माण गरी विश्वशान्ति र स्थिरता प्रदान गर्न सकिन्छ भन्ने हाम्रो दृष्टिकोण रहेको छ ।

रामप्रसाद

दायित्व

(साहित्यिक मासिक)

विषय-सूची

सूचना	पेज नं.	लेखक
नाटक		
जराजर्जरा	१	मणिन्द्रराज लेखाला
कथा/लघुकथा		
समान पहाड	७	भागीरथी श्रेष्ठ
समयको महत्व	१८	सङ्कु थापा
टनटने	२५	मधुसूदनप्रसाद थिमिरे
पराजित मीरा	३७	केशबराज पन्त
आतक्रमण	४४	नवराज रिजाल
पागलपन र विडम्बनाहरु	४८	किशोर न्यौपाने 'यदु'
हातको सफाई	४९	युगल बसेल
उसको अनुपस्थितिमा	५३	अज्ञात युवक
गाउँको अवस्था	५६	जेबी खत्री
आँधीखोलाको किनारमा	६१	राजन भट्टराई
म नेपाल फर्कन्न	६८	ऋषिराम लामिछाने
लेख/निबन्ध		
बनारसी नेपाली समाज	१०	डा. दुर्गाप्रसाद [illegible]
जय गुरू	१६	शङ्कर शाह
साहित्य, प्रकाशन र सम्मानको परम्परा	३५	यादव भट्टराई
[illegible]	५९	[illegible]
संस्मरण/यात्रा-संस्मरण		
सम्भाव्य दुर्घटनाहरुको त्रासदी	२९	रामप्रसाद पन्त
[illegible]	२८	[illegible]
जापान भ्रमणः रमाइलो अनुभव	७४	सुदीक्षा दाहाल
समीक्षा/समालोचना		
[illegible]	२०	रमेश गोरखाली
हाइकुको हाँकमा सिंहको 'मौन बतास'	५७	कुसुम
विचार-विहारः नेपाली साहित्यको नयाँ स्वाद	६६	पूर्ण इन्फाङ्ग
गजलसाहित्यमा जावनपाना	७७	प्रेमीक
पुस्तक परिचय	७१	अरूण खत्री 'नवी'
कविता/गीत/गजल		

मनिराज जोशी - ६/ भगवत आचार्य- ९/ प्रकाशमणि दाहाल-९/ नारायण गोथरे-१९/ सुरेश प्राञ्जली सापकोटा-२३/ अर्जुनबहादुर चन्द- २४/ लेखराम सापकोटा-३४/ प्रकट पर्गेनी शिव-३५/ खड्गबहादुर चापागाई- ४३/ जोतारे धाईवा - ४८/ कमला क्षेत्री-५८/ रतनकुमार पाण्डे- ५२/ राज माटलाक ५६/ दामोदर पुडासैनी किशोर -६०/ दीपक चिन्तक -६०/ प्रकाश बुढ्गाना -६५/ टी.एन. रेग्मी गाउँले -६५/ रोहित पन्त-६७/राधा कार्की - ७०/ सुशील राजोपाध्याय - ७०/ एल.पी. सल्यानी देवकोटा- ७०/ इन्द्रकुमार श्रेष्ठ-७६/ होमशङ्कर बास्तोला - ७६/ रघुनाथ पौड्याल - ७८

एकाङ्की

अंशबण्डा

❑ फणिन्द्रराज सेताला

पात्रहरू :

१)	शान्तदास	-	वर्ष ७० का अवकास प्राप्त जागिरे
२)	धनमाया	-	वर्ष ६५ की उनकी पत्नी
३)	पूर्णदास	-	वर्ष ४० को जेठो छोरा सरकारी जागिरे
४)	कृष्णदास	-	वर्ष ३५ का बपारी कम्पनीमा जागिर
५)	देवेन्द्र	-	वर्ष २५ को स्नातकोत्तर उत्तीर्ण, कामको खोजीमा
६)	श्यामा	-	वर्ष ३५ की पूर्णदासकी पत्नी
७)	मञ्जु	-	वर्ष ३० को कृष्णदासकी पत्नी
८)	सरला	-	वर्ष १० की पूर्णदासकी छोरी
९)	किरण	-	वर्ष ८ का कृष्णदासका छोरा

स्थान :- शान्तदासको सुत्ने कोठा ! समय चार बजे पूर्व-पश्चिम लामो, उत्तर दक्षिण चौडा, अन्दाजी नौ फुट अग्लो कोठा । दक्षिणतिर तीनबटा र पूर्वतिर एउटा मात्र ठूलो झ्याल भएको उक्त कोठाको प्रवेशद्वार पश्चिमतिर छ । प्रवेशद्वार बीचमा भएकोले त्यसको दुईतिर टेबिल छन् । एउटामा टेलिभिजन छ भने अर्कोमा केही किताब र खत्र्याक्खुत्रुक् छन् । त्यहीं मेच छ । भुइंमा नीलो कार्पेट छ । दुवैतिर लहरै नीलैमखमली खोल हालेका चकटी छन् । पूर्वतिर दक्षिण सिरान पर्नेगरी पलङ र बिछौना छ। उत्तर भित्तामा डिजिटल घडा छ । समय जाडाको । धनमाया झ्यालनिरको चकटीमा बसेर केही हेर्दै छिन् । शान्तदास कोठाभित्र प्रवेश गर्छन् । धनमाया झस्केर उनीतिर हेरेर उठ्छिन् । शान्तदास हातको सौरो भित्तामा अड्याई मेचमा बस्छन् । धनमाया नजीकै उभान्छन् ॥

शान्तदास - (पत्नीतिर हेर्दै) किन आज घरमा मुनमान छ । सरला र किरण कतातिर लागेछन् । हल्लाखल्ला केही छैन । छोराहरू त भित्रिएका छैनन् नै । बुहारीहरू पनि छैनन् कि क्याहो ? काठामा छन् कि कते गए ?

धनमाया - ओहो ! घरभित्र पन्न पाएको छैन, एकैचोटि कति धेरै प्रश्न र यस्तो विघ्न खोजीनीति ? आजका मान्छे हामो पालाको जस्तो होइन । यो न [illegible] देखभएको छ, हामीजस्तो बुढ्यौलीतिर लागेका बाहेक कोही घरैभित्र गुंडुल्किएर बसेका छन् ?

शान्तदास - यति लामो गन्थन किन ? ती सबै कुरा मलाई पनि थाहा छ । फेरि मैले त छोराहरूको कुरा गरेको होइन, चुलाको र नाति नातिनीको कुरा पो गरेको । उनीहरू यतिबेला घरैमा हुनुपर्ने होइन ?

धनमाया - हुन त हो नि, तर भएन । हिजो आज दुई बुहारीहरू नड-मासु जस्ते मिलेका छन् । [illegible] अधिनमा बस्ने ? गएका छन् सिनेमा हेर्न, त्यो पनि सरलाले भनेर पो थाहा पाएकी । मसंग त एकछिन बाहिर पुगेर आउंछौं भनेका थिए ।

शान्तदास - (एकछिन गमेर पत्नीको मुखतिर हेर्दै) [illegible] कुरा [illegible] छौं ।

समय परिवर्तनशील छ । आजको समाज बन्धन होइन, मुक्ति खोज्छ । नयां क्षितिजको खोजीमा छ समाज । कसैलाई बन्धनमा राख्दैमा वा कोही

बन्धनमा बस्दैमा चरित्रबल बढ्छ, भन्ने ..... ।

धनमाया - (बाचमा) भे गा नि त, लामा गन्थन किन ? सरला र किरण आफ्नै कोठामा बसेर पढ्दै होलान् । जेऽ, माइला भिविएका छैनन्, कान्छो एकछिन अघि आएको थियो, कोठैमा होला । केशव (भान्छे) बजार गएको छ ।

शान्तदास - यति कुरा आघ ने भनका भए यति लामो गन्थन नै हुने थिएन । (उठ्दै) म लुगा फेरेर आउँछु ।

(शान्तदास निस्कन्छन् । धनमाया उभिएर खुला भयालबाट टाढा टाढासम्म हेर्ने प्रयास गर्छिन् । सायद उनी नयाँ शातज पहिल्याउने कोशिस गरीरहेकी छन् वा [illegible] दिनका एक एक चित्र शून्यमा खोजेर हेर्दै छिन् । केही बेर यस्तै रहन्छ । केही बेरको अन्तराल पछि शान्तदास कोठाभित्र पस्छन् । यस बेला उनले पस्मिनाको ओढ्ने ओढेका छन् । आफ्नो [illegible] बढेर उनको काँधमा हात राखेर आफुतिर फकाउने कोशिस गर्छन् । धनमाया उनीतिर हेर्छिन् ।)

शान्तदास - के हेरिरहेकी धन ? हामी ऐलेको [illegible] दिनको धुमिल प्रकाशमा नियालेर शून्य आकाशमा के खोजै छयौ ?

धनमाया - म आफ्ना बितेर गएका, फेरि कहिल्यै फर्किएर नआउने ती दिनहरूको [illegible] केही पाउँछु कि भनी शून्य आकाशतिर हेरिरेहकी छु । (गम्भीर भएर) हाम्रा दिनहरू कसरी बिते होला ? अब ती फर्किएर आउन्लान् पनि हैन ?

शान्तदास - बिते मात्रै होइनन्, अझै कति बित्लान् । के [illegible] छ र, बितेका बितेर गए, [illegible] अब आउने पो कसरी बित्लान् । ह्वैन, आज तिमी किन यस्ता निराशाले भरिएका कुरा गर्दैछयौ ? पैले त कहिल्यै यस्ता कुरा गरेकी थिइनौ । कुनै बेला, म निराश हुँदा ढाढस दिने, मेरा साहस भने मान्छे आज किन यति हतोत्साहित भयौ ? के भो - भनन । अवश्यै केही भएको छ ।

(शान्तदास प्रत्तीलाई नजीक तानेर आफूसँगै चकटीमा बसाउँदै आफू पनि बस्छन् ।)

- अब भन के भएको छ ?

धनमाया - भैसकेको छैन, हुने छाँट छ ।

शान्तदास - के हुने छाँट छ ? म त केही देख्दिन नयाँ कुरा ।

धनमाया - तपाई धेरै सोझो हुनुहुन्छ । तपाई आफ्ना छोरा बुहारीको चालामाला केही बुझ्नुहुन्न । (एकछिन चुप लागेर) सुन्नु होस् आज, अघि दिउँसो कान्छो देवेन्द्र बाहिरबाट सरासर कोठामा गयो । केही बेरपछि फेरि बाहिर निस्कन लाग्यो । मैले सोधें, किन आउने बित्तिकै निस्कन लागिस् ? उसले के जवाफ दिया सुन्नुहोस् त । 'म विदेश जाने तरखर गर्दैछु । त्यही काममा जान लागेको । केही दिनपछि [illegible] । [illegible] भनिदिनुस् ।" यति भनेर ऊ हिँड्यो ।

शान्तदास - विदेश, कहाँ जान्छ रे, अनि किन ? आफ्नो मुलुकमा उसलाई के चाहिँ पुगेन र ? मैले उसलाई के पुऱ्याइदिनँ आज सम्म, सोधिनौ ?

धनमाया - [illegible] र, ऊ [illegible] पनि होइन, माइलो पनि अमुका जाने रे ए बी सीडी कि के जाति पऱ्यो रे । अब यहाँ को आफ्नो भागजति लिएर जाने रे नेपाल नफकने र !

शान्तदास - यति भैसक्दा पनि मैले किन थाहा पाइनँ ? [illegible] थाहा पाएँ र [illegible] अस्ति नै किन भनिनौ ?

धनमाया - मैले पनि माइलाको आरेको कुरा त आज मात्र सुनेकी । अनि तपाईलाई घरको बास्ता भए पो । घरबाट बाहिर गयो उतै मस्त घर [illegible] कोठामा [illegible], [illegible] सुत्यो । अनि कसरी थाहा हुन्छ ?

शान्तदास - अनि यो ए बी सी डी भन्या होइन । यो त डी भी हो, तिमी पनि कस्ती ? फेरि मसँग

त आजसम्म केही कुरा गरेको छैन त कृष्णले ।

घनमाया - मलाई त अघि स्कूलबाट आएपछि किरणले पो भन्यो । उसका आमाबाबु बीच कुरा भयो होला नि त ।

शान्तदास - देवेन्द्र त अेल घरमा छ हाइन ?

घनमाया - अघिसम्म त थियो, कोठैमा त होला नि । बोलाउनु होस् न ।

शान्तदास - (उठेर ढोकानिरबाटै) देवेन्द्र ! ए देवेन्द्र !!

नेपथ्य - (पुरुष आवाज) हजुर, किन बा ?

शान्तदास - एकफेर तल आइज त । (उनी अघिकै ठाउँमा बसेर भन्छन्) ।

(एकैछिन पछि देवेन्द्र कोठा भित्र पस्छन्) ।

देवेन्द्र - मलाई बोलाउनु भा, को ?

शान्तदास - हो, के गर्न लाग्या थिइस् ? कि पढ्दै ? त्यहाँ बस् न एकैछिन ।

देवेन्द्र - होइन, खाली नभिराखेको थिएँ । (दक्षिण ठाउँमा बस्छन्) भन्नुहोस् न त ।

शान्तदास - के तँ विदेश जाने रे ?

देवेन्द्र -हो, यहाँ बसेर केही प्रोग्रेस गर्न सकिन्न । न भनेको जस्तो नोकरी पाइन्छ, न कुनै काम ।

शान्तदास - विदेश कुन मुलुकमा जाने ?

देवेन्द्र - पाएसम्म अमेरिका, जापान, बेलाइत नपाए अरब मुलुकतिर ।

घनमाया - के त्यहाँचाहिँ कामको धुप्पो छ र पाइन्छ ? कि कामको पसल छ ?

देवेन्द्र - आगा पनि के भन्नुहुन्छ ! उद्योग धन्धा, कलकारखाना धेरै भएको र योग्यताको भरमा काम पाइने, चाकरी गर्नु नपर्ने, नाताबाद कृपावादमा भरपर्नु नपर्ने त्यहाँ ।

शान्तदास - (बीचैमा) कपप्लेट पखाल्न पाइन्छ, भोटर धुने, भोटरमा तेल्नेस गर्ने कारखेखि सबैखाले पाइन्छ हगि ?

देवेन्द्र - बा पनि ..... विदेश जाने सबैले त्यसै मात्र काम गर्छन् र ? कति ठूला ठूला ठाउँ ओगटेर बसेका छन् त्यहाँ नेपालीले ।

शान्तदास - त्यहाँ पनि त पढ्नेका छन् अनाहकमा ।

देवेन्द्र - त्यो त आफ्नुना हन्छ ।

शान्तदास - कृष्णलाई पनि डी.भी.पर्‍यो रे होइन ? ऊ पनि त अमेरिका जाला नि ।

देवन्द्र - मौका पाएको बलामा जाने त पछि नि । के गर्नु, आफूलाई त भाग्यले नै साथ दिएन । दुईदुई पल्ट हाल्दा पनि परेन । त्यसैले मन अब म्यानपावरको माध्यमबाट भए पनि जहाँ होस जान्छु । हुनत जापान जाने मौका पनि हात पर्ला जस्तो छ, त्यसैले पैसा चाहिँ ठीक पारिराख्नु पर्‍यो ।

शान्तदास - तँलाई पैसा चाहिने कृष्ण आफ्नो अंश नै लिएर जाने, अनि पूर्णचाहिँ के गर्छ नि ?

देवेन्द्र - खाइ ठूलाइका कुरा मलाई के थाहा ? उहाँको नोकरी राम्रै आम्दानी हुने ठाउँमा छ । कृष्णलाई डी.भी. परेर जाने, उहाँको कुरै भएन, छोरोचाहिँ पनि जान पाइहाल्छ, राम्रै भो । मेरो पनि असी प्रतिशत जापानै जानेमा मिल्लाजस्तो छ ।

घनमाया - उसो भए तिमीहरू पक्कै जान हैन त ?

देवेन्द्र - किन र आमालाई विश्वास लागेन ? अब- कृष्ण त आफ्नो परिवार लिएर नफर्कने गरी अम्रिका जाने त नि, कहाँ जान्छस् ? जापान भन्या पनि उस्तै हो त ?

देवेन्द्र - उही ठाउँ नभए पनि उस्तै हो, काम पाइन्छ । त्यसो भएपछि आम्दानी पनि भैहाल्छ । यहाँ बसेर के न के ।

(कोही आएको भान हुन्छ । सबैको आँखा उतैतिर केन्द्रित हुन्छ । कृष्णदास कोठाभित्र पस्छ । एकछिन ऊ उभिइर हन्छ । सबै गम्भीर बन्छन् । ऊ पनि सानैको अनुहारतिर हेर्छ ।)

घनमाया - आज त चाँडै आइस्, बस् न ।

शान्त - बस् न ।

कृष्ण - (नजिकैको चकलामा बस्दै) देवेन्द्र पनि त आज घरैमा रहेछ, किन बाहिर कतै गैनस् ?

शान्त - देवेन्द्र जापान जाने रे, भैसे ऊ त्यही

कुरा गर्दैछ। त पनि त अमेरिका जाने रे डी भी पऱ्या छ रे होइन त ?

कृष्ण - हो जानै त पऱ्यो नि। यहाँ बसेर मात्रै के गर्ने। राम्रो काम केही नाइनो लोइन। त्यसो कुरा या-आमासंग गरु भनेर पनि म आज चाडै आएको। म त अब यहाँ नफर्कने गरी जाने विचारमा छु र चैतको बीस-बाइसतिर जानुपर्छ रे। पैसा चाहियो। भीसा आदिको लागि युनाइटेड पऱ्यो। अरु पनि केही फण्डाहरू जुटाउनु पऱ्यो अभै के के गर्नु छ, कति लाग्छ, त्यसैले बाले मेरो भाग छुट्याइदिए म निश्चिन्त भएर जाने थिएँ। फेरि यहाँ आउने टण्टै पर्दैनथ्यो।

शान्तदास - कुरा त ठीकै हो, तर भन्ने बित्तिकै कसरी; तलाई तेरो भाग, देवेन्द्रलाई उसको भाग दिएपछि, पूर्णले पनि आफ्नो भाग माग्ला। तिमीहरू तीनवटा छोरा भिन्न भएपछि हामी बुढापुढी कता जाने ?

कृष्ण - दाजुको त यहीं नै राम्रो जागिर छ। भिजभिजै पैसा जोगुमएको छँदैछ। देश छोडेर बाहिर जानै पर्दैन।

(श्यामा र मञ्जुसंगै सरला र किरण पनि भित्र पस्छन्।)

धनमाया - (बुहारीहरूतिर हेरेर) तिमीहरू पनि आइपुगेछौ।

मञ्जु - हामी घरभित्र पस्या त अघिनै हो।

देवेन्द्र - दाज पनि त आइपुग्ने बेला भो, होइन र ?

सरला - ड्याडी, ड्याडी त अघि नै आइसक्नु भो, कोठा मै बसिराख्नु भा'छ।

कृष्ण - त्यसो भए दाजुलाई बोलाएर यो कुराको छिनोफानो आजै गरौं न त। (आफुसंग) देवेन्द्र पनि जाने भन्छ, मेरो त पक्का नै भो। यस्तो मौका बराबर आउने होइन, फेरि छोड्ने कुरा पनि त भएन। म दाजुलाई बोलाएर ल्याउंछु, हुन्न या ?

मञ्जु - होत नि, सो मौका पनि कसैले छोड्छ।

धनमाया - के तिमीहरू दुवै गई नछोड्ने ? हाम्रो माया त लागेन, लागेन, आफ्नो आफु जन्मेको यो देशको पनि माया छैन ?

श्याम - हो त नि, अेल कुरा चल्या चल्या .... ।

शान्तदास - (बीचैमा) तिमीहरू आफ्नो मात्रै कुरा गर्छौ कि अरूको कुरा पनि सुन्छौ ?

कृष्ण - बाले नै निर्णय दिनुहोस् न त। तर म त जुनसुकै हालतमा पनि जान्छु, जान्छु र मेरो, मैले पाउने मात्र या अर्को अर्धमा भनुं अंश भाग को रुपियां नै पाए बेश।

शान्तदास - जा, पूर्णलाई बोला, म त्रिमी सबैको अगाडि, आजसम्म घर कसरी चलेको छ, अवस्था कस्तो छ सबै वास्तविकता राखिदिन्छु, अनि तिमीहरू नै आफैं निर्णय गर।

(कृष्ण उठेर जान्छ। उसकै पछिपछि श्यामा र मञ्जु पनि जान्छन्।)

(धनमायातिर हेर्दै) के सम्झेका छन् कुन्नि यिनीहरूले ! मैले खुबै धन कुम्ल्याएर राखेको ठानेका होलान्। बाजेका पालाको चार रोपनी जग्गा सहितको यो घर र बागमती फाँटको तीन रोपनी खेत त हो। त्यसैमा तिमीहरूको आँखा छ। तीन जनालाई पढाउनु, दुई जनाको बिहे गर्नु, मेरो सामान्य जागिर, कसरी गर्ने हुला। ठीकै छ, दिन त पछि पनि दिनै पर्छ, अवश्य संगै बस्ने छैनन्। (देवेन्द्रसंग) किन्ने मान्छे खोज, हुन्या दिए भित्र लगै बेचबिखन गरेर भाग लगाई दिन्छु। कि तिमीहरू मध्ये कसैले सकाछौ भने ... ।

(पूर्ण र कृष्ण भित्र पस्छन्। उनीहरूकै पछिपछि पुनः श्यामा र मञ्जु पनि आउँछन्।)

(पूर्णसंग) बस् ! (कृष्ण र बुहारीहरूसंग पनि) सबै बस्न। मेरो कुरा ध्यान दिएर सुन। कृष्ण तेचाहीं छोडेर अमेरिका जाने रे ! देवेन्द्र पनि जापान जाने रे ! यी दबैलाई पैसा चाहियो। मैले रुपियां-पैसा जम्मा गरेर राखेको छैन। यै घर जग्गा र खेत बाहेक सम्पत्ति छैन। लौ के गर्ने ! तिमीहरू समर्थ छौ, निर्णय गर, म भागबण्डा गरिदिन्छु।

पूर्ण - त्यो त हो, तर कति भाग कसरी लाउने र बा-आमा कोसंग बस्ने ?

श्यामा - माइला बाबु यहाँ बस्दै नबस्ने अमेरिका

जाने, कान्छा बाबु पनि बाहिरै जाने भए पछि, यहाँ बस्न हामी मयौं, त्यसैले बा-आमा हामीसंग नै बस्ने नि ।

शान्तदास - हामो कुरा छोड. पैले तिमीहरू आ-आफ्नो बन्दोबस्तको कुरा गर । मलाई घर, व्यवहारबाट मुक्ति देऊ । अनि मेरो कुरा ध्यान दिएर सुन, म कसेसंग गासिएर बस्दिन ।

श्यामा - बुढेसकालका कोही सहारा त चाहिन्छ नि (पूर्णसंग) ह्वैन ?

पूर्ण - त्यो त बा आमाको खुसी । अब बाले नै भन्नु पर्यो के गर्दा ठीक हुन्छ ।

शान्तदास - अब त हामो खुसीको कुरा रहेन, खुसी तिमीहरूको । कुरा सुन - आज हामो साथमा सात रोपनी जमिन र यै एउटा पुरानो घर छ । मैले चार पैसा जोगाएर राखेको छैन । तिमी दुई पर्ण र कृष्ण हरेक दशैंमा पाँच-पाँच हजार दिने गरेका छौ । अरु एक पैसा दिएका छैनौ र मैले मागेको पनि छैन । मेरो छ हजार पन्सन र खतबारीको आयस्ताले घर चलेको छ । होला घरमा दुई- चार तोला सुन दश-बीस तोला चाँदी / मैले यथार्थ कुरा राखि दिएं / अब तिमीहरू नै सल्लाह गरेर मिलाओ । अघि पनि पछि पनि तिमीहरूकै हो । सानो कुराले तिमीहरूको मन नफाटास् । भाग चाहि मेरो विचारमा चार भाग लाउने । एक एक भाग तिमीहरूलाई, एक भाग हामी दुईलाई । मेरो निर्णय यही हो ।

मञ्जु - अनि हजुरहरूको शेषपछि त्यो कसले पाउने ? त्यो पनि त अहिले नै निर्णय गर्नुपर्छ नि ।

घनमाया - के भनेको, अंश लाउन चित्तैके हामी मर्छौं भन्ठानेकी छौ कि क्या हो ?

शान्तदास - मञ्जु, हामी छिटै मर्दैनौं, त्यसको पनि बन्दोबस्त गरेर नै मरौंला । तिमीहरूलाई दुइटामा पार्ने छैन, धन्दा नमान

श्यामा - (मञ्जुसंग) तिमी के भएको, त्यस्ता कुरा पनि गर्ने हो ? बुबाको निर्णय ठीक छ, तर देवेन्द्रबाबुको बिहे खर्च, सरलाको बिहे खर्च र किरणको बतबन्ध र बिहे खर्चाहिं छुट्याउनु पर्छ ।

पूर्ण - हो यो भने ठीक हो । (कृष्ण र देवेन्द्रसंग) तिमीहरू पनि बोलन । पछि फेरि यो भएन, ऊ भएन, मलाई चित्त बुझेन भनेर पछाडि कुरा गर्न हुन्न । मलाई बाको कुरा एकदम ठीक लागेको छ ।

कृष्ण - (देवेन्द्रसंग) त के भन्छस् ? तेरो के विचार छ भन् । तँलाई कसै कति चाहिने ?

देवेन्द्र - मलाई त अढाई लाख भए पुग्छ । म सधैंभरि त्यहाँ बस्ने पनि होइन, आफ्नो देशमा फर्कने पर्छ, फर्किन्छु । म त्यहाँ काम गरेर काम सिक्ने उद्देश्य लिएर जान लागेको । तपाई उहीं बस्ने जाने, अब के गर्दा मिल्छ, हामी दाजु भाइ बीच माया, सदभाव रहन्छ त्यही गरौं ।

पूर्ण - तेरो कुरा राम्रो हो, तर कृष्णको समस्या भिन्दै छ । उसलाई सायद थोरैले पुग्दैन होला ।

कृष्ण - त्यसैले खेत बाँकी राखेर घर बेचौं । आएकोमा दुई दुई लाख देवेन्द्र सरला र किरणलाई छुट्याएर अरु चार भाग लगाऊँ । खेत पछि आवश्यकता परे बेचौंला ।

शान्तदास - ठीकै छ, पूर्णलाई र मलाई घर खाज्नु पर्‍यो । लौ त यसैगरी मिलाओ । घर किन्ने ग्राहक खोज । सकेसम्म चाँडो ..... ।

किरण - (बीचैमा) हजुरबुवासंगको बस्ने नि ?

मत हजुरबुवा र हजुरमुमालाई छोडेर अमूका जान्न । (कृष्णसंग) तपाई र ममी मात्र जानोस् ।

सरला - हो व्यारे । किरण हामीलाई छाडेर तिमी नजाऊ ।

घनमाया - मेरो नाति, नातिनी कति जाती ?

शान्तदास - (उठ्दै) भोलिदेखिनै ग्राहक खोज्न थाल तर दलाल माफंत् होइन ।

पूर्ण - (कृष्ण र देवेन्द्रसंग) लौ निर्णय यै हो, तिमीहरू पनि लागिपर, म पनि खोज्छु ।

(घनमाया उठेर बत्ती बाल्छिन् । कोठा उज्यालिन्छ । अरु पनि उठ्छन् ।)

पर्दा लाग्छ ।

***

मेरो शरीर

❑ मनिराज जोशी

माटाको छ पवित्र निर्मल तनु यो काँचको छत्र छ,
हेर्दामा छ हिरिक्क सुन्दर कला, दुर्गन्धता भित्र छ ।
सेतो चर्म वरिपरि छ तनमा, सर्वाङ्ग आवेष्ठित,
क्या राम्रो छ महार दिव्य तन यो, हेर्दै अनौपम्य छ ॥१॥

माटाको जल व्योम वायु रविको यी पाँचको तत्व छ,
[illegible] यी पाँचले भुक्त छ ।
खानु बस्नु र उठ्नु सुत्नु हिड्नु यी पाँच काम् गर्दछ,
छाला कान र नेत्र दन्तपङ्क्ति, पाँचै छ संशोभित ॥२॥

भित्री देह छ भिन्न सूक्ष्म यसमा, जीवन्तको आश्रित
यो हो भौतिक खोल त्यो शरीरको, जोडेर त्यो [illegible] छ ।
नाना यन्त्र अनेक छन् शरीरमा, छुट्टै अनुशासित,
गर्छन् भिन्न स्वभाव कर्म यिनमा, एक-एक वैशिष्ट्य छ ॥३॥

नाडी नै छ शरीरमा अझ ठूलो सर्वाङ्ग सञ्चालित,
डोरीले कसी लाइ [illegible], डोरी छ [illegible] छ ।
छान्नेछन् कति यन्त्र भित्री यसमा जान्नै कति यन्त्र छन्,
देख्ने यन्त्र अनेक यन्त्र यसमा, एकेक काम् गर्दछन् ॥४॥

आफू बस्दछ भित्र मालिक स्वयं, जो हो अविनाशी त्यो,
जे जे गर्दछ पाञ्चभौतिक तनु गर्दा समीक्षा छ त्यो ।
बुद्धि सारथी हो लगाम मन हो, घोडा दशै इन्द्रिय,
हाल्नु पर्दछ तेल साँझ दिनमा गर्दो स्वयं संचय ॥५॥

आफै गर्न तयार कर्मीहरू छन् यो देहका बालक,
आँखा हेर्दछ खान्छ जिह्वा यसरी, छाती [illegible] पर्दछ ।
गर्दै पार्सल तत्व अंगहरूमा भर्दै कुनाका कुना,
यौटै व्यक्ति छ रोम रोमहरूमा, यो देहका साम्मा ॥६॥

- मणिग्राम धनगढी

कथा

समान पहाड

❑ आगीरथी श्रेष्ठ

खेतमा भदौरे धानबाली काट्ने समय भएपछि निर्मलाको आत्मघाती समयले केही निकासा पाउन लागेको थियो ।

निरासाको दलदलबाट बाहिर निस्कने सपना देख्दै थिइ उनले ।

रामेछापको एउटा गाउँमा अभाव र दरिद्रताले ग्रस्त र त्रस्त जीवन बिताएकी निर्मलाले आफ्ना चारवटा छोराछोरी र बृद्धआमालाइं गाउँमै अलि अलि बनीबुतो गरेर पालेकी थिइं ।

गरीबीमा अभ्यस्त भए पनि हरेक दिन निर्मला कामको खोजीमा गाउँ गाउँ चहार्थी । लाग्थ्यो, हरेक दिन उसले विपन्नताको आगो निलिरहेकी छे, आगोमा हिँडिरहेकी छे ।

छोराछोरी र आमालाई एक छाक पेटभरि खुवाउने पनि क्षमता थिएन ।

एकजोर नयाँ लुगा हादिदिने सामर्थ्य पनि थिएन उसमा ।

बनका गिठा भ्याकुर, सिम्रो खाएर पनि जीवन धान्न धौ धौ भयो उसलाई ।

गाउँका सानातिना मेलापातले पनि भरथेग गर्न सकेन ।

माछा मार्न गएको लोग्ने पोहरको वर्षामा बाढीले बगाएर लगेपछि उसको जीवन धान्ने भारापनी डुबेको थियो ।

त्यसपछि उसको जीवन बगरको तातो बालुवा झैं भएको थियो ।

स्याउला र बाँसको कप्टेराले बनाएको सानो छाप्रो हुरी बतासले हरेक वर्ष उडाउथ्यो - भ्वाङप्वाल पारिदिन्थ्यो । पानी पर्दा त्यो सानो छाप्रोभरि पानी चुहिन्थ्यो । छाप्राको भईवाट भुलभुल्ली पानी निस्कन्थ्यो ।

निकै कष्टपूर्ण जिन्दगी थियो उनीहरूको । शित र तापबाट बच्न गतिलो ओत थिएन - गातला बिछ्यौना थिएन । अधनग्न ता साना छोराछोरीहरू सुखा आगनमा खेल्दै कहिले रुँदै, कहिले आगनमै सुत्दै, कहिले लड्दै गरेका हुन्थे ।

मैलो धोती, सिंगान, मयल, च्याल, कचराले भरिएको तिनीहरूको मुख र शरीर टेल्दा जंगलका डढेका ठुटा जस्तै देखिन्थे ।

निर्मलाको जीवन हरपल अन्धमुष्ट अन्धकारले ढाक्यो । मानौं नीमको पात झैं तीतो थियो उसको जीवन । उसको भाग्यको पखाल पर्खिल्दै ठडिएग, सधैं भरिएन्थो ।

उज्यालो जीवन उसको लागि मृगतृष्णा जस्तै भएको थियो ।

जीवनको रंगीन आकाङ्क्षा सपनाको क्षितिज पानीको थोप्ला जस्तै थियो । सधैं टटेको, फुटेको जीवनले कहाँ सपना पाल्न सक्छ र ? दशैंको लागि खर्च जुटाउन एउटी बूढी रोगी आमाको सरमा छोराछोरीलाइं बिहिल-बिहिल गरेर छोडेर बजारमा काम खोज्न आएकी थिइं ।

एउटा साहुको डूलो खेतमा धान काट्ने मौका पाइं ।

खेतमा धान काट्नेहरूमा नुवाकोटका मानबहादुर घर्ती पनि थिए ।

साठी पैसट्ठी वर्ष जतिका मानबहादुरको शरीर हात खुट्टा, कठा काम र दुःखले गाजेको

देखिन्थ्यो । असह्य दुःख र असंख्य चाउरीले गालेको थियो उसको मुखलाई ।

गरिबीको निर्मम विवशता झल्कन्थ्यो उसका अंगप्रत्यंगहरूमा ।

मैलो कोराको कछाड कोराकै कमिज लगाएको थियो उसले ।

हेर्दा सन्तोषी र सोझो देखिने मानबहादुर कम बोल्थ्यो तर मेहनत र इमान्दारीपूर्वक धान काट्थ्यो ।

निर्मलाको मनमा त्यो बुढोप्रति जिज्ञासा भइरहन्थ्यो । यस्तो बुढेसकालमा पनि किन दुःख गर्न आएको होला ? छोराछोरीहरू छैनन् कि ? मलाई जस्तै उसलाई पनि समस्याको डोरीले बाँधेको छ कि ? दुःख व्यथाले आतंकित तपारीकन यस्तो चर्को घाममा यो उमेरमा किन दुःख गर्नुपर्थ्यो र ?

गरिबीले जीवनलाई कैदी बनाएपछि मान्छे जस्तोसुकै दुःखका खाडलमा पनि जानुपर्ने रहेछ ।

सधैं मानबहादुरले एक अंगाला धानको बडेमानको मुट्ठा बोया पाखुरामा राखेर माथिल्लो गराको माझमा राखको धान निफन्न मेशिनमा लैजाने गर्थ्यो । जहिले पनि उसले कमिजको बाहुला माथि सारेर नाङ्गो पाखुरामा धान राखेको देख्दा निर्मलालाई अचम्म लाग्थ्यो । नाङ्गो पाखुरामा धान बोक्दा बोक्दा बुढाको पाखुरा धानले पाछिएर घाउ नै घाउ भएका थिया ।

निर्मलाले सोच्थी कस्तो मूर्ख बुढा रहेछ ! त्यसरी नाङ्गो पाखुरामा धान बोक्न हुन्छ र ?

सधैं नाङ्गो पाखुरामा धानको बिटा राखेको देखेर निर्मलाले बुढोलाई सोधी- "बुढा बा ! जाडोले पाछिएर पाखुरा रगताम्ये भइसक्यो बाहुला माथि सारेर किन नाङ्गो पाखुरामा धानको बिटा बोक्नुहुन्छ ? बाहुला माथि धान राखेको भए घाउ हुने थिएन नि"

निर्मलाको कुरा सुनेर मानबहादुरले खुइय्य गर्दै दीर्घ निःश्वास छोड्या र भन्या - नानी ! तिमीले भनेको कुरा सही हो । के गर्नु ? मान्छेलाई सुख त प्योरो हुन्छ नि । दुःख कसले चाहन्छ ? रुन कसले चाहन्छ ? यो पाछिएको घाउ त केही दिनमा बिर्को हुन्छ । तर कमेजको बाहुला च्यातियो भने कसरी अर्को कमेज सिलाउन सक्छु र ?

मन कटक्क दुःख्यो निर्मलाको

"यो धान काटेको ज्यालाले लुगा सिलाउनु हुँदैन र ?" सहानुभूति दर्शाइ उसले ।

"गाउँदेखि काम खोज्न आएको छु । यही धान काटेको ज्याला जम्मा गरेर दशैंखर्च जुटाउने र जहान छोराछोरीको लागि एकजोर नयाँ लुगा किनेर लैजाने विचार छ । आफ्नो लागि भन्दा परिवारको लागि गर्नुपर्यो नि नानी होइन र ?

मानबहादुरको कारुणिक कुरा सुनेर निर्मलाको मर्मस्थल रन्थनियो ।

आफ्नो असंख्य घाउ बल्झिएर दुःखको अनुभव गरी उसले । ऊ पग्लँदै गई - वातावरण पनि पग्लँदै गयो ।

उसप्रति दया माया र सहानुभूति आधी झैं आइरह्यो - गइरह्यो उसको मनमा । तर उसले गर्न नै के सक्थी र ?

जीवनको योजना र कल्पना पनि आफ्नै हैसियत अनुसार सोचिने र गरिने रहेछ ।

अत्यन्त अभावले बाँधिएको जीवनको एक छाक टार्न र वर्षको एकपल्ट परिवारको लागि एकसेट लुगा लाउने उसको सपना र योजना हुँदोरहेछ ।

मट्ट गाँठो परेर जड जस्तै भइदियो निर्मलाको । केही बोल्न सकिन ऊ ।

रसाएका आँखाले बुढालाई हेरिरही - उसको कुरा सुनिरही । यद्यपि बुढाको कुरा तजाब झैं भएर निर्मलाको मुटुमा खस्दै थियो ।

यस्तो मानबहादुर र निर्मलाको दुःखको पहाड समान रूपमा उसकै अगाडि ठिङ्ग उभिएको छ ।

***

सुन्दरता सकिँदैन

❑ भागवत आचार्य

गुलाफ सुन्दरताको प्रतीक
जगत् रझाउने उसको अभीष्ट
के आँधी, के तुरी के अतिवृष्टि, के अतिवृष्टि
सक्तैन कसैले यसको सौन्दर्यलाई नष्ट गर्न
सक्तैन कोही यसको बीजतत्वलाई मास्न
बाहिरी शत्रुको त के कुरा
हेर्नोस् न गुलाफ आफैंभित्र
[illegible]
अविचलित रूपमा समाधिस्थ छ ।
न शोक न चिन्ता न स्वार्थ, न ईर्ष्या
केवल परार्थ मै आफ्नो सौन्दर्यद्वारा
जगत् रझाइरहेको छ गुलाफ ।

के सुन्दरता दिएर सकिन्छ र ?
निःस्वार्थ नै मान्छेको सौन्दर्य हो
[illegible]
एकै आँधीमा डराउँछ / एकै व्याधीले पिरोलिन्छ
मानो साथैमा जीवनको महान् आदर्शलाई
तिलाञ्जली दिई अन्यो बन्छ ।
मानो त्याग गर्न नसक्ने
[illegible]

निःस्वार्थ नै सुन्दरता हो भने
उकाली ओराली हो जीवन
आत्तिन हुँदैन वर्षौं पछि
खिया परेर भाँचिन सक्छ
पख पख फेरि पख, धैर्य नछाड मानव
तमाम विपरीततालाई
एउटै विवेकमा समेटिन्छन् भने
जीवनमा रातमात्र कहाँ रहेको छ र ?
भोलि दिन अवश्य आउने छ
सूर्य अवश्य उदाउने छ ।

***

शान्ति

❑ प्रकाशमणि दहाल

सारा बालक, बूढ़ा वा युवक वा नारीहरू सारल
भन्छन् शान्ति यहाँ वहाँ जनहरू चिच्याउँदै जाँडले
नेता, हाकिम, राजनीतिक तथा सम्भ्रान्त, साधारण
खोज्छन् साँच्चि कि शान्तिको फगत यो हो नाम उच्चारण ?

॥१॥

[illegible]
स्वर्णाभूषण वा विलास र अरु आनन्द, ऐश्वर्यमा
चिल्ला कार, विमानको सयर वा होटेल सलापमा
हुन्छ शान्ति न भोजनादि बाँढ्या स्वादिष्ट मिष्टान्नमा ।

॥२॥

खल्तीबाट झिकेर बाँड्न साकिने हो शान्ति पाषा न यो
फ्याक्ट्रीबाट निकालिने न त कुनै हो माल बेपारको
घेरी बन्दुकले दिँदा पनि हुने आदेश नै हो न यो
[illegible]

॥३॥

जाने पूर्व भनेर पश्चिम सदा भैदिन्छ यात्रा जहाँ
सीता राम अलाप्य फर्म पश्चिमा भैदिन्छ साँझै जहाँ
पाशा हर्दम लड्दछन् 'शकुनि'का 'भाञ्जा' भनेरै जहाँ
त्यस्तामा पनि हुन्न शान्ति कहिले पर्दैन खोजी त्यहाँ !

॥४॥

खोज्ने शान्ति अवश्य नै यदि भए मान्छे जहाँ आतिँदै
हुन्छन् प्यास र भोक, रोग र अरु आतङ्कमा पिल्सिँदै
मुट्ठी एक सिवाय मानिस अरु भोकै जहाँ बाँच्छन्छन्
हुन्छ शान्ति उहाँ जहाँ विथितिमा मान्छेहरू मदछन् !

॥५॥

हुन्छ शान्ति मनुष्यका हृदयमा निश्चिन्तता वेशमा
सङ्लो प्रेम हुने खुला अमनका विश्वासका देशमा
[illegible]
टेरेजा अनि बुद्ध, लिंकन तथा गान्धी बनी घुल्दछन् !

॥६॥

साँच्चै शान्ति तराजु हो किनभने अन्याय वा न्यायको
हुन्छ न्याय जहाँ छ शान्ति नर जो अन्यायमा हुन्न त्यो
खोज्ने शान्ति भए तसर्थ जगको अन्याय हटून् परो
आ-आफ्ना परिवेशबाट सबले अन्याय मास्नु परो !

॥७॥

लेख

बनारसी नेपाली समाज

❑ डा. दुर्गाप्रसाद अर्याल

बनारसलाई काशी र वाराणसी पनि भनिन्छ। हिन्दू समाजमा काशीको विशेष महत्व रहेको छ। गङ्गा वा भागीरथीको किनारमा विश्वनाथको मन्दिर सहित अवस्थित [illegible] गरेका दुई स-साना नदीका बीचमा रहेको वाराणसीलाई अभियुक्ति क्षेत्र पनि भनिन्छ। काश्यां मरणान्मुक्ति" काशीमा निधन भए मुक्ति हुन्छ भन्ने हिन्दू आस्तिकहरूको विश्वास अद्यावधि प्रबल रहेको छ। [illegible] "एषां गतिर्विदित तेषां वाराणसी, गतिः" अर्थात् जसको कहीं गति हुँदैन, त्यसको बनारसमा गति वा उपाय हुन्छ भन्ने मान्यता पनि केही मात्रामा प्रचलित भएको पाइन्छ। प्राचीन नगरी, संस्कृत विद्याको केन्द्र, मुक्ति क्षेत्र र महत्वपूर्ण तीर्थस्थलको रूपमा परिचित बनारसको सम्बन्धमा समाज शास्त्रीय दृष्टिकोणबाट विचार गर्दा बनारसी नेपाली समाजलाई महत्वपूर्ण पक्षका रूपमा अध्ययन गर्न सकिन्छ।

बनारसको समुदायमा निहित आपसी [illegible] नेपाली समाजको अस्तित्व आ-आफ्ना सांस्कृतिक मूल्य र मान्यताका आधारमा परापूर्व कालदेखि नै अविच्छिन्न रूपमा कायम हुँदै आएको छ। निश्चित समय, स्थान र समुदायमा आबद्ध कुनै पनि [illegible] किसिमका सांस्कृतिक सम्पदाले भन्दा प्रकार्यात्मक (Functional) क्षमताले जीवन्त रहेको हुन्छ। बनारसी नेपाली समाजको निर्माण आगन्तुक व्यक्ति व्यक्तिका एकाइबाट क्रमशः भएको हो। बहुसांस्कृतिक, बहुधार्मिक र बहुभाषाभाषिक केन्द्रका रूपमा विद्यमान समग्र बनारसी समाजमा नेपालीका मात्रात्मक तथा गुणात्मक दुवै अस्तित्व उतार चढावका साथ रहेको पाइन्छ। नेपाल र बनारसका बीच विद्यमान प्राचीन सम्बन्ध धर्म र शिक्षाबाट नै विकसित हुँदै आएको हो। धर्म प्राण नेपालीहरू पुण्यप्राप्तिका लागि बनारस गएर 'हर काशी' गर्ने परम्परा अनुसार तीर्थाटन र तीर्थवास गर्दै आएका छन्। त्यसै गरी शिक्षाप्राप्तिका लागि पनि कैयौं नेपाली युवाहरू त्यहाँ गएर विद्या आर्जनमा केन्द्रित हुँदै आएका छन्। कालान्तरमा व्यापारिक सम्बन्ध पनि नेपाल र बनारसका बीच विकसित हुँदै गएको पाइन्छ। सर्वप्रथम पुस्तक पात्राका व्यापारबाट विकासित भएका या सम्बन्ध क्रमशः लत्ता कपडा खास गरी बनारसी साडीका व्यापारमा पनि पछडिन हुन गएको पाइन्छ। धार्मिक र पाठ्यक्रमका पुस्तकहरू नेपालमा सर्वैभन्दा पहिले बनारसबाटै आउने गर्थे। यस क्रममा नेपाली व्यापारी र बनारसी व्यापारीका बीच सम्बन्ध विकसित हुँदै गएको पाइन्छ। कतिपय बनारसी मारवाडीहरूले काठमाडौं र पछि राजनीतिक र व्यावसायीक सम्बन्ध पनि नेपाल र बनारसका बीच बढ्दै गएको पाइन्छ। पृथ्वीनारायण शाहका पालादेखि नै नेपाल र बनारसका बीच राजनीतिक सम्बन्ध कायम हुँदै आएको छ। आफ्नो एकीकरणका अभियानमा हतियार जुटाउनका लागि काशी पुगेका पृथ्वीनारायण शाहले तत्कालीन बनारसकालमा बैस राजपूत अभिमान सिंहको छोरी नरेन्द्रलक्ष्मी सहसग विवाह गरेका कुरा बालचन्द्र शर्माले नेपालको ऐतिहासिक रूपरेखामा उल्लेख गरेका छन्। पृथ्वीनारायण शाह पछि आफ्नो जरिब

राजनीतिक परिस्थितमा अरु राजा र प्रधानमन्त्री समेत बनारस गएको इतिहासले पुष्टि गर्दै आएको छ । इष्ट इण्डिया कम्पनीका समयमा २००४ सालभन्दा केही अगाडिबाटै बनारस स्थित नेपाली विद्यार्थीहरूले भारतीय स्वतन्त्रताका लागि यथेष्ट प्रयास गरेको प्रसङ्ग पनि यसै सम्बन्धमा सान्दर्भिक हुन आउँछ । नेपालमा प्रजातन्त्रको स्थापनाका लागि पनि बनारस लामो समयदेखि राजनीतिक कार्य योजनाको स्थल रहेको प्रसङ्ग पनि नेपाल र बनारसका राजनीतिक सम्बन्ध सँग केन्द्रित हुन आउँछ । व्यावसायिक सम्बन्ध भने सबैभन्दा पहिलो सम्बन्ध भएको स्पष्ट हुन्छ । बनारस क्यान्ट (छाउनीमा) गोर्खाली सेनामा भर्ती गर्ने परम्परा बसेपछि तमाम नेपाली युवाहरू हरेक माहिनाका पहिला हप्तामा त्यहा पुगेर प्रतिद्वन्द्विता गर्ने र सेनामा छानिने गर्दछन् । सेनामा भर्ती हुने परम्परा बस्नुभन्दा अगाडि पनि केही उद्योग व्यापार, सरकारी सेवा तथा सेठ महाजनका घरेलु कार्यमा काम धन्दा गरेर आफ्नो व्यवसाय गरेका नेपालीहरू प्रशस्त थिए । यस्ता नेपालीहरूको संख्या कलकत्ता, दिल्ली, कानपुर आदि ठूला ठूला भारतीय शहरमा भन्दा बनारसमा कमै भएको पाइन्छ । यसरी नेपाल र बनारसका बीच लामो समयदेखि बहुमुखी सम्बन्ध कायम हुँदै आएको ऐतिहासिक पृष्ठभूमिमा वर्तमान बनारसी नेपाली समाजको गतिविधि वा दिशा र दशालाई केलाउन सकिन्छ ।

बनारसी नेपालीको समुदाय वा समाजलाई पूर्ण रूपमा स्थायी किसिमको बनारसी समाजसँग अनेक प्रकारले गासिएको स्थायी र अस्थायी दुवै प्रकारको बनारसी नेपाली समाज मान्नु वाञ्छनीय देखिन्छ । वास्तवमा बनारसी नेपाली समाजको स्वरूप गत्यात्मक, परिवर्तनशील, सङ्क्रमणशील र जटिल देखिन्छ । यस प्रकारको समाजलाई भारतीय राज्य व्यवस्था तथा समाज व्यवस्थामा प्रचलित विधि व्यवहारमा समायोजित भएर मौलिक रूपमा सामाजिक दर्जा (Status) कायम गर्न कठिन भए पनि स्वतन्त्र ढङ्गले विकसित हुँदै आएको भारतीय समाजको मूल प्रवाहमा नेपालीको घुलमेल सहजै हुने गरेको कुरा यथार्थ नै हो । नेपालका हिसाबले बनारसमा समाज सिर्फ मात्र होइन धर्म र संस्कृतिले स्वतन्त्र भाषिक सम्पर्कका आधारमा समेत बहुत्वमय देखिन्छ । धार्मिक स्वतन्त्रता र भाषिक विविधता भए पनि बनारस प्रधानरूपमा हिन्दूत्वको वर्चस्व र सर्वोच्च केन्द्र हो । भाषिक बहुलता भए पनि हिन्दीको गढ मानिन्छ बनारस । हिन्दी भाषा र हिन्दू धर्मको केन्द्रीय वा मूल स्थलको रूपमा मान्य भएको बनारसमा दक्षिण भारतका तमिल, तेलगु, कन्नड, मराठी भाषाभाषीका समुदायका लागि नेपालीकाभन्दा ज्यादै कठिन रूपमा घुलमेल हुने र भाषिक व्यवहार पनि कठिनतर हुने गर्दछ । यसो हुनुमा द्रविडेली परिवारको भाषा र आधुनिक आर्य परिवारको भाषा हिन्दीका बीच पाइने फराकिलो अन्तराल नै प्रमुख कारण हो । हिन्दी र नेपालीको निकटता विशेष भएकाले भाषिक सम्पर्क स्थलीय हिसाबले पनि नेपाली समाजका सदस्यका लागि बनारस अनुकूल हुन आउँछ ।

एक प्रकारले भन्ने हो भने बनरसी नेपाली समाज परसंस्कृति ग्रहणका चापमा परेको देखिन्छ । नेपाली हिन्दू र बनारसी हिन्दूको धार्मिक, आध्यात्मिक र दार्शनिक संस्कृतिमा तात्विक भिन्नता नभए पनि भौतिक संस्कृतिमा पर्याप्त भिन्नता भएकाले नै नेपालीहरूलाई त्यहाँ न्यून अधिक रूपमा पर संस्कृतिग्रहणको प्रक्रियामा (Acculturation) अभ्यस्त हुनुपर्ने स्वाभाविकै हो । यही स्वाभाविकता अनुरुप बनारसी नेपालीले आफ्ना भषभूषा आहार विहार आदिमा परिवर्तन गरेको पाइन्छ ।

जसरी समाज समुदाय र त्यसका सदस्यलाई सामाजिक दर्जा (Social status) सधै भरि समाजन रूपले प्राप्त हुन सक्तैन । त्यसैगरी

बनारसी नेपाली समाजको दर्जा वा मान्यता पनि एकनासले स्थापित हुन नसक्नु स्वाभविकै हो । अहिले विद्यमान बनारसी नेपाली समाजका यथार्थ सरपर्कहरूमा अस्तित्वकै क्रममा [illegible] पहिले प्रबल भएर देखा पर्दछ । दिनहुँ नेपाली परने भारतका अनेक ठाउँहरू मध्ये बनारस पनि एउटा ठाउँ मुख्य हो । धार्मिक, शैक्षिक, व्यावसायिक र आजीविकाका प्रयोजनले अल्पकालीन, दीर्घकालीन र आजीवन बनारस रहने नेपालीको अवस्था अनुसार बनारसी नेपाली समाजलाई स्थायी र अस्थायी रूपमा वर्गीकरण गर्न सकिन्छ । अस्थायी बनारसी नेपालीहरूमा विद्यार्थी, व्यावसायिक, व्यापारिकवर्ग अनि आजीविकाका लागि गएका व्यक्तिहरू पर्दछन् । यस्ता वर्गका नेपालीहरू पनि नेपाली समाजसँग सरोकार राखेर त्यहाँ आफ्नो कार्यमा जुटेका हुन्छन् । नेपालीका नाताले तिनीहरूको सम्बन्ध आत्मीय र सार्थक हुन्छ । दिनानुदिन बढ्दै गइरहेको व्यक्तिवादको प्रभाव प्रवाहमा तिनीहरू मध्ये कसै कसैले निरपेक्ष रहेर आफ्नो उद्देश्यको पूर्ति गर्ने ध्याउन्न मात्र लिए पनि तिनीहरूको पहिचान कुनै न कुनै रूपमा नेपालीकै हिसाबले हुने गर्दछ । नेपालीले आफूलाई जतिसुकै छिपाउन र भारतीय अर्थात् बनारसीहरूमा नै समाहित भएर अनेपाली बन्न चाहे पनि भारतीय नागरिकका बीचमा त्यस्तो नेपालीको नेपालीपना छिप्न सक्तैन । ऊ प्रत्यक्ष अप्रत्यक्ष कुनै न कुनै रूपमा नेपाली नै ठहर्छ । सामान्यतया बनारसी समुदायमा नेपाली समुदाय सीमित छ । बनारसको धर्मस्थलको गौरवानुभूति र विशाल हिन्दुस्तानको नागरिकका हैसियतले अनुभव गर्ने स्वाभिमानले गर्दा भारतीय बनारसीहरूमा स्वभावैले गर्वको अनुभव हुने गर्दछ । यस प्रकारको गर्वको चापमा नेपालीहरू पर्दै आएको तथ्यलाई पनि यस अवसरमा बिसंन सकिँदैन । त्यस्तै बनारसमा आफ्ना कार्यक्रमसँग सम्बन्धित व्यक्तिहरूका बीच पनि स्वाभाविक प्रतिद्वन्द्विता रहने हुँदा र कतिपय हिसाबले नेपालीलाई हेपिनुपर्ने अवस्था समेत आउने हुँदा नेपालीहरूले यथावसरमा आफ्नो नेपाली पहिचान छिपाउने गरेको पाइन्छ । एक प्रकारको बनारसी समाजमा पाइने विशेषता मध्ये यथार्थमा अपरिचित नेपाली भएर बस्नु पनि एक हो । हेपिने, ठगिने र आफ्नो कामधन्दामा समेत नराम्रो प्रभाव पर्ने डरले गर्दा कतिपय नेपालीहरूले आफ्नो परिचय स्पष्ट गर्न चाहँदैनन् । स्थायी बनारसी नेपाली समाजको यसै आफ्नै विशेषता छ ।

हरेक समाजमा विभिन्न किसिमको वर्ग हुन्छ । यहाँ बनारसी समाजको लागि त्यहाँको सीमित नेपाली समाज एउटा वर्गको रूपमा आउँछ । बनारसी नेपाली समाजभित्र पनि विभिन्न प्रकारका आन्तरिक वर्गहरू पाइन्छन् । यस प्रकारको आन्तरिक वर्गमा जातीयता, शैक्षिक स्तर, बन्द व्यवसाय, आदिका कारणले मुख्य भेद आएको पाइन्छ । अर्को कुरा लिङ्ग, उमेर, अवस्था, बुद्धि, चेतना, अधिकार, पद, नैतिक बल, सदाचारिता र पारिवारिक हैसियतका साथै सामाजिक स्तर एवं दर्जाजस्ता कुराहरूले पनि बनारसी नेपाली समाजको अन्तर्भेदनमा ठूलो भूमिका खेलेको पाइन्छ ।

वाराणसी अभियुक्ति क्षेत्रभित्र खासगरी वरुण र अस्सी दुई साना नदीका बीचको पञ्चकोशी क्षेत्र भित्र सदाचारी ब्राह्मणको ठूलो प्रतिष्ठा रहेको पाइन्छ । त्यस्तै यस क्षेत्रभित्र रहेर पूरेत्याई गर्ने ब्राह्मणले पनि राम्रो प्रतिष्ठा आर्जन गरेको पाइन्छ । यस्ता प्रतिष्ठित ब्राह्मणहरूमा नेपाली पनि गणनीय नै हुन आउँछन् । विश्वनाथको मन्दिरका पूजारीलाई महान देवदूतका रूपमा मान्ने हिन्दू समाजको प्रबल विश्वास छ । आचार-विचार तथा विद्वताका आधारबाट विश्वनाथ मन्दिरका पूजारीको प्रतिष्ठा र सम्मान भारतभरि रहेको पाइन्छ । त्यतिमात्र होइन विश्वभरिका हिन्दूका लागि काशी विश्वनाथका मन्दिरका पूजारी श्रद्धेय, पूज्य र विश्वासपात्र मानिन्छन् । यस प्रकारका पूजारीका स्तरमा पनि

नेपाली व्यक्ति पुगेर नेपाली समाजको गौरव बढाएका छन् । पौरोहित्य काम गर्ने तमाम नेपाली ब्राह्मणहरूले प्राप्त गरेको प्रतिष्ठाबाट पनि नेपाली समाजलाई [illegible] प्रभाव परेको देखिन्छ । यस प्रकारको व्यवसाय बाहिं स्थायी बनारसी नेपाली समाजमा नै भएको पाइन्छ । वर्ण व्यवस्थामा आधारित बनारसी नेपाली समाजमा बर्णेतर मङ्गोल, राई, लिम्बु, तमाङ, गुरुङ जातिको पनि मिश्रण पाइन्छ । यसप्रकार मिश्रित खस इतर जातिहरू अर्थात् मङ्गोलहरूमा पनि हिन्दू बर्णाश्रमको प्रभाव परेको देखिन्छ । हिन्दूधर्मका विधि विधानमा विश्वास गर्ने मङ्गोल मूलका नेपालीहरू बनारस पुगेर अझ बढी हिन्दू आचरणमा पनिएर देखिन्छन् । बनारसमा बसेर गङ्गास्नान र विश्वनाथ दर्शन गर्ने सुअवसर पाएकोमा आफूलाई सौभाग्यशाली सम्झने नेपालीका लागि हार्दिक रूपमा नै बनारसप्रतिको जुन अनुराग छ त्यसको पिंधमा हिन्दू धर्मको संस्कार पड्निको ठूलो भूमिका छ । त्यतिमात्र होइन 'काश्यां मरणात् मुक्ति' भन्ने मान्यताको अत्यन्त दृढ आत्मविश्वास पनि छ ।

बनारसको पञ्चकोशी अभिमुक्ति क्षेत्रमा मात्र नेपालीहरूको बसाई सीमित छैन । अभियुक्ति क्षेत्र भन्दा बाहिर सारनाथ, नदेसर, पहाडिया गाउं, नगवा, सामनेघाट, मडुवाडिह, रामनगर आदि ठाउंहरूमा पनि नेपालीहरूको स्थायी बस्ती छ । यसरी अभिमुक्ति क्षेत्र बाहिर बस्ने नेपाली पनि धार्मिक महत्व र मुक्तिको कामना भएको पाइन्छ । यसरी तितरबितर भएर रहेका बनारसी नेपालीहरूले घरेलु, सस्थागत र सरकारी सेवा गरेर जीविका चलाएका छन् । यस्ता नेपालीहरूलाई नेपाली माध्यमबाट भाषिक व्यवहार गर्न पनि अनुकूल देखिंदैन । यिनीहरूका छोराछोरीहरू (जो बनारसमा नै जन्मे हुर्केका छन् ।) ले नेपाली भाषाको प्रयोग नै गर्दैनन् । नेपालमा जन्मी हुर्केर यहां गएका पुराना पुस्ताले आफ्ना घर डेरामा नेपालीको माध्यमबाट कुरा गरे पनि बाहिर समाजमा भने आ-आफूमा पनि नेपाली भाषाको प्रयोग गरेको पाइंदैन । नेपाली समाजमा भएको नेपाली पोरोहित्यको यो अवस्थाले गर्दा बनारसका नेपालीहरूबाट घरेलु व्यावहारिक अवस्थादेखि बाहिर सामाजिक अवस्थासम्म नेपाल भाषा लोपमान भइरहेको पाइन्छ । भाषा हराउंदै गएमा जाति र संस्कृतिको पहिचान पनि हराउंदै जाने यथार्थतालाई पनि बिसंन सकिंदैन । प्रवास क्षेत्रमा सामूहिक रूपमा नेपालीहरूको जमघट र व्यवहार नहुनु, निश्चित रूपमा नेपालीको हैसियत भएका व्यक्ति, संस्था या निकायबाट नेपालीका समस्याहरूको समाधान नहुनु, पारस्परिक सम्पर्क, सहयोग र सहभागिताको बोध नहुनु जस्ता कारणले गर्दा बनारसी नेपालीका बीच सामूहिक उद्देश्य र लक्ष्यको पनि निर्धारण भएको पाइंदैन । यस प्रकारको लक्ष्य सामूहिक भलाइको लागि आवश्यक कुरा हो । बनारसी नेपालीमा निश्चित तुल लक्ष्यको सामूहिक लक्ष्यको अभावले गर्दा भाषिक, सांस्कृतिक, जातीय तथा आफ्नो सामाजिक अस्तित्वमा दिनहुं खतरा पुग्न गएको देखिन्छ ।

बनारसी नेपाली समाजका कतिपय पुरोहित, साधु, सङ्गीत, अध्यापक र [illegible] कामधन्दामा जुटेका व्यक्तिहरूका व्यवहार हेर्दा के कुरा स्पष्ट हुन्छ भने नेपालीहरूमा सामाजिक, सांस्कृतिक तथा स्वजातीय चेतनाको पुनर्जागरण आउन र आफ्नो भाषिक व्यवहार समेत कायम हुन महापुरुषको [illegible] । यस प्रसङ्गमा जगन्नाथ गुरागाईले धेरै अगाडिको आफ्नो पद्य, रचना, नम्र बिनंदनमा आह्वान गरेको प्रवासी नेपालीप्रतिको जागरणको स्तरलाई बिसंन सकिंदैन । सो आह्वान यस्तो छ:

> हा ! बनाम, गोरखाली बन्धु इष्ट मित्र हो
> हा ! जवान, बाल, वृद्ध, माननीय, भद्र हो
> लौ हुबेछ आफ्नो जात लौ हुबेछ वंशता
> लौ उठाऊं लौ उठाऊं लौ गरौं सहायता ।

गछु उन्नति भनेर यो कुटुम्ब हौसिदै
आफ्नो देश वंश छाडी मुग्लानमा भास्पदै
होम्मिएछ औंलाभित्र झोस कुना खोपमा
[illegible] बुझिबाट मोकला ।

जगन्नाथ गुरागाईंले उहिले आसाम, [illegible] बसेका नेपालीको दशालाई देखेर लेखेको उक्त काव्यात्मक आशायले अहिलेका बनारसी नेपालीलाई पनि साच्चिकै समेटेको छ । आज नेपाली जाति र वंश बनारसमा मात्र होइन भारतका नरसमुद्रमा सर्वत्र छुरिराखेको छ । [illegible] । बनारसमा गल्ली, घाट मन्दिर, पाठशाला, महाविद्यालय, मठ, धर्मशाला, वृद्धाश्रम, सेठका दोकान, कार्यालय, छात्रवास र आफ्ना निजी घरवासमा दाखन कुनै पनि नेपालीलाई ढुक्कको स्थिति छैन, [illegible] र [illegible] गौरव छैन । यी विभिन्न ठाउंमा छरिएका नेपालीलाई एकै सूत्र र सञ्जालमा आवद्ध गरेर आपसमा आत्मीय भएर आफ्नो र आफ्ना समूहका भविष्यबारे साचाइ गर्ने, भलाई गर्ने, समस्या टार्ने र हरेक कुराको [illegible] गर्ने कुनै संस्था वा संगठन छैन । मौकामा नेपालीले नेपालीलाई नै हेप्ने, खेदो गर्ने, उड्याउने, सताउने र झुक्याउने जस्ता प्रतिकूल व्यवहार गर्न पाएमा कहीं पुराना र दह्रा खुट्टा गराइ बनारस बसेका नेपालीका लागि ठूलो पुरुषार्थ गरेको [illegible] गर्ने कडु यथार्थतालाई पनि यहांनेर [illegible] मिल्दैन । नेपाली भाषा साहित्यको उन्नयनका निम्ति त अहिलको बनारसी नेपाली समाज 'किं कर्तव्य विमूढ' भएका छ, शिथिल र दिशा विहीन छ ।

[illegible], आदर्श, सुन्दर भविष्य, सुनौला सपना र सुखद जीवनका कामना लिएर बनारस पुगेका तमाम नेपालीहरूमा विद्यमान व्यवहार, साचाइ र दृष्टिकोणले नेपाल र नेपालीलाई उपयोगी पाठ सिकाउला भनेर ढुक्क हुने स्थिति नेभिदैन । जति पनि जीवनका उत्तरार्धमा त्यहां पुगेका नेपालीहरू छन् ती सबै गतिहीन र थकित दाखन्छन् । अन्य कतिपय शैक्षिक प्रयोजनले बसेका शिशुकक्षादेखि विद्यावारिधिसम्मका विद्यार्थीहरू नै नेपाल र नेपालीका लागि आशा उज्याला जेथा हुन् । ती नेपाली जायजेथाबाट अलीतमा हाम्रो नेपाली समाज र सिङ्गो राष्ट्रले धेरै पाएको छ र राष्ट्र निर्माणका लागि चाहिने महत्वपूर्ण बौद्धिक औजार पनि प्राप्त गरेको हो । वर्तमानमा पनि यस्तै औजार खिएरै खेर जाला भनेर निराश हुने पर्ने स्थिति त छैन, तर भविष्य भने निःसन्देह र उज्ज्वल देखिंदैन । स्थानान्तरण वा सरुवा हुंदै गइरहेको बनारसका विद्याको केन्द्रीयताले यस कुरालाई सहज रूपमा नै पुष्टि गर्दछ । महानदीको मूलप्रवाह सूके पनि चक्रकै पानी सुक्तैन । हिंड नभए पनि हिंड बढिको टालो त हो नि भनेजस्तै पहिले झैं आकर्षण नभए पनि बनारसमा नेपालीको आवागमन, कल्पवास वा बुभुक्षुको निर्वासन चली नै रहेको छ । यो प्रक्रिया समाप्त होला भन्ने आशङ्का गर्न सकिंदैन । शैक्षिक व्यवहार पनि नेपालीहरूका लागि न्यून भए पनि बन्द हुन सक्तैन । यति हुंदाहुंदै पनि वर्तमान नेपाली समाज धेरै पक्षमा शिथिल, सीमित र निष्क्रिय देखिन्छ ।

शैक्षिक प्रयोजन बाहेक अन्य परेत्याई, जागीर, घरजम, सन्यास, प्रकाशन, पुस्तक पात्रको बिक्री विवरण, मुक्ति कामना आदि गरेर बसेका बनारसी नेपालीलाई देख्दा तिनीहरूको सम्बन्ध र आदर्श व्यवहारको सञ्जाललाई आफ्नै अकर्मण्यता र उदासीनताले चुट्चुट् चुंडालिरहेको अनुभव हुन्छ । यस प्रकारको वर्तमान बनारसी नेपाली समाजका चर्चाका प्रसङ्गमा सन् १८८७ मा बनारसका अस्सीघाट भदौनी नेपाली कोठी मकान नं. बी २/२६१ खरिद गरी बसेका राणा परिवार को अवस्था र अभिव्यक्तिको उल्लेख गर्नु आवश्यक देखिन्छ ।

नेपालमा सत्ताका दाउपेचले गर्दा जब रणोद्दीप सिंहको हत्या भयो, तब जङ्गबहादुर राणाका

छोराहरू भयभीत भएर 'किंकर्तव्य विमूढ' भए । यस्तो स्थितिमा जङ्गबहादुरका दुई भाइ छोरा रणवीर जङ्ग र पद्मजङ्ग भारततिर लागे । रणवीर जङ्गले उपेन्द्र वीर विक्रम शाहदेवको घर किनेर भदौनी बनारसमा बस । उनका भाइ पद्मजङ्ग भने इलाहबादमा गएर बसे । आज रणवीर जङ्ग राणाका चौथो पुस्ताका व्यक्ति गोपाल जङ्ग राणाका छोराहरूको हातमा उक्त नेपाली कोठी रहेको छ । अहिले गोपालजङ्ग राणाका पाँच भाइ छोरा मध्ये काहिला र कान्छा बनारसमा नै बसेका छन् । अरु तीन भाइ विभिन्न व्यवसाय गरेर भारतका विभिन्न ठाउँमा बसेका छन । काहिला र कान्छा आमासित आफ्नै घरमा बसेका छन् तापनि तिनीहरूलाई आत्मसन्तोष भने पटक्कै छैन । उनीहरूले क भन्छन् भने अब हामीहरूलाई बनारसमा बस्न गाह्रो भयो । यहाँ हामो इज्जत, प्रतिष्ठा मान-मर्यादा केही पनि छैन । हामीलाई धेरै नै हेप्न थाले । सबैभन्दा ठूलो कुरा आफ्नो समाज र संस्कृति रहेछ । अहिले यहाँ हामो न समाज छ न संस्कृति छ । पाहुल भट्घाट गर्न आउन बस्न गरेका नेपालीहरू पनि अब यहाँ कोही छैनन् । केही आउँदैनन् । हामी साढे एकला भएका छौं । डेरा गरेर हामो घरमा बसेका डेरावालले पनि कोठा छाड्न मान्दैनन् । हामीलाई घर बिक्री गर्न पान बड़ा मुश्किल भएका छ । हामो भान्जी विवाह गर्ने बनारसी कृष्णमोहन भाटियाले ठूलो विश्वासघात गरेर हामीलाई ज्यादै अप्ठयारो पारेका छन् । त्यसैले पनि हामीलाई आफ्नै मुलुकमा कति बेला फर्कौं जस्तो भएको छ भन्ने उनीहरूको गुनासो छ । गोपाल जङ्ग शाहले बैङ्कको ऋण तिर्न नसकेर आफ्नो घर लिलाम हुने स्थितिमा पुग्दा त्यो घर भान्जी ज्वाई कृष्णमोहन भाटियाको नाममा लजमा राखेका रहेछन् । अहिले त्यसैको आधारमा भाटियाले भदौनीको सा नेपालीकाठालाई आफ्नो भगेर दावी गरिरहेका छन् । यसरी अनेक समस्याले घिरेलिएका यी राणाहरू नेपालमा फर्कन चाहन्छन् । यसबाटे स्वतन्त्र अस्तित्व कायम गरेर, आफ्नो पछ्यौली हैसियत कायम गरेर सांस्कृतिक र सामाजिक सम्बन्ध जोडेर बनारसमा बस्न गाह्रो हुन्छ भन्ने स्पष्ट हुन्छ । अहिले घरजम गरेर बसेका तमाम नेपालीहरूलाई यस्तै अनुभव भएको सहज रूपमा अनुमान गर्न सकिन्छ ।

परम्परामा आधारित आफ्नो जैविक, समाजिक, भौतिक र सांस्कृतिक अस्तित्वका लागि देश देशान्तरको भ्रमण गर्ने नयाँ नयाँ किसिमको जीवनको बाटो अंगाल्ने गर्दछ । आफ्नो परिवेशबाट टाढा पुगेको हुन्छ । त्यसमा पनि उनलाई जमिन, सुख शान्ति र उद्देश्यपूर्ति भएर भने पुनः प्रत्यावर्तन हुने कुरा पनि स्वाभाविक प्रक्रिया भएकाले बनारसी नेपालीलाई त्यस्तो अवस्था आउनु स्वाभाविकै हो । संक्षेपमा बनारसी नेपाली समाज बृहत्तर भारतीय समाजमा विलयमाग भइरहेको छ । सांस्कृतिक चेतना र समाजिक दर्जाका आधारमा पनि सङ्टापन्न बनिरहेको छ ।

सन्दर्भ ग्रन्थसूची र व्यक्ति

१) क्रनिकल "इयर बुक" २००२ भारत, २००२ जनवरी ।

२) जगन्नाथ गुरागाईं नम्रनिवेदन वाराणसी २०२७ ।

३) तुण्डिराज भण्डारी "नेपालको आलोचनात्मक इतिहास" वाराणसी २०२७ ।

४) बालचन्द्र शर्मा "नेपालको ऐतिहासिक रूपरेखा" वाराणसी २०४२ ।

५) रघुवीर सहाय "समाज दर्शन के भूमिका" वाराणसी सन् १९८२ ।

६) शरद जङ्ग र पौरुषजङ्ग राणा भदौनी वाराणसी

७) बालचन्द्र शर्मा- "नेपालको ऐतिहासिक रूपरेखा" (८ औं संस्करण) कृष्णकुमारी देवी दूधविनायक वाराणसी २०४२ पृ. २१७ ।

***

लेख

जय गुरू

□ शङ्कर शाह

अस्सी लाग्यो त्यस बखत मलाई "मैचा" कथा लेख्ने नगेन्द्रराज शर्मा को हुन् भनेर सवाल गरिएको थियो । जवाफ सजिलै थियो- "अभिव्यक्ति" साहित्यिक पत्रिकाका सम्पादक । "के उनी कथा लेख्छन् ?" अर्को आश्चर्य । "कथाहरू बेचौकुण पेको मात्र होइनन्, यसा यथा सफल उपन्यासहरू पनि लेखेका छन् " मेरो उत्तर थियो ।

"रूपरेखा" साहित्यिक पत्रिकाको "पूर्णाङ्क"- ७९ वैशाख/जेठ २०६१ सालको अङ्कमा "मैचा" कथाबारेको मेरो विवेचना छापिएपछि मलाई साहित्यमा अभिरुची राख्ने चिनेजानेकाहरूले उहाँबारे प्रश्न उठाएका थिए । कतिले त "गोरखापत्र" "The Rising Nepal" "कान्तिपुर" "The Kathmandu Post" आदि समाचारपत्रहरूमा पढ्न पाइने लेखहरूका रचयिता नगेन्द्र शर्मा नै उहाँ हुन् भनेर सम्झेका थिए । दुवैका नाम नगेन्द्र मिले पनि उहाँहरूमा भने निकै भिन्नता छ आपसमा । साहित्यिक विद्यालयहरू समेत एकजना [illegible] । [illegible] नगेन्द्र चाहिँ ढुङ्गाना थरका हुन् भने रामेछापको मन्थलीमा जन्मिने नगेन्द्र चाहिँ घिमिरे थरका हुन् र नामको पछाडि राज पनि सज्जित भएको छ । ढुङ्गाना थरका नगेन्द्र मूलत निबन्धकार एवं साहित्य जगत्मा निबन्धको क्षेत्रमा प्रसिद्धि पाएको व्यक्ति नाम हो नगेन्द्र शर्मा । घिमिरे थरका नगेन्द्र आफ्नो समनामधारी भन्दा छ/सात वर्ष कान्छा र "अभिव्यक्ति" साहित्यिक पत्रिकाका सम्पादक भनी सबैले चिनेका । उहाँको साहित्यिक विधा - बुकथा तथा उपन्यासमा प्रसिद्धि पाई [illegible] क्षेत्रमा ख्यातिप्राप्त भएको मानिन्छ । उहाँद्वारा लिखित साहित्य पुस्तकको आकारमा:

उपन्यास - १ "महापुरुष" - वि.सं. २०४८
२ "दिवास्वप्न" - वि.सं. २०२९

कथा संग्रह - १ "पिपलको गोडमुनि" - वि.सं. २०३९
४ "एकान्तका आफन्तहरू" - वि.सं. २०४५

[illegible] उपन्यास पुनः पढ्न पाइनुपर्छ कि भनेर कोशिस गरेको हुँ तर उपलब्ध हुन सकेन । साहित्यकार विद्वान् अन्वेषक शिव रेग्मीले "अभिव्यक्ति" का पूर्णाङ्क ११९ असार २०६१ को "पुरानो पातो" मा आफ्नो खोजपूर्ण लेखमा दिनुभएको "महापुरुष" उपन्यासको सारांशमा नै [illegible] । कुनै दलबन्दीमा नलागी साहित्य साधनारत स्वाभिमानी साहित्यकारहरूको जीवित अवस्थामा नै यो हाल छ भने मृत्यु पश्चात् उहाँहरूका कृतिहरूको दशा के होला ? के साहित्यकारहरूले चर्चामा आइरहन साहित्य सेवा छाडी पत्रकारितातर्फ ढल्कनु पर्ने हो कि ? त्यसो त जिउँदै अवस्थामा नै अनेक विशेषणहरू जोडेर महान् बनाइएका कवि तथा साहित्यकारहरू पनि नभएका हाइनन् । कसैलाई प्रजातन्त्रवादी जमातले उचालिदिएका छन । भने कुनैलाई प्रगतिशील समूहले उठाइदिएका छन । कोहीलाई आफ्नै गुटबन्दीले होहल्ला गरेर आ-आफ्नो नाममा कविताहरूको सगालोको एउटा मात्र किताब निकालेर, ३५ वर्षपछि कविता लेख्न छाडेका भए पनि अझै चर्चामा आइनै रहेका छन् कविका रूपमा । बढ्ता कवितावाट साहित्यिक चोरी गरिएको भनी वरिष्ठ विद्वान समालोचक ईश्वर बरालबाट प्रमाणसहित बान लागे पनि त्यस्तै साहित्यिक चोरीको दोषारोपण लाग पनि, [illegible] । हल्लाखल्लाको भरमा नै माथि उचाइमा पुऱ्याइएपछि तल झार्ने कै भएन आफन्तहरूलाई । पुरस्कार तथा

सम्मान पनि दिलाइरहेका छन् उनीहरूलाई। व्यक्तिको [illegible] पनि थाहा होला, पेरुमा भएका बातहरू अरुलाई थाहा हुने पनि कुरो भएन।

प्रसिद्ध समालोचक तथा साहित्यकार प्रा. रमेश गोर्खालीले आफ्नो भूमिका शुरुआत गर्नुभएका पङ्क्तिहरू नै मन पर्यो मलाई। सोहीलाई टिपेको छु। "[illegible] र [illegible] मुडुमा सुरक्षित रहेका आधुनिक नेपाली आख्यानकारहरू बीच नरेन्द्रराज शर्मा एक हुन्" भन्न त भनियो, लेखियो पनि। तर पाठकहरूका मुटुकामाझ रहे पनि समालोचकहरूको एकतर्फी दृष्टिकोण - कुनै [illegible], [illegible], [illegible] एकोहोरोपन आदिबाट चर्चामा नपरेकाले नरेन्द्रराज शर्मा बेवास्ता गरिएको एक हराइसकेको नाम जस्तो लाग्यो मलाई।

हुनत हाम्रो मुलुक नेपाललाई बुद्ध जन्मेको देश भनिन्छ, [illegible] मन्दिरको देश भनिन्छ। तर मन्दिरहरूमै फोहर गरिन्छ। भन्न त वीरहरूको देश भनिन्छ, सगरमाथाको देश भनिन्छ, पर्वतारोहीहरूको देश भनिन्छ आदि आदि। के खास गरिएको छ त राज्यबाट ? साहित्यमा [illegible] पाएका छैनन् पर्वतारोहीले पर्वतारोही भरिया मारि भएको शोषणबारे लेखिएको "आरोहण-अवरोहण" कथा नै नेपाली कथा साहित्यमा पोखिने अवसर पाएको पहिलो पटक हो या भनौं किटान गरेका छन् प्रसिद्ध समीक्षक कथाकार एवं पत्रकार [illegible] तेजीप्रसाद सुवेदीले। त्यसो त महान उपन्यासकार दौतलविक्रम विष्टको पर्वतारोहण सम्बन्धी उपन्यास "हिमाल र मान्छे" वि.सं. २०४५ मा प्रकाशित भइसकेको छ। त्यस उपन्यासमा आफ्नो चुनिएको पात्रलाई वातावरण अनुकूल बनाई माथि उठाइएको छ। अपाङ्ग भए पनि नायक बनाइएको छ। सगरमाथा आरोहणको संयुक्त टोलीमा जापानियाँ, जर्मनियाँ, स्वीस, सबै पर्वतारोहीहरूलाई उछिन्ने र सगरमाथाको चुचुरोमा पहिला पुग्न वीर बनाइएको छ। राम्रो पक्षको मात्र वर्णन गरिएको छ। त्यहाँ आफ्नो जीविका निर्वाह गर्न धौधौ भएका गरीब भरियाहरूको मार्मिक दर्द व्यक्त्याइको छैन। त्यसमा निमुखा निर्धाहरू ठगिएको बयान पनि छैन र जय अर्कै देङ्ले लिएको बयान पनि छैन।

हिमाल आरोहण सम्बन्धी प्रसङ्गमा सफलता पाएका घटनाको सुमनाहर विषय कवल मुखाको साथ सुन्न पाइन्छ। तर यो कथामा भने पर्वतारोहणमा जाँदा प्रतिकूल मौसम अर्द दुर्घटनाबाट [illegible] पीडित पर्वतारोही भरियाहरूप्रति भएको शोषणलाई उधारिएको छ। टाँसी लेप्चे हिमाल आरोहण गर्न आएका विदेशी साहेबहरूका भारया भएर यिनीहरू बेसक्याम्पमा गएका थिए। हिमपातले चार दिनसम्म [illegible] खाएकोले हेलिकप्टरद्वारा काठमाडौं अस्पतालमा उपचार गर्दा थरवालाहरूलाई तसोधिकन औंलाहरू काटिए। यिनीहरूले पाने आफूहरू डुड भइसकेपछि मात्र चाल पाए। यस्तो कहालीलाग्दो मर्मस्पर्शी व्यथा। यिनै विवश बेसहारा दुखीहारीहरूलाई टाँसिलिई तामाङ जस्तो ठेकदार, सरदारले ठगेको दुर्दशाको गाथा।

"अजब नपाल, गजब कश्मार" भन झैं विचित्र छ यहाँको चलन। यहाँको शासन प्रणाली, हिमालका चुचुराहरू नेपालका हिमाल चढन आउने विदेशी गोरा साहेबहरू, यूरोप अमेरिका, न्यूजिल्याण्ड, अष्ट्रेलिया आदिबाट आउँछन्। साहेबहरूका भारी बाक्न भारयाहरू नपालाहरू हुन्छन् तर चाजापाजा मिलाउने ठेकेदार भने अर्कै विदेशी हिन्दुस्तानीयाँ। पर्वतारोहण सम्बन्धी संस्थाहरू प्रसस्त खुलेका छन यहाँ। खास फरक के भएको छ त ? नेपालीहरू ठेकेदारी चलाउन सक्दैनन् कि ? या पाउँदैनन् ? अदना गरीब नेपाली भरियाहरूका हितका निम्ति आवाज उठाउने कै को त ?

मूल्य विघटनका कथाहरू नै हुन यस सङ्कलन भित्रका कथाहरू। आफ्नो समयमा देखापरेका ज्वलन्त व्यङ्ग्यात्मक पाराले प्रस्तुत गर्न प्रयास गरेको "मेरो भन्नु" मा कथाकार स्वयम्ले व्यक्तगर्नु भएको छ। कथाहरू पढ्दा राम्रो लागेर सत्य नै हो कि जस्तो लाग्दछ। यस्तो पनि हुन्छ र भन्ने आभासले तड्पाउँछ

हृदयलाई । अन्तःस्करण हुन्छन् आँखा रसाउँदै । अन्तःकरणलाई पखाल्ने मनलाई स्पर्श गर्ने त बोधगम्य कविता र गीतले पो । कविता कै असर दिन्छन् "मैचाँ" र "आरोहण -अवरोहण" कथाहरूले यसरी नै । द्रवीभूत बनाउछन् चस्स पारेर । यो त कथामा कविता हुन् । अनि दुवैका कथावस्तुले विशेष घटनाको उद्घाटन, कुनै चरित्रको चित्रण, परिस्थितिले गाजिएको वातावरण आदिमा मात्र सीमित नभएर यसले पूरक दायरा समेत अर्थान्तर गरेको छ- त्यो हो व्यङ्ग्य र आलोचना । लेखकले आफ्नो भनाइ प्रकट नगरिकन नै दिमाग मथ्ने पाराले व्यङ्ग्य प्रहार गर्छन् अनि आलोचना गर्छन् । यसरी सीधा आकर्षक ढङ्गले तारतम्य मिलाएर आलोचना गर्न सक्नु उहाँको कथाकारिताको खुबी हो ।

यसै कथाहरू उपरा उच्च जरेका भनी महसस भए पनि उहाँको कथा शिल्पलाई कुनै विशेषण सहित जोड्न तथा दाज्न रुचाउँदिन । कथाको अन्ताशयको मर्म बुझेपछि आफूलाई भित्र अनुभूत भएका समझबाट नै खुलस्त हुन्छ भन्ने ठानेको छु । यो त पाठकहरूले पनि आफ्नो कुनै अनुसार मन र मगजभित्र अनुभव गर्ने भावको कुरा हो । जसलाई शब्दमा बयान गर्न सकिँदैन । उदाहरणका लागि यो कथा कति जीवन्त छ भन्ने कथनको पुष्टि गर्न कहा हरफहरू उद्धृत गर्न चाहन्छु । यी हरफहरू आफै बोल्छन् ।

१) उत्तरपट्टिको ढोकाबाट अचानक एउटी राम्री नर्स भित्र पसी र बेड नं. ३१७ को बिरामीलाई सोधी- "निद्रा पऱ्यो दाजु ?"
"कहा निद्रा पर्नु ? रातिभरि तपाईलाई नै सम्झिरहें पटक्कै निद्रा परेन ..... ।"
"नकराऊ असती डुँडे" नर्सले बिरामीको ठट्टा मन परे तापनि मन नपरेजस्तो गरी आँखा तरी ।
"हात खुट्टा काटे पनि मुटु फाट्या छैन- रातभरी ढुक ढुक गरिरहन्छ हिँ... हिँ... हिँ... ।" ऊ हाँस्यो ।

नं. ३१७ नम्बरको बिरामी लाले अरु उसका साथी उत्तरे, माने हारेका घाइते सिपाहीहरू बीच ऊ नै थियो जिउडाल लायकको । फरासिलो, हिम्मी परेको अलि सदृढ हारेको नायक । हारको देखाउन नचाहने लाले । तर के गर्नु ? बिवश, बेसहारा आफ्नो जीविकाको निम्ति पनि गर्न परेको अपालिन दुःखाइ भए पनि प्राण नसिद्धिउन्जेल बाँच्ने पर्ने बाध्यता । सहने पर्ने विवशता । यस्तो लाचार जिन्दगीको दुःखबाट आफैलाई के यो छल्ने प्रयास हो कि त ? कति यथार्थ तवरमा चित्रित भएको छ यसको अर्को उदाहरण नै पाउँदिन ।

२) उत्तरे बबराउँथ्यो, -"दशा लागेपछि काँबाट हुन्थ्यो ..... ! कुन गरेको पेला न कोरी काम लाग्दो रहेनछ - त्यो राँडी (स्याम्नी) पनि पोइल गई अरे ..... ।"
माने बबराउँथ्यो, - "अब अस्पतालबाट निकालिदियो भने कां जानु ? घर के जानु ? यसलै गरेर खाए पाउँदैन, यर्हि जेसकाम्मा मै भुतुक्क मर्न पा 'भा' नि हुने .....।"
लाले बबराउँथ्यो, - "चौताले बिडीसम्म खाने यी दोटा औंला अलिक लामा राखिदियाथे .... तर बिडी पनि कमाउन नसक्ने भो ... धुक्क पिरपरी ...।"

उत्तरे माने, लाले खुस्याहाहरूका बबराइबाट मुटु कुनकुनाउने गर्न भएको पालिकाको भित्र कसे नदुखा फाटेर । यी बबराई जति पटक पढे पनि आफ्नो त आँसु नै छचलिन्छ कता कता भित्रैदेखि पिरोलिएर ..... "धुक्क जिन्दगी" सम्झेर ।

सन्दर्भसूची

"साहित्यकार परिचय र अभिव्यक्ति" - जयदेव भट्टराई
"नेपाली लेखक कोष" - घटराज भट्टराई

"आशियाना" रङ्गचोक, २२२/४७ गल्कोपाखा मार्ग, ठमेल
– फोन ४-४११९०३

***

कविता

उन्मत्त हात्ती

❑ नारायण गोदारे

हात्तीले आफ्नो धर्म छोडेपछि
यसलाई पाल्ने यो पुग्न होइन
केही समय अगाडि घैलाडुब्बा झोडा र चारकोसे
झाडीका बस्ती मास्यो
त्यसपछि इकराही र गोदारमा मान्छे माऱ्यो ।
गाईघाट र खोंजमा उत्पात मच्चायो
यसले जेमन्तालीला देखायो
जङ्गलदेखि गाउँ बस्तीसम्म रैदालो मच्चायो
जतातै रगसम्राज चलायो
यस्तालाई देशले ठूलो लगानी गरेर
पाल्नु हुँदैन
जसले थाल्यो उसैको बिल्लिबाँठ उठायो
त्रासदी मच्चाउने हात्तीलाई
राख्न हुँदैन
हिजो अस्ति होटल रेष्टुरांमा
विध्वंस मच्चायो
यसको छाबा अत्यन्तै बेमान छ
निरङ्कुशता पूर्वक बढ्नादरहेछ
मैमत भएर गाउँ बस्ती उजाडिरहेछ
स्वस्थ हरण गरेर जहदम मच्चाइरहेछ
यस्ता अधमलाई राष्ट्रियकोषबाट पाल्न हुँदैन ।
हात्तीसारबाट मात्रै होइन
अब,
सौराहा, बर्दियाका राष्ट्रियकुञ्ज र
चितवनलानाबाट पनि बजरिडे खाएर
देशनिकाला गर्नुपर्छ ।
नारायण र गणेशको दूत यो हुँदै होइन ।
अब हामी राख्न हुँदैन ।
यसलाई किमार्थ पाल्नै सकिँदैन ।

***

लघुकथा

समयको महत्व

❑ सक्षु थापा

सहरको एउटा चर्चित विद्यालय जहा आज अभिभावक दिवस सचालन हुदैन । विद्यालय प्राङ्गण अभिभावक र विद्यार्थीहरूले खचाखच भरि एकां छ । खेलकुद, शैक्षिक तथा विविध क्षेत्रमा सर्वोत्कृष्ट हुने छात्रछात्रालाई पुरस्कृत गर्ने कार्यक्रम बाहेक विद्यार्थीहरूवाटै विविध सांस्कृतिक कार्यक्रम सन्चालन गर्न तयारी रहेका छ । अरु छात्रछात्राहरू कार्यक्रम हेर्न त्यतिकै उत्सुकताका साथ [illegible] । [illegible] अभिभावकहरू आफ्ना बच्चाहरूको नतिजा तथा अतिरिक्त क्रियाकलापमा पूरा गर्नुपर्ने भूमिकाको बारेमा जानकारी पाउन उत्सुक रहेका देखिन्थे । सहरको चर्चित विद्यालय भएकाले प्रमुख अतिथिमा शिक्षामन्त्री नै तुरुतुरोरहेछ ।

तोकिएको समयभन्दा एकघण्टापछि मात्र प्रमुख अतिथिको आगमन हुन्छ । कार्यक्रम समुद्घाटन हुन्छ । एउटा सानो मन्तव्य पनि दिनु हुन्छ । "विद्यार्थी भाइबहिनी हो समयको ज्यादै महत्व हुन्छ, तपाईहरूले आजको समयलाई ख्याल राखी मिहेनत गरेर धरै पढ्नुपर्छ । र, देशको महान् व्यक्ति बन्नु पर्दछ ।"

यतिकैमा एक विद्यार्थीले सवाल उठाउँछ, "माननीय मन्त्रीज्यू ! समयको महत्व हामी विद्यार्थीहरूका लागि मात्र हो कि अरूका लागि पनि । [illegible] एकछिन [illegible] र [illegible] हो-हल्लामय ।

मन्त्रीज्यू [illegible] गोदन हुन्छ ।

- चरखण्डी, भक्तपुर

समीक्षा

'नखोज आँसु बर्साउन'को भावुक प्रणयवाद

❑ रमेश गोर्खाली

आधुनिक नेपाली साहित्याकाशमा उज्ज्वल जी.सी. चम्किलो नाउँ हो । प्रथमतः कवि रहे पनि यिनी गजलकारितामा चर्चित र स्थापित छन् । नेपाली साहित्यमा इतिहास भएको काव्यादर्श र विधा हो - गजल । विक्रमीय सातौं दशकमा साधनारत कतिपय प्रतिभाशाली सर्जक दृष्टिगत भएको छन् - उज्ज्वललाई काव्यप्रेमी गजलकारको रुपमा आत्मसात् गर्न सकिन्छ । जिजीविषा,संघर्ष र आयाम मध्ये थाक रहेका मानवीय जीवनको आफ्नो अपकर्ष र उत्कर्ष छ । फरक के छ भने जीवनको आरोह र अवरोहलाई प्रत्येकले कुन रुपमा बेहोर्दछ । फराक थलो र समस्यितिहरुको खोज मान्छेको युगीन आवश्यकता हो । विश्व जीवनमा प्रत्येक मान्छेका आफ्ना गुनासा र जिज्ञासा छन् जो प्रत्येकबाट पृथक छ ।

जनजीवनमा देखिने कुनै पनि प्रेमी वा प्रेमासक्त नागरिक समाजका सदस्य हुन् । रसिक, प्रेमाहत र प्रेमानुरागीभन्दा कतिपय व्यक्तिले हल्का ढंगमा नियाल्न सक्छन् । नबिसौं- विश्वको सर्वाधिक गूढ,रहस्यमय,गहिरो र सर्वानिवार्य विषय प्रेम र प्रेमाभिलाषा हो । प्रेमयाचना र प्रेमको पूजा मानवीय जीवनको अत्यधिक अनिर्वचनीय सन्दर्भ हो । सर्जकले गजलका प्रणयात्मक वस्तुवादमा जीवनको नवआयामलाई गहनताले जाँचेर तौलेकाले कृतिमा यिनको कथ्य,विचार, आस्था र चिन्तन विवेचनीय छ । चौथो दशकको मध्यकालमा पुनर्जागृत गजलकारिताले कालक्रममा व्यापकरुपमा नेपाली साहित्यमा विभिन्न विषयवस्तुलाई समेटेको छ । प्रणयात्मक संवाद र शृङ्गारिक चेतनाको रुपमा गजलको प्रारम्भिक सिर्जनात्मक प्रस्थापना यसको 'आदि जन्मभूमि' अरब र फारसमा भएको मानिन्छ ।

युवा र युवतीको यौवनकालीन वासन्तिक वार्ता यस्ता समयान्तरमा जीवनको वैविध्यलाई गजलमा अंगीकार गरियो । प्रेमाकांक्षी भई मानवीय जीवनको दुर्बलता र विशेषतालाई आफ्नो सिर्जनामा ठिक रुपमा उतार्न सर्जक सफल छन् । लाग्दछ- यिनी स्वयं 'नखोज आँसु बर्साउन' गजल संग्रहका विरुद्ध ऐसी नायक हुन् र व्यवहारनिष्ठ बाठी प्रेमिकाले यिनलाई धोखा दिएको रहेछ । अन्तर्राष्ट्रिय प्राज्ञिक जगतका प्रसिद्ध स्रष्टा हरिवंश राय बच्चनको 'मधुशाला' (सन् १९३५) समतुल्य अन्य अमर कृति रचियो कि भन्ने संचेतना प्रादुर्भूत हुनु यसको सार्थक पक्ष हो । आधुनिक नेपाली साहित्यका प्रातःस्मरणीय प्रखर समालोचक डा.वामदेव पहाडीको शुभेच्छायुक्त भूमिका प्राप्तिले कृतिको उचाइ आफैं बढेको छ । सामान्यतया विह्वल प्रेमोपासकको उपालंभ र [illegible] सामे [illegible] र विश्वको जीवनसूचक अनेकतालाई आफ्नो गजलमा प्रस्तुत गर्न उज्ज्वल समर्थ छन् ।

भन्न सकिन्छ - प्रेम प्रणय के हो र प्रेम कसरी गरिन्छ त्यसलाई गजलकारले बुझेका छन् र [illegible] उदाउन खोज्दछ । हामीले जीवनमा धेरै थोक चाहेका र खोजेका हुन्छौं तर प्रतिफल इच्छित हुँदैन । वस्तुतः मृगतृष्णा जस्तो भुलभुलैया र विसङ्गतिको भासमा जीवन केन्द्रित छ । सुखद [illegible] आकण्ठ डुब्नु प्रत्येकको जन्मसिद्ध प्राकृतिक

अधिकार हो । कैयनपल्ट पारस्परिक प्रेमयाचना सफल हुँदैन । प्रेमले एकलकांठे स्वरुप धारण गर्नु र नितान्त वैयक्तिक हुनु सर्वाधिक डरलाग्दो कुरा हो । सर्जकको गजलीय मनोव्यथा अर्थात् वस्तु विधानले प्रेमाभिव्यक्तिमा कुन कुन तत्व र तथ्य बाधक छन् र स्वप्नदर्शी नायक (सर्जक) किन प्रमपथमा ठगिएका हुन् त्यस रहस्यलाई खोल्दछ ।

आख्यानपुरुष ध्रुवचन्द्र गौतमको औपन्यासिक कृति 'दुविधा'को एक ठाउँमा रोडपति र करोडपति दुई प्रेमीबीच नायिकाले पछिल्लोलाई वरण गरेको परिदृश्यमाँ उज्ज्वलका काव्यिक प्रेयसी पनि व्यावहारिक कुटिल युवती हुन् - जसले गर्दा प्रेमीको जीवनमा अकल्पनीय दुर्घटना घट्यो । यिनका जीवनको उत्थान बैठानयुक्त गजल यस रुपमा प्रष्टिन्छन् -

'नसोध हालखबर यो उज्ज्वललाई रुवाउन
परका छु म मित्रजनका गाहरा घातमा आज'
(कम-६)

'यहा । कति मीठा लाग्छन् तिमा ती गालाहरु
लेखेर भरिदैनन् हृदयका पानाहरु'
(कम-७)

'किन आउँछयौ तसाउन यो रातमा
नखोज आँसु बसाउन यो रातमा'
(कम-९)

'झूठो प्रेमको जालमा अचानक फँसें म
मायालुको काखमा लाजै नमानी बसें म'
(कम-२०)

गजलको शेरका विभिन्न मिसरा,मत्ला र मक्तामा प्रधानोत्पादक आत्मबोध र युगबोध छ । सर्जकको निजानुभूति परिभाषित हुने नायक अनेक सपना विपना र जीवनशैली भएका सजग नागरिक हुन् । समाज जस्तो कि हुन्छ - विभिन्न धर्म,जाति,सम्प्रदाय,क्षेत्र,वर्ग,संस्कृति र स्वार्थका गुच्चा रोकेको पाञ्चेलाको मसपिङगल स्वरुप हो । स्वयं आफू संसिप्त स्वार्थ नभई समाज गतिशील हुँदैन । जसलाई हामी 'पारिस्थितिकी' भन्छौं - त्यो बहुपक्षीय अन्तर्क्रिया र द्वन्दको जोडघटाउ हो । त्यसैले निकटस्थ र प्रियजन समेत स्वार्थी चर्खाको भीड मात्र हो । नायकको जन्तोलुकै गुनासा भए पनि समाजका ठूलाठालुले त्यसमा ध्यान दिँदैन । पश्चिन्ता र परितापको पराकाष्ठामा पनि कसैले यिनलाई वास्ता गर्दैनन् । प्रायःगरी विकासोन्मुख देशका धेरै मान्छे स्वार्थी र अनुदार हुन्छन् । सर्जकले व्यथित चित्त र आफ्नो मनुवाई गजलको भाव र सरचनामा कसैसित एकपक्षीय प्रेम गर्ने नायकको छवि प्रस्तुत गरेका छन् ।

द्विपक्षीय पराकर्षण र वस्तुगत यथार्थले आप्लावित नहुँदा नायकको प्रेम कहानी अपूरो र अधुरो हुन्छ । फलत हृदयका पानामा तिथि निश्चित नभएको प्रिय अतिथि (पाहुना) झैं कोही कहीं बसेर हुँदैन रहेछ । आर्थिक र व्यावहारिक जीवन भरपर्दो नहुँदा प्रेयसीले लत्याउन सक्छन् र लत्याएका पनि छन् । तार्किक र दार्शनिक नायक अलपत्र परका तथ्य गजलकारले यस रुपमा सूचित गरेका छन्-

'मृगका जस्ता नयनहरु डंर्याले जलेको देख्छु
हरेक गुलाफी ओठमा मेरो नाम चलेको देख्छु'
(कम-२७)

'बिना शर्त धरेलाई चोखो प्रेम दिएथ
आफ्नो भन्ने हितैपी देखिएन अझै '
(कम-३०)

सज्जन र इमानदार चरित्रका नायकको अरुसितको व्यवहार सपाट मृदुल र निश्छल छ । दानयादारामा आफू राम्रा भएर मात्र हुँदैन रहेछ अरु पनि राम्रो भएमा समस्या सुल्झिने हुन्छ । मुख्यतःले नियान्दा नायक र सर्जक दुवै उदार व्यक्तित्व हुन् तर खराबीले परिपूर्ण समाजमा धुप्रै दुष्टहरु छन् । दुर्दिनमा आफ्ना शुभचिन्तक र साँचो समर्थक नभट्दा यिनका आँखा खुल्दछ । त्यसबेला अबेर भइसकेकोले परिस्थिति गंभीर छ । व्यष्टि र समष्टि अर्थात् एकत्व र बहुत्वलाई राम्री ठम्याउन नसक्दा प्रायः निर्वैयक्तिक स्वभावका व्यक्ति जीवनको सन्ध्याकालमा कसरी चोइटिएर बर्बाद हुन्छन् त्यस्ता व्यक्तिको विश्लेषण गजलकारले

उल्लेख्य बिम्ब, प्रतीक र अलङ्कारमा सटिक उद्गमा गरेका छन् । आफू आरोपित भई समाजको दूषित र धमिलो तस्वीर संकेत गर्नुको आफ्नो मज्जा छ र उज्ज्वलले निर्भिकताले त्यस दायित्वलाई कमनीय शिल्पसौन्दर्यमा प्रस्तुत गरेका छन् । गजलांशले भन्छन् -

> शहीदहरूका सपनाले हाम्रो साहस बढेको छ
> यदि भविष्य फूल्छ भने हाँसीहाँसी मरौं हजुर ।
> (कम-४७)
>
> 'जवानीको शिखरबाट आज म झरेको छु
> दाह्रीजुंगा फुलेर नै संकटमा परेको छु'
> (कम ५०)

सर्जकले मान्छे जीवनको पूर्वार्द्ध र उत्तरार्द्धमा अर्कै अर्कै हुने पाएका छन् र यिनको यो अनुमान ठीक रहेको छ । एउटै घरका बालक,युवा,महिला र वृद्धको सोचाइ पृथक हुन्छ । प्रकृतिचेत विशेषता र सैद्धान्तिक अनुभूति पनि आफ्नोपन झल्कन्छ । नेपाली समाजमा यौटा प्रामाणिक भनाइ छ - 'मान्छेले पढेर भन्दा परेर जान्दछ' । साथै कसैलाई वास्तविक अर्थमा जाँच्नु र त्यसै जाँच्नुमा पनि ठूलो अन्तर हुन्छ । स्वाध्ययनले ज्ञाता बन्ने व्यक्ति र शैक्षिक संस्थाका शिक्षित विद्यार्थीको बौद्धिक मापदण्डमा पार्थक्य रहन्छ नै ।

अरुको उपेक्षा र दुर्व्यवहारले मान्छेले आफ्नो सर्वाङ्गीण जीवनलाई तौलिने गर्दछ । प्रेमोन्मादीको रुपमा सर्जकले छोटो कालखण्डमा जीवनको यथार्थ गोरोकोले गौरवपूर्ण पने निजीको आफ्नो र अरु बीचको स्थितिलाई अनुभूत गर्छन् । संक्षेपतः समाज र संसार वस्तुवादी भएकोले आफू र अरुको विवाद के हो भन्ने कुरा पहिल्यै हेक्का हुनु पर्छ । जीवनको विषत्व र अमृतत्वले कुन स्थितिमा प्रभावित गर्छ त्यसलाई अलेक्नो उच्चाउनु पर्छ । संख्या सानो भए पनि सामाजिक वातावरणमा खराब र दुर्जनका साथै शहीद,परोपकारी र कर्मवीर समेत छन् । ती सबलाई हेरी नायक र अन्यले चित्त बुझाउनु पर्ने अभिज्ञान सर्जकले प्रकट गरेका छन् ।

युग जीवन र समकालीन परिस्थितिहरूलाई वैयक्तिक निष्ठामा बान्दा सर्जकको सराहनीय जीवनबोध प्रष्टिन्छ र यही वैशिष्ट्य र उपलब्धिले यिनको सिर्जनालाई उच्चतम तुल्याएको हो । अशतः भन्न सकिन्छ - प्रेमसूत्रलाई योटा कडी बनाएर उज्ज्वलले राष्ट्रिय,अन्तर्राष्ट्रिय जीवनको अभिन्नतयता र ऐक्यबोधमा आफू 'निमित्त' बनी मान्छे मात्रको कल्याण चाहेका रहेछन् । गतिलो चिन्तनद्वारा यिनी प्रजातन्त्रप्रति प्रतिबद्ध आफ्नो सानो मुलुक र विश्व समुदायमा सद्भाव तथा शान्तिको सन्देश प्रसारित गर्न तत्पर छन् । त्यसको पुष्टिमा गरेको छ

> 'यो संसारमा आफ्नो भन्ने कतै देखिएन हजुर
> मनको बाह पोख्ने कुनै ठाउँ भेटिएन हजुर '
> (कम-६९)
>
> 'घात-प्रतिघात अँगाल्दै बाँच्नै किन नपरोस्
> [illegible] तुच्छ ग '
> (कम-७३)

समाजशास्त्रीय वस्तुतथ्यसित प्रत्यक्षीकृत गर्नु,परिवेशलाई अनिच्छाले भोग्दै त्यसलाई नियति भै ठान्नु मान्छेको बाध्यता हो । द्रव्यवादी (पूँजीवादी) यथार्थले गर्दा [illegible] वस्तुवादले मानवीय जीवनमा निर्णायक गहिरो भूमिका खेल्दछ । प्रायःगरी अधिसंख्यक मान्छे 'बुद्धिदास' भन्दा 'धनदास' हुने कुरा अलि हिल्याएर सर्जकले बुझेको देखिन्छ । विशेषतः एकालापीय भावुक प्रणयवादले एकजना नेपालीले [illegible] नभई नागरिक समाजको राष्ट्राकाङ्क्षा पनि प्रकट गर्दछ र त्यसमा सुधिजनलाई एकीभूत पार्न गजलकार समर्थ छन् । यथार्थतः आधुनिक नेपाली गजलकारितामा मनु बाजाकी,ज्ञानु बाकर [illegible] राना, श्रेष्ठ प्रिया पत्थर, गोपाल अश्क, अमर त्यागी, प्रभृति झैं 'उज्ज्वल' विशिष्ट 'गजलगो' हुन् र यिनले उत्कृष्ट कृति रचेकोमा दुविधा छैन । बाह्यान्तरिक दृष्टिको कोसालाले मानवीय

जीवनको यथार्थ संकेन्द्रलाई स्पर्श गरेकोले यिनी अव्वल गजलकार बनका हुन् ।

गेय रहेका सर्जकका समस्त गजलका आफ्ना [illegible] र [illegible] छन् । [illegible] र विद्रोह समानान्तर रहे पनि संकल्पशील सर्जकको सिर्जनामा आफ्नो काफिया,रदीफ र 'तासीर' विद्यमान छ ।

कृतिका केही विचारणीय बुँदा-

- [illegible]
- समाजप्रति गुनासो
- वर्गीय परिधिमा प्रेमको स्थिति
- विसंगतिवादी अस्तित्ववादी अवधारणा
- शृङ्गारिक मर्मको सुन्दर प्रस्तुति
- [illegible]
- पारम्परिक असमझदारीको परिणाम
- प्रजातान्त्रिक पद्धतिप्रति निष्ठा
- राष्ट्रिय दायित्वको स्वरुप
- प्रवृत्तिगत मूल्यको चित्रण
- [illegible]
- प्रणयवादी समर्पणको उच्चता

प्रारम्भ,वार्तालाप र समानुभूतिले उद्बुद्ध गजलहरुमा धेरै कुरा प्रष्ट छन् र केही अपुष्ट छन् । पूरस्थ र निकटस्थ सन्दर्भको समायोजन भए पनि [illegible] निरुपण गहुगु उपेक्ष लाग्यो छ । प्रेमेच्छालाई सायोगिक बनाई प्रणयात्मक एकरुपता र पलायनलाई किन अंगालिएको हो तर्कगत प्रश्नहरु उठ्न सक्दछ । यस दीवान (संगाला) मा तखल्लुस (उपनाम) को प्रयोग पनि कमानुकूल र [illegible] छ । [illegible] र प्रेमपूजारी बन्ने धोको भएका सर्जकले जीवनको पारदर्शिता खुलाई एक्काइसौं शताब्दीको प्रणयवादी केन्द्रियतालाई नवीन चिन्तन दिएकाले 'नखोज आँसु बर्साउन' (२०६१) एक उच्च गजलकृति [illegible] देखिन्छ । आधुनिक नेपाली गजलविधामा उज्ज्वल जी.सी. लाई मैले दोश्रो ज्ञानबाकर पौडेलको रुपमा पाएँ । अस्तु ।

- वीरगंज

कविता

क्वान्टम् मान्छे र मिथक पीडाहरु

☐ सुरेश प्राञ्जली सापकोटा

न्यूक्लियस गर्भमा जमेका मान्छेहरू
अभिशप्त, आकाश ओढेर
चेतना बाँच्नु अघि
मस्तिष्क हराएर उडाँइएको सहर
राता क्लोनहरू छचल्किदै
[illegible]
अमिला मनका अभ्यन्तरहरू भरि ।

क्वान्टम् अस्तित्वका ढिक्काहरू
बारुद जमेका टेष्टट्यूब भित्र
सिम्फोनिक मुटुका जिजीविषाहरू उधालिएर
प्रयोग इतिहास- इतिहास प्रयोग
परीक्षण गरिरहन्छु - म,
मिथक मान्छे र प्रिक्का डि.एन.ए.का
रेसाहरू भएर ।

सहर-बुद्धका इलेक्ट्रोनहरू पिएर
[illegible]
म, तिमी गएको बाटोमरि आँखा सुताएर
घाम पखिँरहँदा
सखारै, अखबारले मस्तिष्क हिकाँउछ
'राता नीदहरू निदाइ सक्यौ रे तिमी !'
खबरका बेखबर पत्तिहरुसँगै

- प्याङ्गजा

(भयाउरे छन्दमा)

रक्सी माहात्म्य

❑ अर्जुनबहादुर चन्द

नापिए रक्सी हितैषी मित्र, पिउँदा गाह्रो छ
आमा र बाबु श्रीमती भन्दा, जाँड नै प्यारो छ
गोजीमा सैन फुटेको कौडी, खाँबोको कुराले
जङ्घाहा भनी सबैले घिने, बिगाऱ्यो सुराले ।

॥१॥

बढार्छ मुन्टो सुन्दछ उल्टो, भन्यो कि स-सुल्टो
साँझमा खान्छ डिच्याई दाँत, जोइको अगुल्टो
इज्जत पे हो बिचारा पर्छ, बुझ्दैन बसरी
बड़गारा झानं तम्सिन्छ उल्टै, उझिन्छ बेस्सरी ।

॥२॥

लाग्ला है टिबी कुहिया फोक्सो, जाउला यमपुरी
घरको दशा दुनियाँ हँसा, भ्याईदा चुरफुरी
रक्साल खान्छ लाकका लाज, लगाइ माहना
धन्य हो दर्वाट, सज्जन भाइ, चिनिन्न कोहो नी ।

॥३॥

आफ्नो र अर्को देख्दैनौ तिमी, हुँदैछौ पराई
स्वास्नीको व्यथा बुझ्दैनौ कठै, दिउँसै हराई
न मीठो बोल्छौ न सुख दिन्छौ, मच्चाई रड़ाको
भविष्य मूना सन्तती तिमा, दुहुरा सदाको ।

॥४॥

रक्सीले मात्रा सम्झन्छौ हिरो, अरु त झारपात
अर्काको खिल्ली कति हो कति, आफुनै छौ घात
किताब किन्ने हुँदैन पैसा, बच्चाको बिचल्ली
जाँडको घैंटो रित्तिन गयो, बनायो हल्चल्ली ।

॥५॥

उधारी थोक्यौ घ्याम्पाको जल, मकुन्यौ श्रीमती
रक्सी नै छोरा रक्सी नै छोरी, बनायौ के गति
छिमेकीसँग झोंजेर जोरी, दुश्मनी कमायौ
न काम गर्छौ न बोल्न दिन्छौ, हैरानी बनायौ।

॥६॥

नालीमा सिधै शरीर डुब्छ, त्यसैमा रमायौ
सरम लाग्छ देखाउन मुख, प्रतिष्ठा गुमायौ
लाग्छ हुन्छ उठेर हिँड्ने लम्लाग्छौ शुर्वीर
चियाको साटो रक्सीको चुम्छौ, बिसन्छौ सर्वपीर ।

॥७॥

चमत्कार यै हो मानव तिमी, सोच्दैनौ भविष्य
रक्सीले आज निलेछ उल्टै, हरायौ त्यो लक्ष्य
नबुझ्ना राज मानव चाला, डुबायो नसामा
हेरन आफैं नियाली भित्र , कस्तो छौ दशामा ।

॥८॥

होस नै गुम्छ शरीर भिज्छ पिसाब् र दिसाले
कसैको भलो हुँदैन सोच, मान र हिसाबले
स्वास्नीको आँशु पुछेर हेर, छोडिदेउ यो लत
साहुको ऋण थाप्नोमा वोकी नहिँड कुमत ।

॥९॥

घृणाको भित्र हेलाको पात्र, तमासा बिसिन्छौ
सबको लागि अमन घडा फिरन नम्मिन्छौ
इज्जत राख मर्यादा कुल, मानव जीवन
सौभाग्य बनी उडाइदेउ, खुसीको रिवन ।

॥१०॥

❖ जहाँ भावनात्मक सम्बन्ध हुन्छ त्यहाँ तर्क तथा न्यायले कुनै काम गर्दैन । - प्रेमचन्द
❖ अन्धो हुनु नराम्रो हो, तर आँखा भएर पनि नदेख्नु झन् खराब हो । - हेलेन केलर
❖ घर नै अनुशासनको सबैभन्दा ठूलो पाठशाला हो । - एस स्माइल्स
❖ तिमी युद्ध सजिलै सुरु गर्न सक्छौ, तर त्यसलाई टुङ्गयाउन तिमी बसको कुरा हुँदैन । - जोन हेन्स

कथा

टनटने

❑ मधुसूदनप्रसाद घिमिरे

'बाबु ! तँ त लाठे भइसकिस् । बिहा पनि पनि भइसक्यो । यौटा छोराको पिता पनि बनि सकिस् । अब पनि सोचिएर खान दुन्छ ? तैंले भन केही न केही काम गर्नुपर्छ बुझिस् ।'

'काम के नै छ र गर्नु ? मलाई काम खोजिदिनोस् न ! म गरि हाल्छु नि ।'

'तँलाई के काम खोजिदिउँ भन् त । पढ्न पनि सकिनस् । हाम्रा कुरामम्म पास गर्न त परि हाल्यो नि ! अब तैंले कुल्ली काम गरे मात्र हो ! त्यै पनि जहाँ तहिँ पाइँदैन । काम खोज्न हिड्नुपर्छ ।'

'मेल किन कुल्ली काम गर्ने ? म त उहिलेको जमिन्दारी खानदान पो हुँ । तिनीहरू कै रगत हुँ म । हाम्रो यत्रो ठूलो घर छ । भाडा मात्र उठाए पनि खान पुगिहाल्छ । अनि किन काम गर्ने मैले ?'

'त्यसो भनेर हुन्छ लाटा ! आजभोलि भन्दा घर व्यवहार बढ्दै जान्छ । घरको भाडा पनि त एक्लै छोरा त होइनस् । भागवण्डा लगाउँदा के नै हुन्छ र ! यस्तो बढ्दो महँगी छ । नाथे आलु त पचास रुपैयाँ धार्नी पुग्न लागिसक्यो । पानी पर्यन्त किनेर खानुपर्छ ।'

'ए बाबु ! टनटने ....? त .... यो त घर मा नै छैन कि कसो !

टनटनेको पिता यता उता पल्याक पुलुक हेर्छन् । छिमेकी घरको पसलमा तास खेलिरहेको देख्छन् । अनि उनी भन्छन् - "ए बुढी । जा जा लासलाई पोकगएर मेरा । अनि मसकाएर केही मान्ने हैन ।'

'तँ यहाँ किन आएको ? काम नभए पनि घर मा नै बासरह हुँदैन । बिग्रर नै हिड्नुपर्छ त । छिटो घर हिड ।' आमा चाहिँको डाकोलाई टनटने हावामा उडाइरहन्छ । आमाको बोली हावामा उडेर जान्छ । ठूलो स्वरले हप्काएको पनि निरर्थक साबित हुन्छ ।

ए मामी ! त बगाईसाइँ दुई सय रुपैया, म सँग रुपैयाँ अरु पनि छ । यो बाँकी रुपैया चाहिँ मेरी टरटरीलाइँ दिन्छु है मामी ! आमा चाहिँ केही बोल्दिनन् । हाँर मात्र रहान्छन् । टनटनले श्रीमतीलाइँ रु. तीनसय दिन्छ ।

ए टनटने ! तैंले यो पैसा कहाँबाट ल्याइस् हँ ?'

'ऊ क्या त तास् खेलेर जितेको नि । आमा चाहिँले थोरा दाँत देखाउँदै खिस्सा हाँस्छन् । पैसा मुठ्ठमा लिन्छन् । उनको मनले ठान्छ - यसरी जितेर देखि त खेले पनि भैगो नि । उनी सोझी महिला हन । उनलाइँ थाहा छैन कि - खेलमा जित हार दुवै हुन्छ । खेलने आदत खराब हो ।

छोरा टनटने समय-समयमा खेल्ने ठाउँमा पुग्छ । उनी हाँस्छन्- "घरमा पनि केही काम छैन । कति बसि मात्र रहनु । दिन गुजारा गर्ने समय कट्टाउन खेलेको हेर्न जान्छ ठिकै छ । कहिले काहिँ खेलीहाल्यो भने जितेर पैसा पनि दिन्छ । हुनत उनले भन्ने पनि गर्छिन् -" खेलेर बस्नु हुन्न नि ।

कहाँ खेल्नु नि ! म त हेरेर मात्र बस्छु । उसको जवाफ आमालाइँ चित्त बुझाउने खालको मात्र हो । ऊ जहिले पनि त्यहाँ पुग्छ - अनि नखेलिर हन सक्दैन । त्यहाँका उसका साथीहरूले उसलाइँ सँग्न पोल्याकिन गर्छन् । उनीहरू भन्छन् - "खेलौं न खेलौं यार ! दुई दिनको जिन्दगीमा मनोरञ्जन गर्ने त हो नि । हामी पनि सधैं त खेल्दैनौं क्यारे !

उसको पिताजी भन कुने ठूलो भवनमा काम गर्छन् । अर्थात् उनी जागिरे छन् । थोक्मम-सोक्मम गर्दा दश - बाह्र हजार महिनामा उनको

आम्दानी हुन्छ । परिश्रमी काम हो । तर पनि त्यतिको मात्रै घर व्यवहार चल्दैन । जहान बच्चा खाने मुख बढ्दै छन् । आम्दानी त्यही हो । आफूलाई पनि पर्सेट खर्च गर्ने नै मात्रिछ उनलाई ।

ए बुढी ! छोरा त विग्रिने भो नि के गर्ने ? पढ्न पनि त्यति सकेन । काम पनि केही छैन । रिन धन गरेर भए पनि यौटा मोटर किनिदिउँ कसो ! मोटर भाडामा लागिहाल्छ । त्यसको पैसा उठाएर भए पनि गुजारा चलाउन त सक्ला नि । ड्राइभर को पुच्छर निमोठ्न त त्यस्ले सकिहाल्छ नि ।

घर सल्लाह मिल्छ । टनटनेको गुजाराका लागि मोटर पान किनिन्छ । टनटनेले गुजाराको काम हो । यो मोटरका ड्राइभरले बोल्न जान्ने लाटो टनटनेलाई छक्याइरहन् कति गाह्रो हुन्थ्यो र ! रामे इपामे धने, ड्राइभर फेरिंदै जान्छन् । चित्त बुझ्दो आम्दानी मोटरबाट टनटनेले भित्र्याउन सक्दैन । आज भोलि गर्दा मोटर फेरिंदै जान्छ । ममतका लागि पैसा खर्च हुँदै जान्छ । बढ्दाबढी गनथन गर्न थाल्छन् । उनीहरू भन्छन् । "घरमा फुटेको कौडी छैन । यौटा मोटर किनियो । यसबाट पनि उस्लाजस्तो छैन । के गर्ने के नगर्ने ? यो मोटरलाई कसै अघ्नै हातमा थानको लगाईदिनुपर्यो । नत्र यसले घरको न घाटको बनाउँछ ।

टनटनेका बा-आमाको यस्तो निष्कर्ष निस्कन्छ- उक्त मोटर आधा मूल्यमा नै भए पनि भन्दै को हात पर्ने । अब छोरालाई काम लगाउन. इलममा लगाउन उसका पितालाई भन्ने हम्मे पर्छ । उसले यता उता छर्छिमेकी हेर्छ । सोच्छ - आहलका नव प्रयाहहरूले खासै जीविकोपार्जन गर्न सक्ने काम कमैले पनि पाएको जस्तो उसका मनले ठहराउँदैन । अनि छोरालाई भन्छ - "तैले पढ्न पनि सकिनस् । जागिर कहाँ पाउनु । अब के गरेर भात खाने त थावै ।"

टनटने जवाफ दिंदै भन्छ- "धेरै जसै [illegible] पनि कति छन् कति । तपाई नै भन्नुस् न त्यो फलानोको छोरो - त्यो हिस्कानाको छोरो, पढेका त छन् नि ! खै त केही काम नभएर डुकुलण्ठन भई हिँडिरहेका छन् । अब नोकरी पाउन त आफ्ना मानिस ठाउँमा हुनुपर्छ । नत्र पढ्नु मात्रै पनि के हुँदो रहेछ र ?"

हुन पनि हो । टनटने र उसका पिता एकै क्षण घोरिएर बस्छन् । पिता चाहिँले सोध्छन् - टनटनेको कुरा पनि एक किसिमले हुन त हो नि ! तिन्नाको छोरा, बहाइको छोरा [illegible] छोरी निकै पढेका पनि छन् । तर काम नपाएर दिनभर घर ढकिरहन् परेको छ । एकै क्षणको लागि भए पनि यसरी बिताजी चाहिँ चित्त बुझाउनछन् ।

छोराको [illegible] खाराको [illegible] छ । मुखको गफले भने छोरा अति व्यवहारिक छ । मीठा कुरा गर्न जानेको छ । तर उसको ल्याकत चाहिँ राम्रो छैन । हिजोभन्दा आज खराब आजभन्दा भोलि खराब टनटनेको बानीमा खासै सुधार नदेखाएको भो ।

घरमा काम भएको समयमा टनटने जे पनि काम गर्न तम्सन्छ । उसले नसक्ने काम पनि सक्छु भन्न गछ । बलका काममा त ऊ सफ ने थोक्नु परे पनि नाइनास्ति गर्दैन । तर सुझबुझमा उसले ध्यानै दिँदैन । ध्यान दिन जान्दैजान्दैन ।

छोराको भविष्य बिग्रने भयो । केही काम पनि पाएको छैन । टनटनेका पिता आफ्ना साथीहरूसग दुखसा पोख्न थाल्छन् । साच्चै गिपालेर हेर्ने हो भने काठमाडौं राजधानीमा जन्मिएका, हर्किएका युवाभन्दा मोफसलमा रहेका युवाहरू नै उच्च ओहदामा पुग्ने, राम्रा काम पाउने, अधिकांश मानिसहरूको चित्र उनीहरूको आँखामा खिचिन्छ । साथीहरू भनि भन्छन् "राजधानीका धेरै मानिसहरूले राम्रो इलम लिन सकेका छैनन् कि । त उच्च खानदानको सन्तान हुनु पर्यो । उनीहरूको कुरा छुट्टै हो । हामी मध्यम वर्गीयहरूका छोराछोरी राजधानीमा हुर्केकाहरूको तुलना हेर्ने हो भने धेरैजसो [illegible] नै [illegible] गइरहेका छन् ।

टनटनेका पिता सोच्न थाल्दछन् - "मोफसलमा जन्मिएका त्यहाँका हावापानीमा

उकाली ओराली गरेका युवाहरू खेतीपाती गर्ने, घाँस दाउरा खोज्ने, कैयौंले त जुत्ता नै नलगाई पैदल हिँड्नुपर्ने, हला, कादालासग सधैं आत्मसात् गर्नेहरूले घरको परीश्रम दुःखलाई मकोर बढी [illegible] गर्न गर्छन । राजधानीका वस्ती भनाउनेहरू खेतीपाती, घाँस दाउरा चलन छैन । काम गर्छु भनेर पनि कहाँ पाउनु । उनीहरूलाई खास दुःख कष्टको जीवनको बारेमा बोध हुँदैन । जसरी भए पनि पेटभर खानु बाउ, बाजेले कमाइदिएको श्री सम्पत्तिमा रवाफ फुर्ति बढाउनु, यही रीतले जिउने उपत्यकाका धेरै प्रतिसतका युवाहरू विकासको नाममा आएको मनोरञ्जनका साधनहरूले फुरुङ्गमा [illegible], [illegible] सहर बजारमा जारी छ ।" उसको मनले यस्तै सोच्छ ।

परीश्रमी काम गरेर घर आउँदा आफूभन्दा उमेरकी पाकी जस्ती श्रीमती सन्तान उत्पादन [illegible] छोरी, भरखर-भरखर बैंसमा कुतकुत हुने समय हुन थालेकी छोरी, यी सबैको जिम्मेवार बन्न बाध्य आफूनै बैंस निखड नसकको अनुभव गर्न टनटनका पिता बिचरा के नै गरोस् । उसका अगाडि अनगिन्ति व्यवहारहरू छन् । आफन्तहरू छन् । सबै दिन खान सकेको बखतका आफन्तहरू त हुन् ।

दिनभरिको थकानले बेलुकी एक चुस्की लगाउनु उसको आदत परिसकेको छ । ऊ धेर थोर पिउँछ । अनि बिछौनामा मस्त निदाउँछ । हिजको दिनमा पनि उसले आफ्ना सन्ततिहरूको राम्री रेखदेख पुऱ्याउन सकेन । पाठशाला पठायो पुस्तक कापी किनिदियो । फी तिरिदियो । यतिले मात्र [illegible] रेखदेख पुग्दैन । [illegible] पनि आफूनै निगरानीमा कमी भएका कारण आज छोरो बेइलमी हुनपुगेको अझै पनि उसलाई अनुभव छैन । उसलाई यति कुरा थाहा छ - आफ्नो उमेर धेरै भएकै छैन । छोरा एउटा [illegible] । [illegible] छोराको [illegible] । उसको पनि बिहे गरिदिने समय हुन लाग्यो । छोरी पनि क्रमशः बैंसालु हुँदै छ । अनेकन व्यवहारहरू उसका अगाडी पसारो परेर बसेका छन् । यी सबै कुरालाई उसले त्यति मतलब ददैन । यो धेरै थोरै कुरा मनमा खेलाइरहनु भन्दा एक चुस्की लगाएर यसरी सँग निदाउन पायो भने भोलि फेरि आफ्नो काममा जाने बेला भइहाल्छ, बस् ।

मर्ने बेलामा उसकी आमाले भनेकी थिइन् - "बाबु ! तैंले [illegible] । आफ्नो काम सके पछि समयमा घर आउँदैनस् । मलाई बिर्नमितिमा पिर थपिराखेको छस् । तेरा पनि सन्तान छन् । सन्तानको माया कति हुँदोरहेछ भोलि-पर्सि-चाल पाउँदै जालास् ।

[illegible] सम्झन पुग्छ । मरेकी आमाको भनाई उसको कानमा पटक पटक गुञ्जिइरहन्छ । मानसपटलमा पटकपटक आउन गछ ।

आफ्नो बिहेमा दाइजो आएको केही सुन छ । [illegible] आमामा अब त्यही सुनझल्किइ र हेर्को छ । यस्तो कुरा उसका बा-आमालाई केही पत्तो छैन ।

पलङ्गमा उत्ताना परेर अहिले टनटनको पिता सुतिरहेको छ । उमेरमा पाको देखिने उसकी श्रीमती फुत्त कोठामा आउँछिन । दिक्क मान्दै आफ्ना पति परमेश्वरसग गुनासो पोख्न थाल्छिन् - "सुन्नुस् न भन्या टनटनले त सखापै पारेछ के गर्नु ।"

[illegible] र, गर्नु नगर्नु के गरेछ [illegible] । बुहारीलाई फकाईफुल्याइ पारेछ । उसको गर-गहना सबै हात लगाएछ । मैले पनि भात भान्सा चलाउनका लागि सामानहरू किन्न पछि भनेर केही रकम राखेकी थिएँ । सबै पैसा हात लगाएछ ।

[illegible] होला ।

के भो भन्नु नि । पचास साठी हजार कति जम्मा गरेको थियो कुन्नी के मासिनो हो कि भासिनो हो कहाँ खेलन गएको रे सबै हारेर आएछ ।

आज दिउँसो मात्रै एकजना अपरिचित, अधवैंसे मानिस यहाँ आएका थिए । उनले मलाई

भने- "हामी टनटनेले हामी त्यो मानिसलाई दखाएको र ! उसले भन्यो र- मलाई केही कमको अति आवश्यक परेको छ । मेरो यो घर बन्धकी राख्छ । मलाई केही रकम दिनुपर्यो ।"

त्यो अधवैंसे मानिसलाई यस घरका बारेमा के कसो रहेछ । घर परिवारहरू को रहेछन् । कसको नामसा घर पर्छेरी रहेछ । आदि कुरा बुझ्न यहाँ आएको रे भन्थे उनी ।

'त्यसले ललापूजा पनि सडकायो कि क्या हो ! पहिलाको पुरानो लालपूजामा फोटो टासेको हुँदैन । घर मालिक मै हुँ, मेरै नामको यो घर [illegible] जा..... जा.... लालपूजा खोजि हाल त' भन्दै आफ्नो सतकेता श्रीमतीलाई बताउँदै खुइय सुस्केरा हाल्छ ऊ ।

हरे ! क्या अधम भयो नि टनटने । यस्ता सन्तान हुनुभन्दा त बरु नभएकै जाति । मलिनो स्वरमा टनटनेकी आमाले बोलिन् । के गर्नु ऊ बेलामा सन्तान भएनन् भनेर कति ओखतीमूली गाऱ्या । गर्भ रह्या कि मानिसहाल्न, दुई चार पटक गएपछि बल्लबल्ल गर्भ रहेको छोरो त्यो पनि अधम भो । मख हेर्दा माया लाग्छ । व्यहोरा हेर्दा रिस उठछ । अब भएन । यसलाई मानो छुट्याइदिनु पर्यो । अनि त गरेर खाला नि । यस्तै हो । दुख [illegible] थालमा भात पाकुञ्जेल मानिस बिग्रन्छ । जब कसौंडिमा पकाउनु पर्छ अनि देख्छ त्यसले ।

यसरी ती जोड़-पोड़ गफ गरिरहेकै समयमा गाउँका एकजना वृद्धा मानिस टुपुलक्क आइपुग्छन् ।

तपाई त बिरामी हुनुहो भन्ने सुनेर हेर्न आएकों ।

कसले भन्यो-म बिरामी भएँ भनेर ?

तपाइकै छोरा टनटनेले भनेको नि । आज तिन चार दिन भो । टनटने बाबु मकहाँ गएका थिए । त्यति बेला उनले भने - "मेरा बा अचानक फेन्ट हुनुभयो । अस्पताल लगेको, बहालाई कडा रोग लागेको छ भनेर डाक्टरले महँगा-महँगा औषधीहरू लाखादए । पिताजीलाई दुई-चार दिन भन्ना नै गर्नुपर्छ र । पैसा छैन । पिताजीले तपाई कहाँ पठाउनु भएको । पन्ध्र बीस हजार जति छ, रिन दिनुहोस् । पिताजी जाति भएपछि सकेसम्म छिटै तिर्छु भन्नु भा'छ । यहाँ जाति भए पनि नभए पनि उक्त रिन मैले नै तिर्छु । तर आफ्ना बा-आमा बिरामी हुँदा जसरी पनि उपचार गराउनु नै पर्यो ।"

यसरी तपाईका छोरा टनटनेले भने । मैले त्यसै बखत उनलाई बीस हजार रुपैया दिएँ । तपाईको मुखले कसैलाई नहारेको हुँदा मैले उतिखेरै दिएको हुँ । आफू पनि बिरामी हेर्न [illegible] भन्ने [illegible] थिए । घरका कामले फुर्सद नै भएन । आज घरैमा गएर तपाइको खबर बुझुँ, कुन अस्पतालमा हुनुहुन्छ । कस्ता अवस्था छ भनेर म यहा आएको । फेरि सोधे - तपाईलाई खास के भएको रहेछ । अनि कहिले डिस्चार्ज हुनुभयो नि .... ?

टनटनेका पिता बिचरा नाजवाफ भए । पाहुनाको प्रश्नको उत्तर उनीसंग छैन । न त उनको श्रीमतीसंग नै छ । ती दुई [illegible] मुखामुख गर्दैरहे । यस पल्ट पनि टनटनेले पैसा सिध्याएछ । तिनीहरू आँखा-आँखाका भाषले यसै भनिरहेका थिए । घरी क्षण दिने बुढाको अनुहार घरि कोठाका भित्ताहरूमा तिनीहरूको [illegible] छोरिरहेका थिए । ती दुई [illegible] आँखामा आँशु टलपल टलपल भइरहेका थिए । तिनीहरूको विवशता भनौं वा लाचारी भनौं वा छोराको धूर्तपना अल्लाई नभन्नु, ढाक छोप गर्नु । अन्यथा टनटनेको धुत्याईको पर्दाफास गर्नु । [illegible] भूकभाषामा तिनीहरूको ओठ कम्पन भइरहेको थियो । ओठको हल्लाइमा तिनीहरूको भावना यसरी फुस्किइरहेका थियो कि आफ्ना आइ कन्याएर छोरो उडाउनु त बुद्धिमानी हुँदैन कि ... । अर्थात् छोरो उत्तर दिन चाहँदाचाहँदै पनि उनीहरू गम्भीर बन्दै गइरहेकै लाग्दै थियो- छोटो उत्तर दिन चाहन्थे- म बिरामी भएकै छैन .... ।

***

(सस्मरण)

संभाव्य दुर्घटनाहरुको त्रासदी

❑ रामप्रसाद पन्त

स्मृतिका गर्भमा रहिरहेको तर लिपिबद्ध हुन नपाएको एउटा यात्रा प्रसङ्गले सत्र वर्षको अन्तरालपछि मलाई काउकुति लगाएर बाहिरिने मौका पाएको छ ।

[illegible] परिस्थितिको [illegible] ।

प्रकृतिको एउटा अकल्पनीय विनाशलीलाले देशव्यापी रूपमा फैलाएको चीत्कार, हाहाकारलाई समन गर्न सरकारले युद्धस्तरमा लिएको एउटा रणनीति थियो । त्यसै नीति अन्तर्गतको जिम्मेवारी [illegible] ।

२०४५ साल ५ महिना ५ गते ५ बजेर ५५ मिनेट जाँदाको पाँचैपाँचको त्यो अनौठो संयोग । नेपालको खासगरी पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्र भूकम्पीय ताण्डव नृत्यले ध्वस्त भयो, झण्डै नौ [illegible] ।

तत्काल श्री ५ को सरकारले आपत्कालीन राहत वितरण गरी पीडितको पुनःस्थापनका लागि वाणिज्य बैंकहरू मार्फत् सहुलियत ऋण उपलब्ध गराउने र कम खर्चिला नमूना घर निर्माण गर्ने योजना लागु गर्न "भूकम्प पीडित क्षेत्र पुनर्निर्माण तथा पुनःस्थापन आयोजना" गठन गऱ्यो ।

म त्यसै वर्ष निजामति सेवाको अधिकृत पदमा प्रवेश गरी तीन महिने सेवा प्रवेश तालिम सकेको मात्र के थिएँ तत्कालीन आवास तथा भौतिक योजना मन्त्रालयले मलाई त्यही आयोजनामा काजमा खटायो ।

आयोजनाको केन्द्रीय कार्यालय काठमाडौंमा भए पनि अधिराज्यका २७ जिल्लामा इन्जिनियर प्रमुख रहेको जिल्लास्तरीय कार्यालयहरू गठन गरी काठमाडौं र धरानमा क्षेत्रीय कार्यालयहरू पनि स्थापना गरिए ।

यद्यपि क्षेत्रीय स्तरबाट जिल्लास्तरीय कार्यालयहरूको समन्वय हुन गथ्यो, तथापि समग्र जिल्लाको अनुगमन निरीक्षण र समन्वय गर्ने काम केन्द्रीय स्तरबाट पनि हुन्थ्यो । म केन्द्रीयस्तरको अधिकृत भएको नाताले एउटा कार्यक्रमको नेतृत्व दिएर मलाई १० दिनका लागि पूर्वाञ्चल खटाइयो ।

नमूना घर निर्माण गर्ने क्रम सगसगै दुई वटा सहउद्देश्य पनि गासिएका थिए- उन्नत चुलो र सुलभ शौचालय । विशेष सहुलियत प्राप्त गर्नका लागि पीडित पक्षले सरकारले तोके बमोजिमको उन्नत चुलो र सुलभ शौचालय बनाउनु पर्थ्यो ।

म त्यसको नाइके ।

जुन कुराको पटक्कै ज्ञान छैन त्यसको म नेता ।

तर उद्देश्यसँग मेल खाने, चित्रमा लेखिए अनुसार बन्यो बनेन भनी छुट्याउने ज्ञान भने मसँग थियो ।

स्थानीय व्यक्तिहरूलाई भेला गराएर परीक्षण [illegible] लागि [illegible] पीडित [illegible] सम्पर्क कार्यालयमा मौजुद थिए ।

तिनीहरूको सहयोगमा कार्य सम्पन्न गर्नका लागि साधन सम्पन्न बनाई मलाई खटाइएको थियो ।

[illegible] एउटा [illegible] [illegible] तयार भएको देखेर श्रीमती पनि लोभिइन् । त्यो देखेर साली हौसिइन् सालीका पछाडी अर्की एउटी भतिजी पनि लागिन् ।

अब मेरो साथमा एकजना ओभरसियर, एकजना खरिदार र चालक समेत गरी [illegible]

भ्रमणदल बन्यो ।

गाडी बगवान् थिया, चालक हासयार थिया । हामी अलिकति ढिलोगरी प्रस्थान गर्‍यौं ।

\+ + +

गाडी पृथ्वी राजमार्ग हुंदै हेटौंडा पुगेर दक्षिण हानिंदै थियो, चालकले के सम्झयो कुन्नी ! सायद, हामी एक चिहान हुने जोग छल्या । भन्यो- बीचमा के होला ! कसो होला ! ट्याङ्गी फुल गरेर जाउं कि मर ?

संभाव्य सङ्टबाट जोगिनका लागि मेरो अस्वीकृति हुने कुरै भएन ।

चालकले गाडीको गति मन्द गरेर माइन प्रयास गर्‍यो । तर गाडी रोकिएन ।

ए, के भयो ? गाडी न रोकिन्छ, ब्रेक लाग्दैन ।

हामी करायौं, आतियौं । प्रयास गर, थिच, ओरालोमा पुग्न तपाओस् । खाली बाटो हेरेर मोडिहाल । मोडिएन भने बरु भित्तोमा लगेर ठोक्नुपर्‍ो ।

गाडीलाई सामान्य क्षति पुऱ्याएर हामी ज्यान बचायो चालकले ।

हामी खुसीले रमाउंदै बाहिर निस्कयौं । सही ठाउंमा ब्रेक फेल भएर पो बाच्यौं । अलिकति पछि जा अलिकति अघि भएको भए के हुन्थ्यो ?

चालकले इन्धन हाल्ने कुरा उठाएकोमा हामीले धन्यवाद दियौं ।

अब चालकले ज्यादै मन्द गतिमा गाडी पर्फेक्टर्‍ चुस्यो र ब्रेक लगायो ।

तबसम्म हामी हेटौंडा बजार घुम्यौं ।

घरबाटै ढिलो गरी हिंडेका हामीहरूको हेटौंडामै तीन बज्यो ।

तर रात बस्नका लागि हामी पुग्नु पर्थ्यो क्षेत्रीय कार्यालय धरानमा, यहाँ हामीहरूलाई बस्ने खाने व्यवस्था मिलाइएको थियो ।

हामी पुग्यौं रातको एघार बजे ।

\+ + +

अर्को दिन म मोलिपल्ट गर्नुपर्ने कार्यक्रम समुद्घाटनका तयारीमा जुट ।

पूर्वांञ्चल वन सुदृढीकरण उच्चस्तरीय समितिका संयोजक वैकुण्ठबहादुर चन्दद्वारा समुद्घाटन हुनेगरी सुनसरी जिल्लाका प्रजिअ, जिशिअ, जिप सभापति, जिल्ला न्यायधीश लगायत जिल्लाका गण्यमान्य व्यक्तिहरू र समाजका प्रतिष्ठित व्यक्तिहरूलाई आमन्त्रण गरी तोकिएको दिन र समयमा हलबाटा उद्घाटन सम्पन्न भयो । र, प्रशिक्षणको सप्ताहव्यापी कार्यक्रम प्रारम्भ भयो ।

सिकाउन र सिक्नका व्यवस्था भइसकपछि म त्यहीं बसिरहन आवश्यक थिएन ।

घुम्ने उद्देश्यले पछि सागोकाहरूले मलाई खेदन थालिहाले ।

गाडीको साँचो आफ्नै हातमा भएकोले केही स्वतन्त्रता पनि थियो र केही डर पनि ।

वास्तवमा जिम्मेवारी महसुस भइसकेपछि [illegible] भयले झस्काइरहेको रहेछ ।

भय अस्वाभाविक थिएन यसर्थ कि - कार्यालयीय प्रयोजनविहीन ठाउंमा जांदा गाडी बिग्रियो वा अनपेक्षित समस्या आइलाग्यो भने के जवाफ दिने ?

त्यसै भएर पनि मैले सहयात्रीका चाहना र कामनाहरूमा सकेसम्म लगाम लगाउने प्रयास गर्दै थिएं ।

तथापि नजिकका दर्शनीय एवं पर्यटकीय [illegible] भएमात्रै थिएन ।

\+ + +

हामीले प्रथम चरणको योजना बनायौं धरानको सैरोफेरो ।

मैले सुनेको थिएं - धरानमा बूढासुब्बा छन् । बुढासुब्बाको मन्दिर छ ।

बुढासुब्बा भनेको कस्तो होलान् ! तिनको मन्दिर कस्तो होला ? यसै जिज्ञासाले हामीलाई डोऱ्याएर लाग्यौं बिजयपुर डाडातिर ।

एउटा स-सानो उपवन, उपवन बीचमा तीर्थस्थल । बुढासुब्बाको रूप रंग र आकृतिका बारेमा गरेको मेरो अनुमान बिलकुलै फरक । मेरो कल्पनाको एक अंश पनि त्यहाँ थिएन । मात्र प्रतीकात्मक रूप । समाधि ।

मैले सुनें- विजयपुर साम्राज्यका राजा बुद्धिकर्ण राईको आत्माको प्रतीक हो बुढासुब्बा । लिम्बु भाषामा बुढा अर्थात् भगवान् र सुभा अर्थात् राजा । यसैको अपभ्रंश रूप बुढासुब्बा । बुद्धिकर्ण राईद्वारा कामदत्त मनलाइ हत्या गरिएका अभियोगमा प्रतापसिंह शाहले बुद्धिकर्ण राईको हत्या गरे र त्यिनको समाधि बन्यो त्यो स्थान ।

बिहानको समय भक्तजनहरू बुढासुब्बासाइं प्रशन्न गराई कामेच्छा पूर्ति गर्न कालो सुँगुर, परेवा, कुखुरा, अण्डा लिएर पूजाआजा र प्रार्थनामा मस्त छन् । राई, लिम्बु, मगर, ब्राह्मण, क्षेत्री, नेवार लगायत सबै जनजातिका साझा देवता बुढासुब्बा । सबैको मनोकामना पूरा गरिदिने देवता बुढासुब्बा ।

हामी घुम्यौं, हेर्यौं र बुझ्यौं - टुप्पो नभएका बाँसहरूका झ्याङ र बाँधिएका ध्वजा पताकाहरू ।

त्यसको पनि आफ्नै विशेषता र ऐतिहासिक महत्व रहेछ ।

जीवनको अन्तिम अवस्थामा बुढासुब्बाले आफ्नो धनुषबाण भाँचेर तीन टुक्रा पारी फालेका थिए रे । तिनै टुक्राहरू खसेको ठाउँमा बाँस झाँगियो रे । ती बाँसहरूले आफ्नो मस्तक बुढासुब्बाबाट चढाएको प्रतीक स्वरूप दुप्पो हुँदैन रे । ती बाँसहरू काट्न पनि हुँदैन रे ।

महाभारत पर्वत शृङ्खलामा पर्ने यस विजयपुर क्षेत्रमा भगवानको बास छ भन्ने धार्मिक विश्वास रहेछ । ऐतिहासिक, सामाजिक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण यस क्षेत्रका भिन्न विशेषता बोकेका अरु मन्दिरहरू पनि रहेछन् ।

नजिकै रहेको दन्तकाली मन्दिर सुन्दर रहेछ । धार्मिक मान्यता अनुसार भगवान् शिवले सतीदेवीको मृतदेह बोकेर भौंतारी रहँदा सतीदेवीको त्यस ठाउँमा दाँत खसेको हुँदा दन्तकाली देवीको उत्पत्ति भयो । भनिन्छ - अद्यापि त्यो दाँत त्यहाँ सुरक्षित छ - दाँतका विरामीहरूले दन्तकालीको दर्शन र पूजा गरेमा दाँत दुखेको निको हुन्छ ।

अबको पाली पञ्चकन्या दर्शनको ।

अलिकति माथिपट्टि पञ्चकन्या अर्थात् अहल्या, द्रोपदी, तारा, कन्ती र मन्दोदरीको संयुक्त नामबाट स्थापना गरिएको मन्दिर साधारण जस्तापातले निर्मित थियो र पञ्चकन्याको प्रतीकात्मक रूप माटोको ढिस्को थियो । हामीले पञ्चकन्यालाइं सम्झेर दर्शन गऱ्यौं र एक फन्को मार्‍यौं ।

प्रकृतिपूजक मेरा लागि त्यहाँको हरियाली वृक्ष बनस्पति शीतल हावा र धरान बजारको सुन्दर दृश्यले झन् बढी आकर्षण गऱ्यो । प्राकृत सरस्वती कुण्ड, खण्डस्मित ऐतिहासिक विजयपुर दरबार क्षेत्रलाई परिक्रमा गर्दै हामी ओल्यौं र मोटर चढेर अलिकति पर पिण्डेश्वरतिर लाग्यौं ।

पिण्डेश्वर संस्कृत विद्याश्रमको नाम मैले धेरै आधदाखि सुनको थिए । लापान्मुख संस्कृत शिक्षालाइं टेवा दिन र आध्यात्मिक जागरण फैलाई एउटा सशक्त जनशक्ति तयार गर्न यो संस्कृत विद्याश्रम कटिबद्ध छ । तर त्यहाँको अव्यवस्थित परिचालन देखेर मेरो मनमा चसक्क बिझयो । सब बर्ष लामा अन्तरालमा त त्यसको स्वरुप परिवर्तन हुनु पर्ने हो ! मैले पुनः त्यहाँ जाने अवसर पाएको छैन । मुझर फेरियो कि कुन्नि ?

त्यसबेला हामी धरानका गल्ली गल्लीमा घुमेका थियौं । धरान बजारमा खोलिएका लाहुरेनीका होटलहरूमा भात खाएका थियौं । र, लाहुरेनीहरूसँग बसाउठी गरेर धुप्रै अनुभवहरू संगालेका थियौं ।

धरान खासगरी भक्तपुर प्रान्त विडिन गोर्खाका लाहुरेहरूको बस्ती मात्र हो कि भन्ने मलाइं लागेको थियो र आंशिक रूपमा रहेछ पनि । त्यस बेलाको घोपाक्याम्पले यस कुरालाइं पुष्टि गर्‍यो ।

लाहुरेहरूको भरमा बनाएको यस

घोषाध्यामले प्रतिबिम्ब के प्रसिद्धि पार्दथ्यो र । अस्पताल नवन्दैको अवस्थामा पनि घोषाध्यामको सौन्दर्य र तदनुकूल व्यवस्थापनले साँच्चै नै वैभवशाली महत्व राख्दथ्यो ।

प्रशिक्षण कार्यको आकस्मिक निरीक्षण र [illegible] समस्याहरूको निराकरणपछि हामी फुर्सदिला हुन्थ्यौं । प्रशिक्षणको सारतत्व भनेकै बनाउनु र बिगार्नु थियो- चाहे राम्रो होस्, चाहे नराम्रो । तर अन्तिम लक्ष्य थियो राम्रै बनाउन र भत्काउने । त्यही सफलता थियो । त्यही प्रशिक्षणको उद्देश्य थियो । [illegible] निरीक्षणमा भइरहेका थिए ।

फुर्सदको मार्ग हामालागि खुल्ला थियो ।

हामीले एक दिन धनकुटा जाने योजना बनायौं ।

\+ \+ \+

धरानको छाताचोकबाट प्रवेश गरेर बजारको मध्यमार्गहुँदै हाम्रो गाडी उकालो लाग्यो र घुम्ती घुम्ती हुँदै निस्क्यो - भेडेटारको डाँडोमा ।

धरान- धनकुटा राजमार्ग (५२ कि.मि)को [illegible] आधाआधिमा भेडेटार पर्दछ ।

ब्रिटिस सरकारद्वारा निर्मित फराकिलो र सुन्दर त्यो राजमार्ग पहाडी क्षेत्रको एउटा नमूना राजमार्ग नै रहेछ । सुन्दैछु, तीस/पैंतिस वर्ष अगाडि बनाएको त्यस राजमार्गको पिच अझै पनि [illegible] छैन ।

भेडेटारले त्यति महत्व पाएको थिएन त्यस बेला, जसरी अहिले पाएको छ । हुन पनि धरानको गर्मी र कोलाहलबाट मुक्त भएर डाँडामा बसी शीतल हावा खाने, मनोरञ्जन गर्ने र टाढा टाढासम्मको [illegible] सौन्दर्य हेर्ने [illegible]को रूपमा प्रसिद्धि कमाएको छ भेडेटारले ।

सिमसिम पानी परिरहेको थियो । हामी एउटा होटलमा बसेर चिया खायौं । अलिकति धरान, अलिकति धनकुटा र टाढा टाढासम्म देखिने अस्ता हिमचुरा र सौन्दर्य पहाडहरूलाई पाएर अनि धेरै बेर नगरेर ओरालो लाग्यौं तमोर नदीलाई लक्ष्य बनाएर ।

केही तल मात्र के पुगेका थियौं, मुटु नै ढक्क हुनेगरी एउटा पहाडे खस्यो र बाटोलाई भसक्के पुरेर राक्षस देखाउँदै खोल्सातिर आएर्यो ।

अकाल मृत्युबाट हामी जोगियौं ।

भेडेटारमा चिया खान नथालेको भए हामी पार हुन्थ्यौं, तर फर्कन नसकेर कुन्नी कति दिन थुनिन्थ्यौं । पन्ध्र सेकेण्डमात्र चाँडो गरेको भए एकैचोटि कुन्नी कुन धाम पुग्थ्यो । खाइ के कारणले बाँच्यौं कुन्नी ।

हामीले [illegible] नयनले तल [illegible] हेर्‍यौं ।

पहाडको फेदी, लेउती (खतरे) खोला र तमार नदी । आज पारिपाटिका धनकुटा बजार । सोच्यौं- कस्तो थियो होला झोलुङ्गेप्रविधिमा निर्माण गरिएको [illegible] माथिको पक्की पुल र कस्तो थियो होला पूर्वाञ्चलको क्षेत्रीय सदरमुकाम धनकुटा ।

धनकुटा घुम्न हाम्रा निधारमा लाखएका रहेनछ ।

हामी फर्क्यौं धेरै निराश र धेरै खुसियाली लिएर ।

\+ \+ \+

हाम्रो मनमा अचानक कुने लहड आउँथ्यो र हाम्रो यात्राको मार्ग निश्चित हुन्थ्यो ।

हामी एक दिन [illegible] जान [illegible] । 'पुगेर फर्कन सकिन्छ' कुन्नी कुन जनजिब्रोले भनेको थियो हामीलाई । तर किन हो कुन्नी ! प्रशिक्षणस्थलसंग सम्बन्धित कार्यविषयमा अल्मलिन परेर होला सायद ! हामी ढिलोगरी [illegible] परेका थियौं । पूर्व [illegible] चतरानहरको किनारैकिनार गन्ड्याङ्गुन्डुङ ढिलेबाटोमा मोटर कुदिरह्यो, तर धाम अस्ताउन लाग्दा पनि गन्तव्य भेटिएन ।

१५/१६ कि.मी लामो गन्तव्य टाढा नभए जति अप्ठ्यारो बाटोका कारण बाटा [illegible] भएको थियो । सोच्यौं- पथगामी एक यात्रुलाई ।

उसले हामीलाई झस्काइदियो - अरु १५/२० मिनेट अगाडी बढ्नु पर्ला । बाटो अप्ठ्यारो छ । गाडी फस्न पनि सक्छ । मोटर छाडेर पनि तपाइंहरू अलिकति पैदल हिंडनपर्छ र कोशी र कोका नदीको संगमस्थलमा पुगेर उकालो उक्लिनु पर्छ । तबसम्म अँध्यारो भइसक्छ ।

उसले हामीलाई थप सतर्क बनायो- तपाईंको मोटर सुरक्षित नरहन सक्छ, गहना लगाएका तपाईंहरूलाई खतरा पनि हुनसक्छ ।

धन्यवाद ! उसको भनाइ हामीलाई रुचिकर लाग्यो ।

समयमै सतर्क भएर हामी फर्क्यौं - जय वराहक्षेत्र ! जय गुरु बराह ! जय सूर्य बराह ! जय कोका वराह ! जय इन्द्र बराह ! हामीलाई क्षमा गर ।

म ठ्याक्कै त भन्न सक्दिनं, तर अनुमान गर्न सक्छु - समय असोजको अन्तिम या कार्तिकको सुरु थियो । पानी बाटोले छिलो थियो । कतै मोटरको ट्रायर फिस्लिएर नहरमा परिने हो कि भन्ने डर ।

भन्दा नभन्दै भगवान् ! हाम्रो साथी गयो ।

१०/१५ मिनेटको बीचमा एउटा ट्याक्टर नहरमा हुत्तिएछ । ट्याक्टर बेपत्ता ! चालक बेपत्ता ! अरु पनि थिए कि ! भए सबै बेपत्ता !

मानिसहरू झुम्मिएका थिए । हामीले केही गर्न सक्यौं कि सक्दैनथ्यौं खै ! अनभिज्ञतावश अप्ठ्यारो अवस्थामा परेका हामीहरू दुःखीको आत्मासग समवत हुद गन्तव्य पछ्यायौं । बाटो निष्पट्ट अँध्यारो छ, गाडी फस्यो वा बिग्रियो भने के गर्ने यस्तो डरमा ? मुटु हुकहुक भइरह्यो । चालकलाई मैले सतर्क गराइरहें र आफ्नो मूर्खतालाई धिक्कारिरहें ।

धन्य भगवान् ! हामी बाँच्यौं र सकुशल घरान पायौं ।

\+ + +

हाम्रो एउटा अर्को जमर्को पनि भएको थियो - कोशीटप्पु पुग्ने । तर कुन मार्ग हुँदै कताबाट जान सकिन्छ ? बाटो कस्तो छ ? समय कति लाग्छ ? गाडि जान सक्छ कि सक्दैन ? स्पष्ट मार्ग निर्देशन खोज्दाखोज्दै जान सकिएन । यस अघिका यात्राहरूबाट पाएका असफलता र चुनौतिहरूले पनि हतुवाको मरमा हिंडहाल्ने आट गर्न सकिएन ।

यही एकदशकीय समयावधि भित्र ग्रामिण आवास कम्पनी, योजना कार्यालय झापाका तत्कालीन प्रमुख गङ्गाबहादुर राईको निम्तोमा एक दिन चन्द्रगढी बस्यौं । त्यस रातको बास र राईजीको आतिथ्य अत्यन्त सुखद् रहे । यसैगरी राजबिराजदेखि ८/१० कि.मि. दक्षिणमा रहेको छिन्नमस्ता भगवतीको दर्शन र अन्तिम चरणमा भएका विराटनगर भ्रमण तथा जोगबिनीको किनमेल पनि आनन्ददायी रहे ।

अहिले पनि पूर्वाञ्चल भ्रमणको क्रममा भएका ती सम्भाव्य दुर्घटनाका त्रासदीहरूलाई सम्झंदा आङ जिरिङ हुन्छ । तर अन्तर्मुखी दृष्टि राखेर यथार्थको नजिक पुग्दा लाग्छ - यस संसारमा अवतरण हुने क्रममा लिएर आएको भोग नसकिदासम्म जातसुकै ठूला शक्तिले पनि कहा बिगार्न सक्दैन ।

***

- सफल दाम्पत्यजीवन महिला र पुरुषको अहंकारको विसर्जन हो ।- वेद
- प्रकृतिसँग तादात्म्यता राख्ने कुनै शासनव्यवस्था छ भने त्यो हो प्रजातन्त्र ।- थोरो
- सज्जनहरु उपकार गर्न नसक्दा व्यथाको अनुभव गर्छन् । - कल्हण
- विवेक र बुद्धिहीन मानिसलाई शास्त्र र अन्धालाई ऐन उस्तौउस्तै हो । - नीतिशास्त्र
- हिंडनु ठूलो कुरा होइन, पुग्नु ठूलो कुरा हो । - शेक्सपीयर

गजल

❑ लेखराम सापकोटा "निर्दोषयात्री"

कहिले जुन देखें कहिले तारा देखें
स्वप्निल चाहनाहरूमा सारा देखें ।

उत्साहका पहाडहरू ढल्दै गएपछि
आँशु छचल्किएका आफ्ने रारा देखें ।

[illegible]
आफ्नै आँगनीमा विद्रोहको नारा देखें ।

सिमा नाघ्यो विद्रोहले खै कुन्नी किन
नौनी जस्तो मनमा अश्रुधारा देखें ।

उदाएको सूर्य पनि रात देखिछौ
आफ्नै अघि निर्दोषको ज्यानमारा देखें ।

– गैडाकोट-७ नवलपरासी

गजल

❑ प्रकट पगेनी "शिव"

कहां पठाउं तिमीलाई चिट्ठी ठेगाना नै फेरिएछ
फुर्दै थियो मनको गाँठो अचेल फरि बेरिएछ ।

आजभोलि बतासले पनि लान्न मनको खबर,
चारैतिर कुहिरा आइ डाडापाखा घेरिएछ ।

[illegible]
बिहानदेखि रित्तो धुम्ती बिनसित्ति हेरिएछ ।

मायाप्रीति संग्लो हुन्छ मन्छन् शान्त चोखो हुन्छ,
तर आज हाम्रो साइनो कता केले जोलिएछ ।

'प्रकट'लाई हराउने छकाउने रै छ दाऊ,
सकुनीलाई साथी रोजी कस्तो खेल खेलिएछ ।

– पोखरा

श्री ५ महाराजाधिराज सरकारको

५९ औं जन्मोत्सवको पावन अवसरमा मौसुफका गाथमा
सु-स्वास्थ्य एवं सु-शासनका लागि हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

गजगुरू कन्स्ट्रक्सन कम्पनी प्रा. लि.
कुपण्डोल, ललितपुर
फोन : ५५४३५०७, पो.ब.नं. २५४३
फ्याक्स: ५५५५१३४

लेख

साहित्य, प्रकाशन र सम्मानको परम्परा

- यादव भट्टराई

वि.स. २०४४ सालदेखि साहित्यिक पत्रकारितामा निरन्तर योगदान दिंदै आएको 'दायित्व' पत्रिकाले आफ्नो छुट्टै अस्तित्व स्थापित गरेको छ। साहित्यिक पत्रिका प्रकाशनले निरन्तरता प्राप्त गर्न भनेको अत्यन्त महत्वपूर्ण कुरा हो । 'शारदा' को परम्पराबाट अघि बढाउँदै विभिन्न साहित्यिक पत्रिकाको प्रकाशनले नेपाली साहित्यलाई नया युग र पुस्तामा नयाँ ढङ्गबाट प्रकाशित हुन मुहुत गरिरहेको छ भन्नु युक्तिसङ्गत नै हुनेछ। उत्तम कुँवर र रुपरेखा, रोचक घिमिरे र रचना, भवानी घिमिरे र भानु, नगेन्द्रराज शर्मा र अभिव्यक्ति, नकुल सिलवाल र बगर, माहन दुवाल र जनमत, कृष्णप्रसाद पराजुली र सुनकोशी, अच्युतरमण अधिकारी र उन्नयनलगायतका धुपै नामहरू एक-अर्काका पर्याय बनेका छन् ।

निजीस्तरबाट साहित्यिक पत्रिका निरन्तर प्रकाशन गर्नसक्नु फलामको च्यूरा चपाउनु सरह हो । साहित्यका माध्यमबाट समाज रुपान्तरणमा समाज पुऱ्याउने हेतुले साहित्य लेखन र प्रकाशनको कार्यमा घामपानी नभनीकन व्यक्तिगत तबरबाट लेखकका घर-घर चहारेर रचना प्राप्त गर्नु र विज्ञापनका निम्ति व्यक्ति र संस्थाका दैलादैला पुगेर पनि पर्याप्त सहयोग नमिल्नुको अवस्थामा पत्रिका प्रकाशन हुनु अत्यन्त पीडादायी हुन्छ । माथि उल्लिखित व्यक्तित्वहरू- जसले प्रत्यक्षरूपमा जीवनको स्वर्णिम समय साहित्यका निम्ति समर्पित गरे । त्यसका निम्ति नेपाली वाङ्मयले ती नामहरूलाई बिर्सन मिल्दैन। नेपाली साहित्यलाई तिनका गुणलाई समेत बिर्सन मिल्दैन । यसै शृङ्खलामा जोडिन आउने माथि उल्लेखित गरिएभन्दा पनि धेरै नाममध्येको अर्को एक नाम हो रामप्रसाद पन्त । दायित्व र रामप्रसाद पन्त एक-अर्काका पर्याय बनेका छन् ।

वि.स. २०४४ सालदेखि नियमितरुपमा प्रकाशित 'दायित्व' पत्रिकाले नेपाली साहित्यका बरिष्ठदेखि साहित्यमा भर्खर पाइला टेक्दै गरेका नया प्रतिभासमेतलाई स्थान दिंदै आएको छ । नेपाली साहित्यलाई टेवा पुग्ने किसिमका विभिन्न विशेषाङ्क प्रकाशित हुनुले र बेलाबखत विधागत लेखनअन्तर्गत साहित्यिक प्रतियोगिताहरूको आयोजना गरिनुले 'दायित्व'को गरिमालाई अझ उच्च बनाएको छ । यसरी साहित्य र साहित्यकारको प्रकाशन कार्यलाई कठीनतम परिस्थितिहरूसँग जुझेर अघि बढाउँदै आएको 'दायित्व'लाई जीवित राख्न वि.सं. २०५७ सालमा उत्साही साहित्यकार एवम् साहित्यानुरागीहरूको सल्लाह र सहयोगमा 'दायित्व वाङ्मय प्रतिष्ठान नपाल'का विधवत् स्थापना गर्ने कार्य सम्पन्न भएको हो । यस कार्यका निम्ति समेत 'दायित्व' पत्रिकाको आरम्भदेखि नै अत्यन्त सक्रिय र सहयोगीका रूपमा लागिपरेको अर्को उल्लेखनीय नाम हो- ठाकुर शर्मा । भद्रकुमारी घल, प्रा. गोपाकृष्ण शर्मा, प्रा. रामप्रसाद दाहाल, सूर्य सेन र डा. तुलसी भट्टराईजस्ता व्यक्तित्वहरूको सल्लाहमा यस प्रतिष्ठानले साहित्यिक क्षेत्रमा प्रतिष्ठा आर्जन गरेको छ । वि.स. २०५७ सालयता प्रतिष्ठानले २६ वटा साहित्यिक कृतिका प्रकाशन गरेको छ । साहित्यकार देवी नेपालको 'श्रद्धाञ्जली' खण्डकाव्यबाट प्रकाशन आरम्भ गरेको प्रतिष्ठानले

वि.सं. २०६२ मा साहित्यकार मधुसूदनप्रसाद घिमिरेको 'मध्यान्तर' कथासंङ्ग्रहसम्मका प्रकाशन यात्रा तय गरेको छ। यसका साथै साहित्यकार [illegible] शङ्कर कंडराला स्मृति पुरस्कारबाट साहित्यकार हरू भागीरथी श्रेष्ठ तथा मनु बाजाकीलाई सम्मानीत गरिएको छ भने साहित्य सम्मानबाट हालसम्म समालोचक प्रा.गोपीकृष्ण शर्मा, [illegible] वरिष्ठ साहित्यकार कृष्णप्रसाद पराजुली, साहित्यकार डा. टीकाराम पन्थी, उपन्यासकार गीता केशरीलाई सम्मानीत गरिएको छ भने यस पटक विशिष्ट समालाचक प्रा. ठाकुर पराजुली र प्रसिद्ध साहित्यकार सूब [illegible] गरिएको छ।

नेपाली साहित्यवाटिकामा सयौं समालोचना दिएर योगदान गर्नुभएका प्रा. ठाकुर पराजुलीका रचनाले नेपाली साहित्यलाई उचित मार्गदर्शन गरेका छन्। यसका साथै त्रिभुवन [illegible] प्रमुख समेत रहीसक्नु भएका प्रा.पराजुलीले दर्जनौं साहित्यिक संघ संस्थामा रहेर साहित्यक उन्नयनका निमित्त पुऱ्याउनु भएको योगदान उच्चस्तरको रहेको छ। यसैगरी यात्रासंस्मरणबाट साहित्य यात्रामा [illegible] साहित्यकार सूब सेनले दर्जनौं साहित्यक कृति दिएर नेपाली साहित्यलाई गुन लगाउनु भएको छ। दायित्वको यात्रामा सूब सेनको साथले महत्वपूर्ण स्थान आगटको छ। राष्ट्रका स्वनामधन्य [illegible] व्यक्तित्वहरूलाई सम्मानित गरेर दायित्व स्वयं सम्मानित भएको छ भन्दा अत्युक्ति नहोला।

साहित्यसेवा आय आर्जनको सेवा होइन, यो त विशुद्ध निष्काम कर्म हो। समाजहित र राष्ट्रहितको पुण्यकर्म हो। यसमा समर्पित हुनेहरूले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्र र मानव हितका निमित्त कार्य गर्दछन् र यही चिन्तनको धरातलमा आफूलाई उभ्याउँछन्। दायित्वले आयोजना गरेको सम्मान समर्पणको कार्यक्रम यसका निरन्तरता हो। दायित्वले राष्ट्रका सुपै साधक र शुभचिन्तकको स्नेह प्राप्त गरेको छ। दायित्वको अस्तित्व संरक्षणका निमित्त पनि प्रतिष्ठानले अझ सक्षमतासाथ अनुकरणीय र उदाहरणीय बनेर समाजसामु प्रस्तुत हुनु आवश्यक छ। साहित्य- यात्रा कठिन छ र यहाँ कठिन यात्रामा दह्रो पाइला चाल्नु साहित्यिक संस्थाको चुनौति पनि हो।

साहित्यकार, सम्पादक, प्रकाशक रामप्रसाद पन्तको अध्यक्षतामा दायित्व वाङ्मय प्रतिष्ठानको नया काय समाति हाले चयन भएको छ। यस कार्यसमितिले वर्तमान चुनौतीलाई स्वीकार गर्दै सम्मान, प्रकाशन र पुरस्कारको परम्परालाई अझ दिगो र साधक तुल्याउन सफल रहोस्। शुभकामना।

श्री ५ महाराजाधिराज सरकारको
५९ औं जन्मोत्सवको पावन अवसरमा मोसुफका गाथमा सु-स्वास्थ्य
एवं सु-शासनका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

ऋषिराम अर्याल
(तथिप)
इचंगुनारायण गाविस परिवार
रबमण्डु, काठमाडौं

कथा

पराजित मीरा

❑ केशवराज पन्त

मीरा आज पुर्पुरोमा हात राखेर सोच्दै छिन- मेरो त्यो निर्णय सायद गलत थियो । मैले अन्जानवश त्यो निर्णय गरें । अरुले पनि मेरो निर्णय माथि प्रतिवाद गरेनन् । तात्कालीन परिस्थिति अनुरुप चल्न नसक्दा जन्मापाखा हुन गएकी एकल भूमाको [illegible] को साठी वर्ष उमेरसम्म पनि भोग्दै आएकी छु ।

हुन पनि सोच्दै नै [illegible] पूर्ण थियो मीराको सोच र त्यसको परिणति । आफ्नै कोखबाट जन्मेका छोराहरूले मीराको जीवनसँग सहयात्रा गर्न नसक्ने नियतीको भोग अघि सारेर पुत फर्केर नआउने बाटो लिए पनि मीना सन्तानविहीन त थिइनन् नि ! होनाहार [illegible] छोरीहरूलाई [illegible] थिइन् मीराले । बदलिंदो परिस्थितिसँगै आएको ऐनले छोरीले पनि सम्पत्ति खान पाउने अधिकार दिएकै थियो ।

सायद पुरातन संस्कारले गाजिएको मानसिकताले ग्रसित भइन् मीरा । लोग्नेको मति बिग्रेर भान्जुपरका अवैध सन्तानको [illegible] लखटरहक थियो मीराको मनस्थिति । कतै त्यही अवैध सन्तानले मेरो लोग्नेको सम्पत्ति माथि एकलौटी राज गर्ला ! मेरा छोरीहरू अलपत्र पर्लान् र अन्ततः हामीहरूले पनि बुढ्यौली जीवन कष्टसाध्य ढंगबाट बिताउनु पर्ला ! मरि-सकपछि परलोक जाने सुनौली द्वारमा बार लाग्ला ।

वास्तवमा लोग्नेको बुद्धिमाथि "कु" विशेषण लाग्नाले पनि मीराको [illegible] सही काम [illegible] हुनसक्छ । तब उनको कार्यकुशलता र तर्कपूर्ण शक्तिको अगाडि सानातिना बाधाव्यवधानहरूले ठेग हल्नाउने थिएनन् ।

मीराले बैस छेदा कम साथ दिएकी थिइन् र लोग्नेलाई ? कति दुःख व्यथाहरूलाई आफ्नो शिर माथि पर्दाको रूपमा [illegible] लोग्नेको इच्छालाई [illegible] दिइनन् । अजस्रधारा आँसु बगाएर, दश नइग्रा खियाएर, मातृत्वलाई बचाएर वर्षौंवर्ष कुरिन् । तर प्रतिफल के पाइन् त ? अवैध सन्तानको स्वीकारोक्ति अथवा पुनर्विवाहबाट प्राप्त हुनसक्ने पुत्रैषणा !

यस सङ्कटको गर्तमा पर्न सक्ने सम्भाव्यताबाट दूर रहन मीनाले एउटा निर्णय गर्नै पर्ने थियो र गरिन् त्यो निर्णय । अत्यन्त कठोर निर्णय !

अर्थात् आफ्नै मामाकी छोरीलाई सौता बनाउने प्रस्ताव राखिन् मीराले !

प्रस्तावको समर्थन भयो सहज रूपमा ।

विवाहले मूर्तरूप लियो ।

सौता एउटा भावना हो । भावनालाई परिवर्तन गरे सौता, सौता रहन्न । एउटी बहिनी सरह हुन्छे । मीराको यो उच्च भावना ।

यति गरेपछि लोग्नेको मतिले सही काम गर्छ भने त्यति त्याग किन नगर्ने ? अर्थात सौतालाई आफ्नै सहोदर बहिनीसरह किन व्यवहार नगर्ने ?

हुन पनि उनले बहिनी भन्दा कति फरक देखिनन् । पहिले पनि बहिनी थिइन्, अहिले पनि बहिनी । पहिले मायली घरमा थिइन्, अहिले आफ्नै घरमा, घर ।

साँच्चै नै मीराले यति माया दिइन् कि आफ्ना छोरीहरूको सामीप्यता भन्दा पनि बढी ।

उनले हनिमुनका लागि घुम्न पठाइन्- बूढा लोग्ने र तरुनी बहिनीलाई । उनीहरू देश घुमे, विदेश घुमे, मीराले मोठा मोठा पकाएर खान दिइन्, सुखस थलमा राखिन्, मोटाउन हालिन्, बल प्रदान गरिन् र लोग्नेको जैविक पुत्रैषणालाई सफलीभूत पारिन् ।

सुन्दर र स्वस्थ पुत्रको जन्म भयो वहिनीवाट।

जो सुकैवाट जन्मोस् आखिर आफ्नै लोग्नेको रक्तवाट त जन्म्यो।

मीरा खुशीले रमाइन्। [illegible]। ले, मेरो कुलभूषण, मेरो कुलनायक, मेरो कुलतारकको जन्म भयो।

\+ + +

तर मीराको खुशीले धेरै दिन स्थायित्व लिन सकेन।

लोग्ने र वहिनी (सौता) को व्यवहारले उनी झस्किन्। सोचाइमा फरक, दृष्टिमा फरक, बोलीमा फरक सुविधामा फरक। त्यांत मात्र होइन, सौताका छोरा र आफ्ना छोरीहरूमा झनै ठूलो फरक।

यद्यपि छोरीहरू सबै विवाह भएर घर घर गइसकेका थिए तथापि आउँदा जाँदा त समान व्यवहार गरे हुन्थ्यो नि! बेवास्ता, मात्र औपचारिकता।

जे होस् सक्दासम्म उत्तले सहेरै बसिन्। पिरिएरै बसिन्। थिचिएरै बसिन्। उकुलमुकुल भएरै बसिन्। तीता र कष्टपूर्ण व्यथाहरूलाइ पचाएरै बसिन्। भित्रको कुरो बाहिर जान दिइनन्। कत्रो उदारता।

जुन सुकै चिजको पनि एउटा सीमा हुन्छ। सीमा नाघेपछि मानवमा मानवत्व रहन्न। बुद्धिको कुनै विशेषण छैन। त्या बुद्ध सकारात्मक पान हुन सक्छ, नकारात्मक पनि। बुद्धिको उडानमा विवेकले लगाम लगाउन सकेन भने त्यसले आफ्नो विनाश निम्तिन्छ।

त्यो लगाम तोडियो। त्यो मर्यादा भाँचियो। मीरामा रहका धैर्यताका बाध टुट्या।

जब सकारात्मक भावनामा अयोचनीय प्रहार हुन थाल्छ तब धैर्यले पनि आफ्नै खाइदै जान्छ। घर भित्रको विकराल बवण्डरमा पिल्सिएर जब मीरा बाझिन थालिन् तब उनको बाहिर निस्कनु बाध्यता बन्या। जब उनी एकलइन्, उनलाइ बस्न खान र लगाउनको आवश्यकता पऱ्यो। उनले अर्को उपाय नदेखेर आफ्नो अधिकार माग्न- गाँस, बास र कपासको मौलिक अधिकार। एउटी विवाहित नारीले लोग्नेसंग माग्न पाउने अधिकार।

तर निराश! उनले अराधिकारको बदला सहस्र दुर्वाच्य पाइन् - खबरदार! यस्तो कुरा फेरि उठाइस् भने .....। घरको दासत्व स्वीकारेमा खान पाउँछेस्, अन्यथा .....!

अन्यथा, अर्थात् ज्यानको खतरा पनि हुन सक्थ्यो मीरालाई।

घरको कुरा समाजमा पुऱ्याउनु भनेको आफ्नो आइ कन्याएर छारा उठाउनु जस्तो लाग्यो पहिले मीरालाई। तर तिरष्कृत भएर कति दिन बस्ने? दासत्व स्वीकारेर कति दिन बस्ने? त्यसको कुनै सीमारेखा छैन।

अंशको नाममा छेउटुप्पो नआउने भएपछि मीराले आफ्नो नामको सानो टुको जग्गा बेच्ने सोच गरिन्। त्यसको सुईको पाएका बुद्धिमान् पतिले खबर दारी गरे- हेर्‌ को आउँदो रहेछ जग्गा किन्ने मान्छे! [illegible] तारिखमा झुण्डयाउँछ।

को गरोस् त्यस्तो झण्झटमा पर्ने साहस?

मीरा आश्रय खोज्दै माइती गएर बस्न थालिन् र नचाहँदा नचाहँदै पनि समाज गुहार्ने बाध्य भइन्।

तर अधिक स्वीकृति, अधिक प्राप्ति। [illegible] कुनै औषधि छैन।

दुर्बुद्धिले बारम्बार धोका दिइरह्यो, दिइरह्यो। कुबुद्धिको राज चलिरह्यो, चलिरह्यो। सामाजिक कलहको टीका लागिरह्यो, लागिरह्यो। यो क्रम चलिरहेको छ, चलिरहेको छ। चल्दै गएको छ।

मीरा पराजित मनस्थिति लिएर अहिले आँसुका अजस्र नुनिलाधारा घुटुघुटु निल्दैछिन् र सोच्दैछिन्- मैले जुन आत्मनिर्णय गरें त्यो ठीक थियो कि बेठीक? त्यसो नगरेको भए अर्को झन् ठूलो दुर्घटना पो हुन्थ्यो कि? [illegible] कि? तर हुन्थ्यो पक्कै केही न केही भए पनि यति ठूलो दुर्घटना हुँदैन थियो कि? खै के हुन्थ्यो, हुन्थ्यो? मैले आफ्नो खुट्टामा आफैं बन्चरो न हानिनँ? मैंले आफ्नो खाल्टो आफैं न खनिनँ .....?

***

संस्मरण

उघ्रिएका आँखा उचालिएको गज

❑ माधव काफ्ले

अनायास ऊ मेरो जीवनमा फेरि गाँसिन आइपुग्छ ।

सपनाको राजकुमार झैं

मुटुको डिलैडिल फुल्छेर एउटा मीठो छाप छोड्दै फुल हिँडिदिन्छ ।

इच्छाका खापाहरू खोलेर खैचन के खोज्छु ऊ पर-पर अझै पर पुगिदिन्छ । उसको सुकिलो अनुहार, चोखो चरित्र र सफा व्यवहार छुदा मयल लाग्छ भनेझैं गरी उर्जाका अनगिन्ती लहरहरूलाई समेटेर छचल्किदिन्छ । उसको छचल्काइमा जोस छ, जाँगर छ, उमङ्ग छ, साधना छ र त छचल्काइलाई प्रभावशाली बनाउन सक्षम छ । [illegible] सन्तुष्टि समाउने गर्दछ । मीठो तर लाग्छ वैभवशाली ।

मयी पटक भेट भए पनि, कयौं पटक उठबस गरे पनि, एकैठाउँमा हाँसे-हिँडे पनि उसको चाहिँ खै के थियो कुन्नि ! मेरो चाहिँ हेर्ने दृष्टि अलिफरक थियो ।

सम्पन्नता र असम्पन्नताको बीचमा इष्यां [illegible] छ कि न, हैन र ?

म त्यहीं खाडलमा चेपिएको मान्छे । त्यहा खाडलमा हुकिएको मान्छे, त्यहा मस्कारमा हुकिएको मान्छे । कुण्ठाग्रस्त मानसिकताको सकेनासले सिठी भएको मान्छे ।

भनिन्छ, मान्छेले धेरै गुणहरू पैतृक विरासतबाट पनि लिने गर्दछ, द्वेषको भनौं या द्वन्द्वको धुमैली [illegible] मैले कैले हेर्न सकिनँ । प्रदूषित दृष्टि कति परिपाक हुन्छ थाहा छैन । त्यसैले त भनेको हुँ मेरो हेर्न दृष्टि अलि फरकको छ ।

ऊ कुलीन परिवारको मान्छे, म गरीब परिवारको मान्छे । सम्पन्नताको स्वरलहरीमा पौडदै सुख-सुविधाको वैतरणी पार गरेर उसले गन्तव्यको डोब छन्यो र एउटा निर्दिष्ट मुकाममा पुग्ने लक्ष्य लियो । अभावग्रस्त जिन्दगीबाट उठेर अन्धौलको पटाङ्गिनीमा छरिएं म । अस्तव्यस्त जीवनपद्धतिको गोरेटोमा [illegible] क्रियाकलापको कोतपर्व मच्चाउँदै गजेन पुगें म । सपना थिए, तिर्सनाका बाहेक नी त्यति गतिला थिएनन् । जीवनबाट सीमुन्दा पानी जिजीविषातर लागें । त्यसैले हामी बीचको ..... खै के भन्नु ..... दूरी झन् बढेर गयो ।

जति बेर चन्द्रनिगाहपुरमा ऊ थियो, त्यतिबेर म रामेछापका गहने पाखाहरूमा [illegible] थिएं । [illegible] सम्पर्पणको सर क्षेपन गरी पिरती साटेरहेको थिएं । जतिबेर म चन्द्रनिगाहपुर आएं त्यतिबेर मेरा पाकाट प्रकृतिका उपस्थितिका छनकले न होला ऊ कुलेलम ठोकिसकेको थियो यहाँबाट । त्यसै भएर नै उसले नाम पायो, यश पायो, प्रतिष्ठा पायो र पायो पाको परिवेश पनि । यहाँको माटोलाई नै भू-स्वर्ग ठानेको हुँदा घृणा-[illegible] र [illegible] हुँदैछु । उसले चाहिँ गरेन त्यसो ! मैले सुनेको छैन आजसम्म ।

त्यसैले पनि (भनिहालें) मेरो हेर्ने दृष्टिकोण अलि फरकको छ ।

आर्थिकले मात्रै होइन मानसिक रूपले पनि म अलि कमजोर खालको मान्छे हुँ ।

(भन्न त नहुने हो किन बाकी राखौं [illegible] एउटा [illegible] आफन्त भन्यो कि कता कता मदमा दम्को पऱ्या जस्तै हुन्छ ।)

मेरो कमजोरी र मेरो सुकिलो चरित्र नभएर पनि होला, धेरैले मलाई घृणा गरेका । उसले गर्छ गर्दैन मलाई थाहा छैन । [illegible]

क्षणहरूमा पुरिएका नीलडाम सम्झँदा निन्द्रामा पनि काँडा उम्रन पुग्छ जिउमा ।

हामी पहाडमा बस्ने मान्छे । शहरमा जान रहर लाग्यो रमाइलो लाग्यो सम्पन्न आफन्तहरूको घरमा जानुको मजा र उमङ्ग नै अर्को हुन्थ्यो । त्यसैले बेलाबेलामा घरबाट भागेर आफन्तहरूको ठोकिएर पुग्थें, पोटाकेटी छैन । गाउँमा त, हाम्रा मान्छे पनि ठूला-ठूला शहरमा छन् भनेर कसैसँग भन्न पाउँदा गर्व लाग्थ्यो ।

अँ, त भागेर आफन्तहरूको घरमा गया, सामान्य औपचारिकताको तुनु समाएर यसो सबै धेरै राम्रो । बस । कहिले काहीँ कतै त मान्छे नै होइन, यो कहाँको जङ्गली भूत आयो हँ भने झैं गरी मन्सिदियो ! यसो डोबाटोमा पुऱ्याएर हुत्याइदियो । ठूलो सत्काम गरेर गुन लगाए झैं गर्नुहुन्थ्यो ।

नजिकन जतिसुकै हिमचिम गरे पनि आफ्नो कोकाली स्वभावलाई सपक्क पुछेर जतिसुकै मिजासिलो र नरम हुने खोजे पनि छुँदा छोइँछिटो लागिहाल्छ कि भन्ने भाव अनुहार भरी पोती किलिकलाएको केही सुविहक आँटदा अचेल आफन्त भन्थो किश्रद्धा हँ भन्नु त नहुने हो घृणा लाग्दछ । दोस्रो दर्जाको नागरिक हैन मान्छे हुनुको पीडासँग पटक पटक जम्काभेट गर्न पुगेको छु आफन्तहरूको घरमा ।

हुनत आफूले आर्जन गर्न नसकुन्जेल गतिलो रहर पनि भएन । सायद नपाएर नै होला । गतिलोसँग ऐले पनि साक्षात्कार हुन सकेको छैन। पहिरन लगाउन पनि मकिएको थिएन । धुसा फुसा र सात ठाउँ सिए टालेको कपडाले पनि त्यसो भएको हुन सक्छ । सत्र जना दाजुभाइ-दिदी बहिनी भित्रको मान्छे हुँ म । पन्ध्र जना त जिबीनै छौं आँइले पनि । हामीले मीठो खान नपाएको र राम्रो लगाउन नपाएकोमा, कसैको देख्ना लोभ लाग्थ्यो तेर खान लगाउन पुगे जेथो भए पनि बा-आमाले त्यति ध्यान नदिनु भएकोमा मले मलाई अहिले पनि त्यति विश्वास लाग्दैन । हामा हात गोडा सबै सहे छन । सबै कमाएर खान सक्ने सामर्थ्यका छौं । त्यसैमा म तृप्त छु । मलाई खुशी मात्र होइन गर्व पनि लाग्दछ सहे भएर हिड्न पाएकोमा ।

त, त्यस अवस्थामा आफन्तको घरमा पुग्दा गाँस त जे जस्तो दिए पनि खाइन्थ्यो । बानी परिसकेको हुनाले मतलब पनि लाग्दैनथ्यो । बाय चाहिँ धमिलो किसिमले बिताएको थुप्रै सम्झना छन् मसँग । भित्र सुत्थो भने झिँजाको मान्छेले जस्तै गर्दै गुडुगुडु पारेर लाछ गर्नेको गरी एउटा फयाउलो भिडाएर छिडी अथवा गाठ-खोर्गेर अन्माउँदै पन्माउँदा बालमनोभाव कलाकता सुक्त थालको आहालको हिलाजस्ते हुन पुगपाछ बिस्मात्लाई थुम्थुम्याउँदै बाटा लाग्थें । आफन्तहरूको अनुहारबाट घृणाकिएको आत्मीय बिहीन सिरटोले बढारेपछि कक्रेको र कठाङ्गिएको मानसिकता बोकेर पाखा लाग्न बाल्यकालको अनुभवले सिकाएको हुँदा ऐले पनि त्यसको रश मुटुतिर बल्झने गर्दछ ।

झिँको नमानीदिनूस् न ! यति बयान गरपाछ एउटा सानु प्रसङ्ग पोन यस साथ जोड्न मन छ !

मावली हजुरबा सम्भ्रान्त परिवारका मान्छे हुनुहुन्थ्यो । म जन्मेसाल उहा मालपात विभागका डाइरेक्टर हुनुहुन्थ्यो । धेरै वर्ष न्यायाधीस भएर रुपाली कमाउनु भएको मान्छे । जगपुरमा उहाको मौजा थियो । धार्मिक प्रवृत्तिको मान्छे हुनुभएको हुँदा उहा प्रायश: त्यतै बस्नुहुन्थ्यो । पहाडमा पनि जग्गा प्रशस्त थियो । पहाडको उहति उठाउन आउनुभएको सुनेपछि लुसुक्क भागेर माबल गएं । केटीले न थिएं । आठ-नौ बर्षको फुच्चे हुँदो हुँ । फलाङ्गफुलुङ्ग गरेर दिन कटाएं । बेलुका खानाखाएर ओछ्यानमा पहाडनिरको बरहमा आगो तापेर मान्छेहरू बस्न हुने ठाउँ, खाटजस्ते माटाको चौको। भुसुक्क निदाएछु । ओछ्यानैतिर भऱ्याङ थियो । चाटामा जाँदा देख्नुपर्ने नदेखेर हो वा नचाहेर हो। माघको दिन थियो । धकाइयुक्त भाते निद्राले छोड्नासाथ जाडाले थिचिहाल्यो । एकदिन त खुप्पा हिनुहोला र ओर्लौला भन्दै बल्टोकोल्टो फेर्दैरहें । तर जाडाले चेपेर जिउ कठाङ्गिन थालेपछि पाँखरहन थेप्न पातलो हुँदै गयो । यता उता केही पाइ पो हालिएछ कि

भनेर छाम्छाम, छुमछुम गर्दै हेर्ने । कतै केही देखिन्न । अगेनाका हेर्ने । आगो सिरिसकेको तर आँटी चाहिँ अलिअलि तातै थियो । एकछिन बसें । त्यसले पनि जे गतिलो भर दिएन । नबोलाए पनि त पला माथ ने जान्छु भनर भन्याङ चढ्ने । घाप्ट लगाइएको रहेछ । जाडाले जिउ झन् डाम्न थाल्यो । डर पनि रमरम लाग्न थाल्यो । दाँत पनि कट्कटाउन थाले । सुत्नु भन्दा पनि अलिकति ताताको भर नपाए अडिन सकुँला जस्तो पनि लागेन । तल झर्ने । एकछिन त्यही ओछ्यानमा पल्टिएँ । स्थिर हुन सकिन । ओछ्यानकै गुन्द्री ओढेर एकछिन त सुतें तर ओछ्यानको रिपले झन हकाया । भुतुक्के भए पान निन्द्राल पत्याएन । पुन: भन्याङ चढेर ढक्ढक्याउन थालें । कतैबाट केही प्रत्यत्तर नआएपछि 'हजुरआमा धोप्टे खोल्नुस् जाडो भयो, हजुरआमा ढोका खोल्नुस् न जाडो भयो' भन्दै अनुनययुक्त रुन्चे आग्रहमा धेरैबेर भुन्भुनाएँका पनि पछि केही लीच पलायेर ओछ्यानको त्यही गुन्द्रीलाई तानेर अगेना भित्र पसें । एक झप्को त निदाएँ तर स्थिर रहन सकिन । आल्टे काल्टे फेदाफेदै उज्यालो भो । हजुरआमा पानसको उज्यालोलाई अगाडि लगाउँदै श्रीकृष्ण गोविन्द हरेमुरारेको पावनध्वनी सहित तल झर्नुभो, दैलो उघार्नुभो, म चाहिँ जस्केलो खोलेर सुईकुचा ठोकें ।

[illegible] त्यही नै अन्तिम रात हुन पुग्यो मेरो जीवनको ।

त्यसैले भनिहालें मेरो दृष्टि अलि फरकको छ । उमेरको थाङ्गा हामीहरूको बेल्लाबेल्ले भए तापनि मलाई लागे अनुसार प्रमाण पत्र तह एक साथ पढेका छौं । ऊ कानुनको विद्यार्थी । म शिक्षाशास्त्र सकाय पछिको शिक्षा पढ्दा छात्रवृति पाइने लोभले तान्यो । पछि छात्रवृत्तिले लोप्पा [illegible] प्रमाणपत्र नै मलाई धुम्धुम्याएर रहरका तानाबाना झुण्ड्याउँदै गाउँ पसें । बाध्यता पनि थियो । अंग्रेजी पढ्नको साटो जजमान र ज्योतिष पढ्नु पर्छ भन्नुहुन्थ्यो बेलाबेलामा बा । खर्चको मुहान खरपट्ट भएर सुकेपछि नचाहिँदै धेरै पाइने ।

सम्पन्न परिवारको मान्छे । राजनैतिक परिवेश र पृष्ठभूमिमा हुर्केको हुनाले लाग्यो पछि राजनीतिमा लाग्यो । धेरै असन्तोष बटुले पनि इच्छाको पात्र भएर थोरै सन्तोष भित्र्याउँदै अग्राखका खोबा झैं आफ्ना आस्थाप्रति अटल रह्यो ।

राजनीति परिवेशमा त म पनि हुर्केको हुँ । सातसाले आन्दोलनको अग्निकुण्डमा तुरेर्राको र एउटा भरुवा भिरेर एक दुई महिना सिन्धुलीगढीका पाखा भित्तामा मेरा बाउ पनि देखेहरूले भनेको चुरोपो हुँ जाल्पाको इयाङ्ग्रो ठोकेर थामीको गजो झैं खुबै उफिनुभाथ्यो अरे ! चन्दा असुलीको रकेभूत जगाउँदै । तर त्यसको प्रभाव ममा चाहिँ परेन । नपरर नै हो क्यार डोटीको डुमजस्तै हुन पुगेको छु अचेल ।

त्यतिबेर उसको डेरा थानेश्वरमा थियो । म बराबर जान्थे त्यहाँ । तर उसलाई भेट्न हैन । उसका पिताजी प्रकाण्ड हुनुहुन्थ्यो । साहित्यकार हुनुहुन्थ्यो र पुठीको सल्लाहकार पनि । कसै यसी पण्डा-पुजारीहरूको पिंधको लोटा बनाएर झुण्ड्याइदिनु पो हुन्छ कि भनेर पनि धाउँथें । उहाँको लेखनबाट अत्यधिक प्रभावित भएको हुनाले पनि धाउन मन लाग्थ्यो । कथा, कविता, निबन्धमंग परिचित भएको हुँदा [illegible] कुरा गर्न मन लाग्थ्यो तर जब उहाँको सामुन्ने पर्थें सबै उत्साह उहाँको एकै दृष्टिमा स्वाहा हुन पुग्थ्यो । हामीबीच नाता थियो नि ! नाता ? त्यहाँ नाताको घेरो गजबार बनेर सधैं मेरो अगाडि तैंसिरहने हुनाले धक फकाएर कुरा गर्न सक्तिनथें उहाँको सामुन्ने पर्दा । उहाँ विज्ञ मात्र नभएर वरिष्ठ साहित्यकार ! तेजस्वी प्रतिभावान् कवि कुलगुरु । उहाँसँग [illegible] साहित्य [illegible] गफ गर्न पाएको भए कति खुसी हुनुहुन्थ्यो होला ! कति उत्साहित हुनुहुन्थ्यो होला । उहाँको सदाचार युक्त स्नेहिल स्वरको ताता मेरा आइमा आज पनि उत्तिकै भरभराउँदो भएर बसेको छ र पो त आज उहाँको सिको गरेर दुई/चार अक्षर जोरजाम पारेर लेख्न सिकेको, तब के हुन्थें थाहा छैन ।

साहित्यिक भावना साटन नपाएकोमा [illegible] भोक [illegible] पुग्यो

उहाँलाई सम्झनासाथ जहिले पनि छाती माथि ह्वारह्वारी चल्न थाल्छ ।

अँ, त उनी मनको ठिलनै कुल्चेर गए । संभ्रान्त परिवारको मान्छे, सुख सयलपट्टी नलागी साहित्यप्रति एकाग्र भई लागेको देख्ता पहिले पहिले त लाग्थ्यो, आफ्ना पिताको ख्यातीलाई भनाउन खोजेको लघुप्रयास हो । सम्पादित ग्रन्थहरू साहित्यिक इतर व्यक्तिहरूको वेसी भएको र त्यसमा जतातते राजनीति हरक आएको देखा पान म अलि पूर्वाग्रही हुन पुगेको हुं । पछि उनले राजनीति दुर्गन्धको फाहालाई आफ्नो अनुहार बाट साहित्यिक साधनाद्वारा पखाल्दै आफ्नो सीप तिखार्दै लगेको हुँदा मेरो कर्म्मचिएको मन श्रद्धाले निउरिन थाल्यो । त्यसमा पनि जब कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान स्थापना गरी एकपछि अर्को गर्दै विशिष्ट साधक कुलचन्द्र कोइरालाका अप्रकाशित रचनाहरू छाप्ने स्तुत्य कामको थालनी भया र प्रतिष्ठानको स्थापनादेखि लिएर आज पर्यन्त त्यसको हाल बन्दै दरो खुट्टा टेकेर दीर्घकालीन प्रभाव पारेको देख्ता मैले आफ्नो मैलो मनलाई नपखाली रहनै सकिनँ । मनमा टाँसिएका संकीर्णताका खोरेतहरूको मानमर्दन गरेर अगाडि बढ्दै अन्तरआत्माले धिक्कार्दै जाने हुनाले पनि इर्ष्यांजनित तमाम तूसलाई मस्याएर/माझेर फालेपछि मन अलि हलुको भएको महसुस हुँदैछ आहिल । त्यसमा पान पाछल्ला चरणमा आएर उनले देखाएको सीप, लगनशीलता र दरो एवम् प्रभावकारी प्रदर्शनको उत्कृष्ट उदाहरण बनेको पुष्कर समशेर स्मृति ग्रन्थले सम्पादन साहित्यको एउटा नयाँ इतिहास निर्माण गरेको हुँदा उनको अजम्बरी सीपले सतत चर्चा गर्न गर्न बाध्यो ।

उनले रोजेको बाटो धेरै अठ्याँरो छ तर प्रभावकारी छ । उनले हिँडेको बाटो धेरै कठिन छ । कुरा अटाउन सक्न सतह पान छ । उनल देखाएको बाटो मधुरो छ तर त्यहाँ धेरै मान्छेको मन हल्लाउन सक्ने आकर्षण पनि छ । यो बाटोमा सुख छैन, सुविधा छैन, सम्पत्ति छैन तर दीर्घकालीन प्रभाव पार्नसक्ने इतिहास छ । र, मान्छेलाई पार्थिवता र भगवाधीनुनाको सगनगा मात्र सीमित नराखेर सीप अनुसार संसारमा जिजीविषे सर्वेसर्वा सीप छ । इतिहास बनाउन धेरै कठिन हुन्छ, कर्म र परिश्रमी मान्छेले मात्र इतिहास निर्माण गर्न सक्छ । इतिहासको नजिक उनी पुगसकका छन् । इतिहास उनको सामुन्नेमा छ । हताश नभई धैर्य नगुमाई यसैगरी अविश्रान्त शब्दयात्रामा लागिरहे उनी पक्कै पनि इतिहासलाई समाउन सक्नेछन् र मेरो जस्तै अरुको मुटुमा टेकेर इतिहास समाउन सके उनको यात्रा सार्थक भएर हुनेछ । र, मेरो गलत दुसाएको श्रद्धायुक्त रहरको भयाङ् हेर्न आतुर मेरा सन्तातिहरूले यो सुखद इतिहासको उज्यालो प्रसङ्ग पल्टाएका दिन हाम्रा नाता भित्र पान राष्ट्रिय प्रतिभा/अजम्बरा भएर बसेका रहेछन् भनेर गर्वले शिर उचा गरि दिए भने यो पसीना, यो प्रयास र यो साधनाको सार्थकता कति चहकिलो हुने थियो, कति चञ्चुप्रिय हुने थियो भन्ने रहर मनभरि लटरम्म फुल्न थालेपछि मनमा गुनगुनाउन थाल्छु

इन्द्रेनीको सातैरंग उक्याएर आज
भन्न लागिरैछ मन फुकाएर आज ।
सिजनाले सन्तासको घुम्टा च्याती च्याती
बादलसँगै उड्दै जानू अझ माथि माथि
थमिदिनू पराइको चोखो मुटु माझ
भन्न लागिरैछ मन फुकाएर आज ।

खेलाचीं चै नगरे है शब्दसंग कैले
शब्द भित्र देखेको छु वह्मतेज मैले
शब्द हाम्रो जाति, धर्म, पेशा सरताज
सारथि र चालक शब्द भन्न लागेछ ।
इन्द्रेणी .....

भन्न लागिरैछ मन फुकाएर आज
भावनामा बन्दै जाँदा देश लाग्न सक्छ
हावा-हुरीसँग हिँड्दा ठेस लाग्न सक्छ
बाँच्नु पर पान मन चुकाएर आज
नहिँडे है शिर कतै झुकाएर आज ।

इन्द्रणाका सातै रङ्ग उक्याएर आज
भन्न लागिरैछ मन फुकाएर आज ।

- गार्जीगिव, नेपाल

प्रतिज्ञाका छालहरु

□ अङ्गबहादुर लामागाईं

आमा,
यस द्वन्द्वको पीडामा पिसिएर
आत्माका बरोल्ती कथाहरू
जन्मेर छाती भित्र
निस्कन्छन् नयन भिजाउँदै
बूँद ... बूँद बनेर
पोखिन्छन् खुला आकाश भरी
उर्लिएका छालहरू
भरिन्छन् सच्चा मुटुभरि
आमा,
नआत्तिनोस् देखेर दागहरू
ती हुन्
छाती भित्र आफ्नो देशको मानचित्र कोर्दा
मुटुभरि आफ्नो देशको माया मात्र बोक्दा
सहासको नया सृजना गर्दै
बलिदानीको भाव भरेका
उकुयुकुस का
देशभक्तिको प्रमाण दिने
ती प्रमाणपत्र हुन् ।
आमा,
म लेख्दिन कथा त्यो पापीको
जसले देखाइदिएको सुराप गणापातीको
अनि हत्या गरायो छ सय वीर वीराङ्गनाको
हत्या गरायो महान नेपाली अस्मिताको
हत्या गरायो पूर्व टिस्टा र पश्चिम कांगडाको
अनि हत्या गरायो
देश बचाउन मृत्युबरण गर्न तम्सन
नेपाली भावनाहरूको
अनि म लेख्दै सक्दिन कथा
देश भन्दा माथि ठान्नेहरूको ।
आमा,
अनि म बिर्सन्नै सक्दिन माया
देशको एकेक इन्च बचाउन
लड्दालड्दै मरेका देश भक्तहरूको
आफ्नै प्रेयसीलाई छोडेर
आफ्नो बुबालाई हात हल्लाउँदै
आमालाई आत्मा पुकार गरेर
मरखर जन्मेको छोरोलाई काखमा लिँदै
फेरि बिदाको माला लगाउँदै
देश खातिर अर्पण गर्नेहरूको
म बिर्सन्नै सक्दिन माया म
नशा नशामा देशभक्ति भर्दै
देश रक्षा खातिर
नसिनेबीगा चढ्नेहरूको
देश बचाउन मृत्युबरण गर्नेहरूको
आमा,
अब मलाई कलम दिनुहोस्
म लेख्नेछु सच्चा कथा
अमरसिंह र बलभद्रको
कतै कतै भानुभक्त र धरणीधरको
या लक्ष्मीप्रसाद जस्तै नवीन चेतनावाहकको
मातृभूमि बचाउन शंखघोष गर्नेहरूको
देशको पीडामा आफ्नो मुटु दुःखेहरूको
देशको सफलतामा आफ्नै सफलता ठान्दै
साँच्चै आफूलाई जीवित देखाउनेहरूको
जन्मभूमिको माथामा जीत लुबै
सीधा स्वर्ग जाने ढोका खोल्नेहरूको ।

- खाँदबारी - २०५९/१२/१५

कथा

अतिक्रमण

□ नवराज रिजाल

जुरामा मयपत्राको थुगा घुमारर बिगयाल ऐना हेरी । खाली छ घर । छोराहरू घुंगी बटुल्न पैनीतिर हिंडेका छन । मरद बिगु जिरायत बसेको छ । कहिलेकाँहीं मात्र घरमा आउँछ । चार सन्तान र तीस नकाटेको हुहुराउँदो वेश छ उसंग । लमतन्न खुट्टा पसारर सुतिरहेको छ बर्तमान ।

औंसामा गल्ल सकिने कुखुरा हाँस र आधादजन सुंगुर सम्पत्तिका नाममा छन् । अर्थात् लोग्ने ता पोइको पनि । माइतीबाट ल्याएर बिउ जगाएको हो सुगुरको । कुखुरा र हाँस पेन्क हुन् । ऐनामा आफ्नो रूप अत्यन्त रामो लाग्यो । मुस्कुराई । आँखा झिम्क्याएर ओंठ टोकी । जिउ हल्लेदा पाउजु बज्यो । वरिपरिको वातावरण चिहाई । कोही पनि नभएको महसुस गरी । सन्नाटा उन्मत्त वेशमा पोडी खालरहेको थियो ।

घुमैलो छ दिन । एक सातादेखि यसै भैरहेको छ । न रामो सँग घाम न त पानी नै पर्न सकिरहेको छ । तर पनि घामका छिटाहरू देख्न सकिन्छ क्षितिजमा कताकति । एक्लै छे उ । भुइंतले छ फुसका घर । बिगुका उपस्थीत यदाकदा मात्र हुनेगर्छ । बाँकी समय कल्पनामा पर्दा हालेर बाँच्छे । मासु घरमा नभएकीले उ एकान्तपान गरिरहेकी छे । धेरैदिनपछि यस्तो उन्मुक्ति पाएकी हो । तब कहिं न कहिं जानै पर्यो । सिंगारिएर बस्न कहां पाउनु । ठाँके छ । जहाँ आज मनको इच्छामा रमाउन पाइयो । केही काम नभए बसेको कुँडारलाई धाए पनि सकिरहनु पर्छ ।

एक दुई गर्दै दशौं पटकसम्म उनको आदेश हुन्थ्यो ।

खाली बस्न हुँदैन, असोच्छन लाग्छ । जुन आइमाई काममा अल्झि गर्दै उसको अगाडि प्रगति [illegible] । उ जमिन हो । [illegible] काहिल काहा रिसाउथिन् । भुतभुताउथिन् । यातखर घरमा नभएकीले उ स्वतन्त्र छे । वरवन्देज र खेकबार छैन । नमर्थ मन कोलाहलमय बनाएर ऐना अगाडि निकैबेर अघिदेखि उभिइरहेकी छे ।

तराईको एउटा सामान्य गाउं पहाडीहरूको पांन बसावास छ माँथिल्ला बस्तीमा । पहाडका विभिन्न स्थानहरूबाट आएकाहुन् तिनीहरू । कोही सुखी छन् त कोही दुखी । सुखीले सुख र दुखीले दुःख नै बोकेर हिंड्छ । तर पनि कल्पना बोकेर हिंड्छ आस्थाको फूलवारीमा । विचार फुल्न र फक्न उत्साहित हुन्छन् । आँखा अघाउँदैन कोरेर्ये । मन लोभिन्छ । विचार पोखिन्छन् र भावना दौडन्छन् [illegible] । [illegible] गन्तव्यमा । जांगर तृष्णा बोकेर छटपटिन्छ । विचार हलपलाउँदै चलमलाउँछ । खलबलाउँछ र खोज्छ बाटो । मान्छे हिंड्छ, हिंड्यो र हिंडिरहने छ ।

आठसम्म अध्ययन गरेकी छ । रहर बोकी, इच्छा उडाई । जांगर परिवर्तन गर्ने [illegible] मुटुमा रहेर आँसु चुहाई । मन दुःखाई विवशता काँधमा बोकेर हिंडिरहेको उसको आवाजमा मुस्कान खिलखिलाएन । दृढता आफैंमा कुहिएन, अलि कति सम्झनाको तरङ्ग बोकेका आँखा [illegible] । [illegible] मुस्कुराएर । [illegible] पराकाष्ठा बोकी बाध्यता मुस्कुराइरह्यो । शून्यता चारैतिर छिप्प उभिएर सम्पूर्ण परिवेश नियालिरहेको थियो ।

चाह मार्दै बाँच्न लागी । इच्छाको पोको [illegible] । [illegible] । [illegible] पऱ्यो । छठ फगुवा सहित अरु चाडपर्व मनाए । हुने नहुने दुवैको सहभागिता रह्यो । केही मुस्कुराए र केहीले भलभल्ली आँसु खसाए । हर्ष, खुशी, दुःख र विषाद आए, गए । कसैले राखे, कसैले [illegible] । [illegible]

आँसु-हाँसो साथमा बोकेर निस्के मान्छेका वथानहरू । क्षणिक सुख फर्किए । कोही कसैको [illegible] आँसु आँसु नै [illegible] भावमा । चञ्चलता हावाको झोक्कासँगै नदीमा तैरिए । तर अठोट बगेन, इच्छा ओइलिएन । झन् झाड्यो, झाड्दै रह्यो । फुल्यो, फुलि रह्यो । अठोट खुड्किला चढ्दै रहे । विचार पोखिएन । एकतिरा [illegible] ।

सुख पाइन्छ तराईमा । हावा बोकेर हल्ला पहाड चढ्यो । दुःखकष्ट खप्नु पर्दैन । गाईगुई आइपुग्यो । मिठो खान र रामो लाउन त जीवनभर पाइन्न क्यारे ! गृहिणीहरूले पँधेरोमा दुःखेसो गरे । [illegible] दाउरेनीहरूले चौतारामा दौतरीहरूसँग भाव साटासाट गरे । विचारको पखाँल भत्कियो चिन्ताको भय पोखे । आँसु जमाएर अखामा भोगिरहेको वर्तमान अनुभूति भित्रको विचारमा [illegible] । फर्किने सुख पाइएला [illegible] भञ्ज्याङमा भारी बिसाउँदै एकअर्काका नजर पढे । इच्छाको तह फुकाए । भविष्यको चिन्तापति सचेत गराए एक अर्कोलाई गोठालाहरूले थमको गीत गाए । भरियाहरूले वरपिपलको छायामा भारी बिसाई पसिना पुछे । पिता पुत्रको गाउँ कटक्क दुःख्यो । कल्पना हावामा उड्यो । पंक्षीजस्तै कावा खायो मनले । सख्खा लागे डाँडा पाखा । निठुरी देखे जिन्दगीका पल-प्रतिपलहरू । तथापि आँसु बगिरहे । मन दुख्न थाल्यो । भावना ओइलिइरहे । जिज्ञासा लुक्यो । देखियो । देखिएन ।

पिर बिसाउने चाहनामा पहाडबाट मात्र हैन तराईमा बिहार, आसाम र उत्तरप्रदेश समेतका मानिसहरू ओइरिए । मूल बासिन्दा दुःख थाले । चिथोरिए, जिल्लिए फूलमा भमरा बसेजस्तै चिन्तामा बाँधा परया । विचार काहए । जागरमा आलस्यता पोखियो । क्रमले निरन्तरता पायो । मोटाउने पल दोहोरियो । तेहरियो । फूल फूले, तर फक्रेनन् । भावना हुर्किए तर असमयमै चुँडिए, टाम्मिए र ओइलिए ।

भित्रिने क्रमसँगै बाहिरिने क्षणहरू पनि आयो । आस्था ओइलाए । पोखिन लागे । विगियाको [illegible] बुझ्न लाग्यो । [illegible] बुझ्न लाग्यो । विचार धमंराए । जाँगर पखालियो । चेत बग्यो । अचेत उल्यो, साउनको भेल भै । आँधी बोकेर उभिए दृढताहरू । घोर निन्द्रा पलायो र आलस्यले दहोसँग जरो गाड्यो । मनमा मनमा र [illegible] । [illegible] काकाकुलले गायो । यसर्थ मन पखालिए ।

गाउँभन्दा पाँचकोश टाढा झण्डी मेला लाग्यो । मान्छेहरू एकत्रित हुन्थे । व्यापार चल्थ्यो । सामग्रीहरूको किनबेच चल्थ्यो । लेनदेन हुन्थ्यो । [illegible] । [illegible] । बूढा, युवा र बालबालिका सबैको अविस्मरणीय बन्थ्यो । सीमावर्ती बजार थियो । धेरै मानिसहरू त्यतातिर बाट पनि आउँथे आ-आफ्ना पन लिएर । आस्थामा रम्थे, रमाउँथे । हुर्कन्थ्यो प्रेम । मुस्कराउँथे । हाँस्थे । [illegible] । मेलामा आएकी [illegible] र, उसको प्रेम यहीँबाट शुरु भएको थियो ।

सामान्य परिचय भए पनि दबैमा बोलिचाली थिएन । त्यही मेलामा एकले अर्कोलाई मनपराएको कुराले निकास पायो । आस्था पाले । अविश्वास फाले । अठोट बाले । जाँगरमा दियाली थपियो । उत्साहमा आँटको भिँजा बाले । दिन बित्यो । छिन पलियो । विवाह भयो । क्रमशः भए दोहा र तेहा पनि । विगियाले पहिलो शिशु जन्माएपछि विगुको जिरायत बस्नेक्रम शुरु भयो । गुजाराको एकमात्र सहारा थियो त्या । खुशी नै बना । पारिवारिक आस्थाको घैंटो हिँड्यो विस्तार ।

विगत, वर्तमान र भविष्य क्रमानुसार आए आँखाभित्र । मन कसिलोसँग बाँधी । बाँचे उपक्रममा चाह छताछुल्ल पोखिए । बाटो हराउन सक्छ । मायामा लाभिन्छ जीवनको । आँसुकोन दुःखैरै थोरै बासी सपनाको मीठो कल्पना उमारी । बाँचे अभिलाषा मसाली खानिमा । पोखिनुमात्र हैन जिन्दगी । मान्छे बाँचे चाहनामा छोरिइरहने गर्छ हरहमेशा । विश्वास छैन ऊ आजको युगमा

आउन सक्षम भएको हो। तब उहिल्यै नासिइ सक्थ्यो। यो रहर बाध्यता र विवशता सबै सबै हो।

ओहो ! के के पो सोचन पुगेछु म त ! [illegible] । [illegible] सोचैकीमा आफैंदेखि छक्क पर्छु । आजको दिन मनमा नाच्दै थियो । बहिनीकी विवाहमा माइती जाने तरखरमा छे । लोग्ने आउँदैछ । यति आगमनको क्षणले रोमाञ्चित बनाइरहेछ । खुशी छे । [illegible] आकको संस्मरण [illegible] छ । कति उमङ्ग थियो छातिमा, बनाउन सक्दिन यतिखेर । तर दशवर्ष अघिको त्यो रात जतिखेर उनीहरू एक मानो खटियामा थिए । एक्लो थियो रात । शान्त वातावरण सामीप्यता खोजदैनथ्यो । [illegible] थियो । [illegible] केहीको गति आवाज थिएन । उकुसमुकुसमै समय दौडिरहेको थियो । त्यहाँ केवल उनीहरू एकअर्कालाई छाम्ने प्रयास गरिरहेका थिए । परिस्थिति केवल तिनीहरूको वशमा थियो । न विगुत विगिया नै एक अर्कालाई छुन [illegible] । [illegible] मस्तिष्कमा अङ्कुराइरहेको छ । जगमगाइरहेको छ ।

संयोग र मान्छे विश्वास बोकेर बाँच्छन् । चिन्तन मुटुमा साँचेको अभिनय गर्छ जिन्दगी । [illegible] उभिएछ [illegible] दुःखमा, [illegible] र हराउँछ । बाँच्ने सपनामा चिप्लन्छ, लड्छ, हराउँछ र पोखिन्छ विश्वासको शृङ्खलाबाट पनि । दुःखमा चिप्लदै र खस्दै बिगिया पनि हराइरहेकी छे मस्तिष्कको जंगलभित्र । पल, प्रतिपल दुःखछन् तर [illegible] । [illegible] रोमाञ्चक [illegible] भित्र [illegible] बाँच्ने अभिनय गर्छे तथा छटपटिन्छे ।

जीवन सधैं सबत राख्न पाए कति आनन्द हुन्थ्यो होला ! कल्पन्छे । इच्छा विरुद्ध पनि बैंश लागिरहेछ उकालो । चाहना थन्किई रहेछन् यत्रतत्र । इच्छा [illegible] । [illegible] छ चारैतिर । डोरीले बाँधिएको छ जिन्दगी । मन किचिएको छ । पन्छाउने प्रयत्नमा पहिरो गएको छ । दुःख विसंने क्रममा अनिंदा रातहरू लाटोकोसेराको आवाज भित्र हाँस्न विवश छन् ।

विह प्रसङ्ग विगत काट्या । इच्छा विरुद्ध पनि कहिले काहीं फोइनु पर्छ । बिगिया हराउँछे तरङ्गको संसारमा । [illegible] आइरहेको छैन । हरेक क्षण कल्पनु मात्र किन नियति बन्यो ? छटपटिन्छ मन र लोलाउँछन् भावनाको डोबहरू भित्र ।

मान्छे र फूल उस्तै लाग्छन् । इच्छामा रमन पाइँदैनन् दुवैले । एकलिको विश्वासमा [illegible] हुन्छ र पीडामा सहभागी बन्नुपर्छ । सौन्दर्य [illegible] गर्नेहरूमा मान्छे र फूलका केश भित्र पोखिन्छ र हराउँछ । कुहिन्छ स्तरहीन सान्निध्य । रमाउन चाहनाभित्र चुहिन्छन् । खस्छ र अस्तित्व विहीनताको [illegible] । जीवनक्रमका असमल्याउने परिवृत्तमा आस्था पखालिन्छ र विश्वास उडछन् हावाको बेगसँगै । जिन्दगी दुःख्छ क्षणक्षणमा, तर बाँच्ने उत्कण्ठाले रोक्न सक्दैन कसैलाई पनि । विचारको तुम्बा [illegible] ।

क्रमशः कुहिन्छ मुटु र छरिन्छ । जीवन दुःखेर मात्र बित्छ । लहलहाउँदो बैंसको एक पाटो कतै जिरायत बस्न विवश छ । अर्को पाटो मनको सागरमा दुःखिरहेछ । छियाछिया भई [illegible] । [illegible] अभिलाषाका त्यान्द्राहरू भित्र कुहिन्छन आखा, गन्हाउँछ र झर्छ फत्फति । हरेक पट्टक सङ्गालिएका रहरका वृक्षहरू आफैं ढल्छन् र धस्छन् अस्तित्व विहीन । मान्छे मूल्यहीन भएर बाँचेको अभिनय गर्छ र पश्चात्तापको पाटोबाट [illegible] हमेशा । तथापि आस्थाको विरुवा च्यापेर आखामा हराउँदैन दृढताको बिन्दुबिन्दुबाट ।

ओलंन्छे वर्तमानमा । छरपस्टिन्छन् जीवनका पाप्राहरू । दुःखेकी छे । चुहिएकी छे । पोखिएकी छे [illegible] । [illegible] अलिपर लाग्छे । खटियामा पल्टन्छे । पाउजुको आवाज अझै मिठो लाग्छ । अत्यन्त रोमाञ्चित बन्न खोजिरहेछन् शरीरका सम्पूर्ण अवयवहरू ।

इच्छा बेगर बिगुले किनिदिएको थियो मलामा । पहिला त चाहिँदैन भन्दै मन्टो हल्लाई तर अन्त्यमा इन्कार गर्न सकिन । धेरै अघि देखिएको इच्छा थियो तर उ समथ भैरहको थिएन ।

[illegible] थिई । अभिभावकत्वको भावमा नजरबाट निखां मेटाएको थियो । अन्य सदस्यहरूको अनुपस्थितिमा लगाई लोग्नेको निखां मेट्दै सन्तुष्टिको सास फेर्दै आज पनि कोही नभएको मौका छोपेर त्यसै गरिरहेकी छे । पाउजुलगै लोग्नेको [illegible] वाधिने इच्छा बोकेर प्रतीक्षामा बसेकी लामो समय भइसक्दा पनि आगमन नभएकामा तड्पिरहेको छ मुटु । तिम्रो पाउजुको आवाजमा रमाउन म दिनको दोस्रो प्रहरमा आउँछु भनेको ऊ तेस्रो प्रहरमा [illegible] खल्लो अनुभूति गरिरहेकी छे ।

आशैआशमा बितेका रहरका पाटाहरू भित्र कजिएकी बिगियाको मन पाउजुको प्राप्तीले प्रफुल्ल बनेको छ । लोग्नेको न्यासो र घरमा अरु व्यक्तिहरू नभएको मौका छोपी लगाउँदै प्राय जसो सासु र [illegible] अघि देखाउन [illegible] । उनीहरूको उपस्थितिमा उम्रदैन कहिल्यै इच्छा । यतिखेर अनुपस्थितिको फाइदा उठाइरहेकी छे । लोग्नेसगै माइतीजाने सल्लाह एकसाता अघि नै भएको थियो । सहमतिको शिर हल्लिएको थियो । लोग्नेसगको [illegible] खुबै रमाइलो लाग्छ । तर के गर्नु आफन्तहरूसग गुनासो पोख्छे ऊ ।

दशवर्ष अघिको विवाह प्रसङ्गले रोमाञ्चित बन्छे । ओठमा लाली, नङमा पालिस, आँखामा गाजल र किरिम पाउडरले रङ्गिएको थियो मुहार । [illegible] सयपत्रीको [illegible] सिउरिएपछि चार सन्तानकी आमा भएको यथार्थ मस्तिष्कबाट दरम्ध बन्छन अचेल । कौतहलता, उत्सकता, जिज्ञाशा अनि भय र डरले रोमाञ्चित बनेको हुन्छ मान्छेको वैवाहिक क्षण । यतिखेर त्यस्तै अनुभूति गरिरहेकी छे । नया साडी र ब्लाउजले कसिएको शरीर ऐनामा पटक पटक देख्दा आफैंदेखि इर्ष्या गरिरहेकी छे । बाटोमा देख्नेहरूले गर्ने ईर्ष्या, माइतीमा साथीभाइको छेडखान तथा कटाक्ष अनि मनमित्र उमिरहेको खुशीको क्षण दोभानमा उभिएको सम्झना गरी । लोग्नेको लुगा मिलाइ । तिनैका सुमसुम्याहरबाट पनि रोमाञ्चक क्षण [illegible] गरिरहेकी छ । [illegible] लम्बिदै छ त्यत्तिकै मन आकुलव्याकुल बनिरहेको छ ।

यो शृङ्गार लोग्ने वाहेक अरु कसैले नदेखोस भन्ने आफाइक्षा राख्छे । सासु यसलाई राम्रो [illegible] । [illegible] स्थानान्तर [illegible] खिचिन्छ त्यसले घर गर्न सक्दिन । अगाडि पढ्दा औला गनेर उदाहरण दिने गर्छिन् उनी । प्रकृतिले दिएको सुन्दरता नै मानिसको लागि काफी छ । बाहिरी सुन्दरताको निम्ति मरिमेटनेले कहिल्यै सन्तुष्टिको [illegible] । [illegible] पनि सासु नभएको मौका छोपेर त्यतिका प्रशाधन मागेर वा किनेर ल्याई जीवनमा आफ्नाई आज पहिलो पटक यसरी सिंगारी रहेकी छ ।

दयनीय अवस्थामा रहेका छोराछोरीहरूका [illegible] राखी [illegible] राखी ठान्दिन । तथापि आजको दिनलाई उपयुक्त मौका ठहऱ्याएकी छे। तर लामो समयसम्म पनि प्रतीक्षाको क्षणले विश्राम लिने अवसर पाइरहेको छैन । मन आकुलव्याकुल र चिन्तित छ । भयातुर छन् आँखाहरू र टाढाटाढा हराउन विवश बनिरहेछन् ।

चिन्तित आँखाले आफैंलाई हेरिरहेकै बखत उसको अघिल्तिर । कोशेलीको एउटा पोको सहित सासु उपस्थिति जनाउछिन । घुँगी बटुल्न गएका छोराछोरीहरू पनि कोकोहोलो गर्दै आइपुग्छन् । ऊ [illegible] तर बिरुवाको अलापत्ती छैन । एकाएक उसको अनुहार कालोनीलो बन्छ । सासु जिज्ञाशापूर्ण नियालिन्छन । अनायास उसको मुखबाट ए ..... नपाई भन्ने जिज्ञासा फुस्कन्छ । छोराछोरी र सासुको नजर उतिर र उसको नजर उनीहरूतिर एकै पटक जुध्न पुग्छन् ।

– स्वाभिमानबस्ती, बारा

गजल

❑ जोताबे थाईबा

परिदृश्य एकदम उल्टो लागिरै'छ आज,
सुनामा केन कुबेर आई मागिरै'छ आज ।

आफ्नो भागको दायित्वलाई असपत्रै पारी,
पुचक्क गाउ सानसारि भागिरै'छ आज ।

कर्मस्थलमा सङ्कल्पको अभाव हुँदा सधैं,
परिवीले आङ्-रेटलाई बागिरै'छ आज ।

लातैलात र धातैघातको जमातले गर्दा,
देशलाई जीर्ण लहरामा टागिरै छ आज ।

मर्काइलाई इमान्दार भई मुसार्छु भन्ने,
को छ 'धाइं' र स्याहारमा जो जागिरैछ आज ।

गजल

❑ कमल क्षेत्री

कस्तो ऋण लाएको रै'छ चुकाएर गयौ
प्रीति लगाई व्यर्थै मन दुखाएर गयौ ।

मायाको बदला बदनाम दिएर आज
पुतिपर्ना माथि मेरो भुकाएर गयौ ।

निको भएको घाउ फेरि चकिन थाल्यो
लुकाइ राखेका वेदना फुकाएर गयौ ।

के किनार के मझदार सब यौटै भयो
बग्दा खाली या जीवनका सुकाएर गयौ ।

कस्तो ऋण लाएको रै'छ चुकाएर गयौ
प्रीति लगाई व्यर्थै मन दुःखाएर गयौ ।

- पर्वत

ताज- ठेपी-२५, काठमाडौं

लघुकथा

पागलपन र विडम्बनाहरू

❑ किशोर न्यौपाने 'बन्धु'

दिनभरिको कामको थकानभित्र आफ्नैपनको स्याङ्गओभरसँगै रित्तो कोठाभित्र पसेको ममा अझै आफैले स्टोभ घोच्नुपर्ने यथार्थताको झटपट बोध भइदिंदा एकपटक बडा नमज्जाले कहलिन्छु, हिजो र अस्ति जस्तै गरेर आफू झिक्किन्छै ।

एक छेउमा प्वाल परेको जीवन जिइरहेको मन, कुनै चित्र प्रयोगशाला भाउँछ कि भनी भित्तो । स्टोभसँगै मन पनि घोच्दै अनेक कुराको ज्वार-भाटा उत्पन्न गराउँछ । बाँच्ने सहाराको लागि आफूलाई केही समयपछि नै दर्शन र सिद्धान्त, आदर्श र यथार्थ बीचको टकराव सहन नसकी र [illegible] सन्तुलनको लागि शान्त ठाउँको खोजमा बाहिर निस्कन्छु रातको समय ।

सधैं नमीठो लाग्ने एकोहोरो कुकुरको भकाइमा रमाउँदै म केही टाढाको चोकमा पर्गेको हुन्छु हतारको कुनै मानव आकृतिलाई पछ्याउँदै । ऊ सरासर एउटा मन्दिरभित्र पस्छ र देवता भनिन लायक मूर्तिहरूमा बडो जोडले टाउको बजार्छ । विचलित नबनी रातका धाराहरूले मन्दिर नुहाएर आफ्नो बाटो लाग्छ केही क्षणपछि ऊ ।

उसले सामान्य तरिकाले लिएको त्यो [illegible] । अहो ! देवताहरू मान्छेको रगतमा मात्रै रमाउन थाले आजकल । त्यस दिनदेखि कहिल्यै पनि मैले आफूलाई मानसिक रूपमा स्पष्ट पाउन सकिन र पागल बनेको अनुभव गर्दछु ।

- चाणाक्षुची

कथा

हातको सफाई

❑ युगल बसेल

बिसौनीमा आइपुगेको बसमा युवक हतिंदै चढ्यो। बसमा यात्रु खचाखच भरिएका थिए युवकले बसभित्रको वल्ली छेउदेखि पल्ली छेउसम्म सरसर्ती नजर डुलाएर निरीक्षण गऱ्यो र अन्त्य खाली ठाउं कतै पनि देखेन । मंटिनेस क्लिन्दा वा महसुल तिर्दा, रोजगारीको लागि आवेदन दिंदा वा अस्पतालमा जचाउंदा वा सार्वजनिक धारामा पानी भर्दा जहां पनि सधैं यस्तै हुलको सामना गर्नुपर्छ उसले । उसलाई साच्छ सहर धनेको पीडकै पर्याय हो ।

बसभित्र हेर्दै जांदा उसको नजर आफू नजिकै बसिरहेकी खाइलाग्दी नवयुवती उपर पऱ्यो । बाल्की परका बाटुला अनुहार लाम्चा आंखा, दूधजस्ते गोरा वर्ण, मेघजस्तै घना केश र सुडौल शरीरकी धनी त्यो युवती जुनसकै पुरुषको ध्यान एकपटक आफतर्फ आकर्ष्ट गर्नसक्ने क्षमता राख्दछे। मनमनै युवकले मूल्याइन गर्दै निष्कर्ष निकाल्यो। भद्र मुस्कान छर्दै युवतीले अलिकता खुम्चिएर आफू बसेको सिट्मा थोरै ठाउं दिंदा पनि त्यही सांघुरो ठाउंमा युवकलाई बस्न आग्रह गरी । उसले कृतज्ञ हुंदै धन्यवाद भन्यो र युवतीकै छेउमा कोच्चिएर बस्यो ।

अफै पनि मानिसको मनबाट हार्दिकता, कोमलता र उदारता रिसिएको छैन भन्ने अनुभवले उसलाई अलिकता सन्तोष दिलायो । आफूले भए सायदै यस्तो उदारता देखाइने थियो होला । उसले मनमनै युवतीसग आफ्नो स्वभावको तुलना गऱ्यो । आफूनै आभ्यन्तरिक मूल्याइनले उसलाई आफैप्रति असन्तोष अनुभव गर्नपर्ने अवस्था आयो। आफू पर्याप्त विनयी र उदार छैनजस्तो निस्कर्ष निकिलएपछि आफूलाई केही परिवर्तन गर्नैपर्ने ठहर गऱ्यो उसले। [illegible] स्वभावैले बढी करुणामयी र नरम हुन्छन् ।' उसको मनलाई यस सोचाइले अलिकता राहत दिलायो र हलको अनुभव भयो ।

उसको नजर फेरि उही अनुग्रही युवतीतर्फ खिंचिए । दुवैका जोरजोर आंखाहरू परस्परमा भेटे । युवतीले युवाकी ओतुला फेरि लोभलाग्दो मुस्कानको लहर ल्याई । यति बेला उ झन् लोभलाग्दी देखिइ । उसको नरमनरम जीउसंग गासिएर बस्दाको त्यानो स्पर्शजन्य अनुभूति उसै पनि रहस्यलाग्दो थियो, मुस्कानले त्यस अनुभूतिलाइ झन् काउकुती धपिंदैगो र रोमाञ्चित पारिरयो । उपहारस्वरुप [illegible] यो अद्भुत स्पर्श र मोहक मुस्कान छिटो नखोसिए हुन्थ्यो, यो यात्रा लम्बिए हुन्थ्यो । युवकले कामना गऱ्या । कताकता रगतको गती शरीरका नसाहरूमा बढेको कुतकुती लागेजस्तो भान भयो उसलाई । यसै बेला यस्तो अनुभव जायज हो या अनैतिक हो भन्ने प्रश्नले उसको मथिङ्गलमा प्रवेश गऱ्यो । तर यस प्रश्नको हल उसले छिटै र सजिलै निकाल्न सकेन । [illegible] अन्यौलग्रस्त भयो। यस अन्यौलबाट मुक्त हुन उसले ध्यान अन्यत्र मोड्ने निधो गऱ्यो र बसको झ्यालबाट बाहिर चियाउन थाल्यो ।

चहकिलो घामले प्रकृतिलाई उज्यालो पारिरहेको थियो । [illegible] स्नान गर्न पाएकोले हो या किन हो त्यसै त्यसै मनलाई मोहनी छर्दै लोभ्याइरहेका थिए । नी धुम्काहरू पछाडीका कपासका राशिजस्ता देखिने क्रमशृङ्खलाहरू पनि दीप्त भएर मानव मनलाई आकर्षित आकर्ष्ट गर्न उद्यत भइरहेका देखिन्थे। जता हेऱ्यो उतै प्रकृतिको रमाइलो पनले उसको हृदयलाई आल्हादित गराइदियो र उत्साहको सञ्चार गराइदियो। पछाडि छुटेर गएको [illegible] भएको उसले अनुभव गऱ्यो । एकटकले उ कहिले पछि छुटेर गएको सडक र कहिले टाढा क्षितिजमा

देखिने हरिया पहाडी थुम्काका पृष्ठभूमिमा रङ्गका मेला चुलाहरूलाई हेर्न थाल्यो ।

ऊ दृश्यावलोकनमा मग्न रहँदै बेला बस अघिल्लो बिसौनीमा पुग्यो । एकदुई जना त्यही बिसौनीमा ओर्लिए र अरु दसबीसजना थपिए । बसभित्र पहिलेभन्दा पनि बढी ठेलमठेल भयो । यसले गर्दा [illegible] बाहिर चियाउन छाडेन । बस फेरि आफ्नो यात्रामा अघि बढ्यो । तर त्यसले पूरा गति लिइसक्दा नसक्दै आकस्मिक ब्रेकको चरमराहटको आवाज सुनियो । जोडदार झट्काका साथ बस टक्क अडियो । यात्रुहरू [illegible] र लगभै पल्टाइ थप्पिए । कुनै यात्रु आपसमा ठोक्किए भने कुनै बसकै आसन वा भित्तातिर पनि ठोक्किए । भाग्यवश चोटपटक भने कसैलाई लागेन । एउटा तरुण हात [illegible] जादूमय तरिकाबाट आफ्नो शरीरतर्फ बढी उम्रै तरबाट फिर्ता भएको सूक्ष्म अनुभव युवकले गऱ्यो । छाडा गाईले अकस्मात् बाटो काटेकोले बसचालकले आकस्मिक ब्रेक लगाएको थियो ।

"[illegible] छाडा गाईले गर्दा [illegible] !" चालकले दिक्दारी व्यक्त गर्दै बसलाई फेरि गतिशील बनाउँदै अगाडि बढायो ।

बस फेरि अघिल्लो बिसौनीमा रोकियो । युवतीले कर्के नजर एकपटक युवकतर्फ दौडाई र हतारहतार बसको झ्यालतर्फ लम्किइ । उत्तिकै आतुरीका साथ ऊ बसबाट ओर्ली । कहीं पुग्न उसलाई ज्यादै ढिलाई भएजस्तो भान हुन्थ्यो युवतीको अवस्थालाई नियाल्दा । युवक पनि युवतीलाई पछ्याउँदै बसबाट ओर्लियो । खलासीले लक्कु मिलाएर राखेका सिक्काहरू छमछम बजाउँदै भाडा असुल्नका लागि हात युवकतिर बढाएर इसारा गऱ्यो ।

'भाडा उनले दिन्छिन् ।' युवकले युवतीतर्फ [illegible] ।

म किन तिरुँ पराईको भाडा, कसैको आफ्नो हुँ र ? आवाराहरूको बसभाडा तिर्दै हिँड्नलाई के बहुलाहा कुकुरले टाकेका छ र ? युवती आलकटा तिलमिलाउँदै र अलिकता नखरा देखाउँदै गर्जी ।

आफ्नै जोडले पनि कसरी त्यसो भन्न सकेको होला, हेर न भाइ ! ठट्यौलो लवजमा युवकले प्रतिक्रिया व्यक्त गऱ्यो ।

[illegible] लखरलखर डुल्ने बेकामका भुस्याहा कुकुरका यत्रो हिम्मत ! चप्पल खान मन लाग्यो कि कसो ?

युवतीले सकेसम्म उत्तेजित हुँदै आक्रोश पोखी ।

क्या हो दाइ, जो भेट्यो उसैलाई जोडे भन्दै हिँड्न न [illegible] ! 'मन्द मुस्कानका साथ हलुका व्यङ्ग्य कस्दै मजाकिलो लवजमा खलासी बोल्यो ।

'उनी जहा पायो उहीं यस्तै ठट्टा गाछन् क्या, भाइ । पचाउनै पर्छ, मन भएन त ? जोडे भित्र्याउनु भनेको त दशा भित्र्याउन नै रहेछ, भाइ ! सकेसम्म निमीले बिहे नगर्नु है ।' खलासीलाई अर्की दिँदै युवकले थप्यो -'हेर न, मेरो फोटो भएको मनिब्याग सुइ [illegible] ।' तत्र यसरी बाटाघाटामा रमिता देखाउने मौका कहा दिन्थे र उनलाई ? चुक्तीको पारामा युवतीतर्फ एकटकले हेर्दै स्वाभाविक लवजमा युवक बोल्यो ।

युवतीको अनुहारको रङ्ग एकाएक उड्यो । पर्स- [illegible] फटाफट दुर्वचनाको भाडा तिरी ।

गजब गजबका मान्छेसंग पोला पर्छ गाठे ! खलासाल उदक पार्दै भाडा असुल्यो । यात्रुहरूले तीन छक पर्दै यो लघुनाटिका बडो अभिरुचिका साथ हेर्दै थिए । यत्तिकैमा खलासीले बसको भित्ता ठटाएर इयाक्क आवाज निकाली चालकलाई गाडी अघि बढाउन अनुरोध गर्दै बोल्यो - 'जाउ जाऊ गुरुजी !' खलासीको [illegible] बसलाई अघि बढायो । एकैछिनमा बस हुईकिँदै आखाबाट ओझल भयो । त्यही युवक र युवतीमात्र शेष रहे । किनकि यात्रुवाहक अरुले रमिते हुने मौका पाएका थिएनन् । केही पर दुबै बीच मौनता छायो ।

'[illegible] सकेसम्म शिष्ट हुँदै युवकले मौनता भङ्ग गऱ्यो ।

युवतीका आखा साजले भुईंतिर गाडिए । यन्त्रवत् पारले युवतीले आफ्नो पसबाट युवकको मनिब्याग झिकी र युवकतर्फ बढाई । उसको नजरले अझै पनि जमिनतिरै ताकेर थिए । शिर नत नै थियो ।

'नारीसुलभ गुण युवतीमा अझै लोप भइसकेको

रहेनछ। कुन विवशतालें यो युवती यस बाटोमा डोरि-डहोली .....? युवकको मनमा कौतुहल पैदा भयो। किन्तु यस कुतुहलतालाइ मेटाउनका लागि जिज्ञासा पोखेर अप्रिय पक्षलाइ कोट्याउन उसले चाहेन।

'तपाईंले निर्णिएको मेरो भाडा भापतको र कम लिनुहोस्।' युवकले आग्रह गऱ्यो।

'के मलाइ सेर्न नै चाहनुहुन्छ।' लाजले भुतुक्क हुदै आलकता हिम्मत बटुलेर युवतीले भनी। शिर भने अझै पनि ठाडिन सकेन।

'मेरो लागि खर्च भएको रकम तपाईंले नलिइदिंदा अघि मैले जिकिर गरेकै नातालाइ मान्यता दिएजस्तो हुने हो कि?

'[illegible] किन त्यसै नातालाइ रोज्नुभयो?' युवतीले अतिकता सहज हुदै जिज्ञासा पोखी।

'त्यो नाता मन परेजस्तो छ नि।' ऊ आंलकता इतरियो।

युवती निरुत्तर भई, केही बोल्न सकिन। के भनौं के भनौं जस्तो भइरह्यो उसलाई।

युवतीको जिज्ञासा मेटाउन युवक फेरि बोल्यो -'मेल पल्लाका साटी बैनी, साली, सीलिना, माउजु जे नाता पनि रोज्न सक्थें तर मैले जनाएको नातालापत तपाईंबाट मिल्ने खप्की सहाउंदो हुने थिएन। जोइंद्वारा खसम हपारिंदा स्वभविकै देखिएथ्यो नि, हैन र?' यसो भनेर युवकले खुलदुली मात्र मेटाइदिएन, औचित्य [illegible] गऱ्यो।

'एउटी कन्ने केटीलाइं त्यस्तो नाता दिंदा उसको मनको हालत कस्तो हुन्छ? के तपाईंलाइं हेक्का छ? कुराको सिलसिलालाइं हार्दिकतातिर डोऱ्याउन चेष्टाल युवती बोली।

'कुमारै केराले कन्ने केटीलाइं त्यस्तो नाता जनाएकोले ठूलै अन्याय भने हुन पाएन छ, हैन त?' युवक पनि लाडिन खोज्यो।

'त्यस [illegible] अहडी कसेकी भए नि!' युवती पनि युवकजस्तै गरेर लाडिइ।

'लगन गाँठोको महत्तले पुरुषलाइं कब्जामा पारेपछि कुनै पनि नारी पुरुषको खल्ती साफ गर्न [illegible]। त्यसका लागि [illegible] सफाइमा दखल भएकीलाइं नै रोज्नुपर्छ जस्तो मलाइं लाग्दैन।' युवकले विनोदी पारामा कटाक्ष गऱ्यो।

'त्यस सफाइको कसुरबापत सजाय दिलाउनुहुन्न त? आफ्नो अपराधको लागि सजाय भोग्न इच्छुक भएजस्तो गरेर युवतीले सोधी।

'दुई दुईवटा सजायले पुगेन र? उसले प्रतिप्रश्न गऱ्यो।

'[illegible] दुई सजाय? युवतीले छक्क पर्दै सोधी।

एउटा मेरो भाडा तिराउन, अर्को कसुर महसुस गराउन् ठ्याक्कै दुईवटा पुगेनन् त?' युवकले पुष्टि गऱ्यो।

युवतीले कुराकानी जारी राख्न सिलसिलेवार [illegible] अनुमति माग्दै भन्यो- मलाइं बिदा हुने आज्ञा दिनुहोस्। अब मैले यो बाटो समातु पर्छ। सहायक बाटोतर्फ उसले इसारा गऱ्यो।

मेरो आज्ञाले आउनुभएको थियो र जानलाइं आज्ञा माग्नुहुन्छ? युवतीले अन्तो थापी।

ए हो त नि, मलाइं आज्ञा माग्ने हकै कहा छ र! रमाइलो कुराकानीको लागि धन्यवाद भन्दै युवकले अलग्गिंदै बाटो समात्यो।

दस कदम पर पुगिसकेपछि युवतीले डाक्दै भनी- 'सुन्नुहोस् त' युवक टक्क अडियो।

तपाईंको जिनिस मेरो थ्यागमा छुटेछ।' कागजभित्र लपेटिएको कुनै वस्तु फिता गर्दै युवती बोली।

'[illegible] छ नै' [illegible] कागजमा लपेटिएको वस्तु हातमा थामेर युवक फेरि अघि बढ्यो।

ओल पर पुगपछि युवकले लपेटिएका कागज खोलेर हेऱ्यो। भित्र उही आज जम्काभेट भएकी सुन्दर युवतीको हसिलो सानो तस्वीर थियो। त्यसको पछाडिपट्टि लेखिएको थियो- 'सजाय नदिलाउनेको लागि सजाय' र पुछारमा युवतीको नाम र इमेल ठेगाना पनि लेखिएको थियो। युवकले पढि [illegible] हातले इसारा गर्दै धन्यवाद ज्ञापन गऱ्यो, युवतीले शिर हल्लाएर त्यो स्वीकार गरी।

आँखाबाट ओझेल नहोउन्जेल कृतज्ञ नजरले युवकलाइं हेरिरही, हेरिनै रही।

***

थाहा छैन तिमीलाई

❑ रतनकुमार पाण्डे

तिम्रा मुस्कान प्रतिमुस्कानमा
हिमालको शिर झुकेको होला,
तिम्रो आगमनप्रति आगमनमा
स्वागतका हात जोडिएको पनि
थाहा छैन तिमीलाई केही पनि ॥१॥

जानी नजानी मेरा जुधेका दृष्टि
लकर तल पग छुन पुग्दा
सकेर ठाउँ ठाउँ टोकिंदा खेरि
[illegible]
थाहा छैन तिमीलाई केही पनि ॥२॥

सुर-बिसुरमा मुटु गाइँगो पारेर
निद्रा अनिद्रामा झस्केर तिमी
मनको लज्जामा आफै मुस्काएर,
लोलाउने बानी बसिसकेको कुरा
थाहा छैन तिमीलाई केही पनि ॥३॥

पल प्रतिपल आकस्मिक मायाको प्रभावमा
दौरिलो मन थाम्दा थाम्दै पनि,
तिम्रो क्षणिक भावुकताले गर्दा ।
[illegible]
थाहा छैन तिमीलाई केही पनि ॥४॥

[illegible]
किन हो किन तिमी बेहोस भएकी बेला
कसैको मन दर्वल भैदिएर,
भविष्यको रूपरेखा फेरिइसकेको कुरा
थाहा छैन तिमीलाई केही पनि ॥५॥

उकुसमुकुस भएको तिम्रो छातीभित्र
स्वर्गिक मायाको चीसो हावामा,
अलिकता मन शीतल पार्छु भनेकी बेला
मलाई छाडेर जान बाध्य पारिसकेको कुरा,
थाहा छैन तिमीलाई केही पनि ॥६॥

तिम्रो अलिक मायाको [illegible]
केही टाढा सँगै हिँड्छु भनेको बेला,
लामो तिम्रो बाटो कुरिबसेकाहरूले
भेट्नै नदिने परिवेश खडा गरिसकेको कुरा,
थाहा छैन तिमीलाई केही पनि ॥७॥

रुन बिसेर मुस्काइरहने तिम्रो बानीमा
[illegible] मन कुँदयाउनेहरूले
तिमीलाई माया गर्ने मायालुलाई,
धुरु धुरु रुन बाध्य पारिसकेको कुरा
थाहा छैन तिमीलाई केही पनि ॥८॥

***

- हामीले अरूको गुनबाट भन्दा गल्तीबाट धेरै कुरा सिक्न सक्छौं - लङ्फेलो
- डरछेरुवाहरु आफ्नो मृत्युभन्दा अगाडि नै धेरैथोटी मरिसकेका हुन्छन् । - शेक्सपियर
- [illegible] । - [illegible]
- संसारमा मनजस्तो शत्रु कोही छैन, मनभन्दा मित्र पनि अरूकोही छैन - धर्मदर्शन
- क्रोध मूर्खताबाट शुरु हुन्छ र पश्चात्तापमा समाप्त हुन्छ । - पाइथागोरस
- तृष्णाभन्दा ठूलो रोग र दयाभन्दा ठूलो धर्म कुनै छैन । - चाणक्य नीति

कथा

उसको अनुपस्थितिमा

❑ अज्ञात यवक

म सोफामाथि मूर्तिवत बसिरहेको छु। टेबलमा रहेको प्रशान्तको फोटो फिस्स हाँसिरहेको छ। यो फोटोको हाँसो भन्दा यतिखेरसम्म प्रशान्त घर नआइपुग्ना म चिन्तित छु। म भित्रको आफ्नैपन खस्छ, डरैडर र शंकैशंकामा मनहरू चरा झैं उडिरहन्छन् । म यथावत् रहन सक्दिन, कठोर बन्ने सामर्थ्य छैन । फोन कुरिरहन्छु घन्टी सुन्न मेरा कानहरू आतुर छन् । रात छिप्पिंदै छ म निर्धक्क हुन सक्दिनँ । क्षणक्षण चलिरहा मेरा शरीरलाई पौडिएझैं लाग्छ । शरीर गल्छ । सधैं ठीक समयमा घर आइपुग्ने प्रशान्त आज ११ बज्दासम्म आइपुगको छैन । अलिकति तलमाथि भएमा फोन गरिहाल्थ्यो । मोबाइलको नम्बर डायल कयौं पटक गरें अफ गरिएको सूचना आउँछ। म रिसिन्छु रोटेसिन्छु । मेरा मनमा मनहरूमा केही विकार छिर्दछन् विभिन्न अपशकुनहरूले मनमा डेरा जमाउँछ । लामो स्वाँस एक्कासी रोकिए झैं लाग्दछ । मन भित्रको आँधी तुफानले मलाई हराउन खोज्दछ । म असमलिन्छु एउटा जरोमा । [illegible] यसलाई समाइरहन सक्दछु न त छोड्न नै । मोबाइलको नम्बर डायल गर्छु सायद चार्ज सकिएर हो या व्यस्त यकिन गर्न मन लाग्दैन । मेरो छटपटी झन् बढ्छ भगवान् पुकार्छु । ए भगवान् ! उसलाई केही नहोस् । [illegible] चल्छ केवल दिमाग चल्दैन । शरीर डाहा छटपटीले यताउता चलिरहन्छ । यो भरैभरको तादोमा अडिएको यो जीवनको तादो नै चुँडिए झैं लाग्छ । मेरो भर आज प्रशान्त, प्रशान्तको म । तर आज यो मध्यरातमा प्रशान्तबिनाको [illegible] कतै प्रशान्त कुनै दुर्घटनामा त परेन हे भगवान् ! उसलाई केही नहोस् । म आफैंलाई धिक्कार्छु । यस्तो अपशकुन सोचेकोमा मनलाई स्थिरता दिन केही समय विगत कोट्याउँछु ।

म अर्थात् इला, एउटी चञ्चले युवती बाबुआमाकी कान्छी प्यारी छोरी । पढाई सायद सबैको हाई हाई र मेरो अल्छीपनले गर्दा अगाडि बढाउन सकिनँ । पढ्दै नपढ्दैपछि वा आमाले प्रशान्तसँग राजीखुसी भै मेरो विवाह गरिदिनुभयो । प्रशान्त एउटा पति, जुन माया मैले अगाध पाएकी थिएँ । प्रशान्त मेरो साहारा, म प्रशान्तको । हामी एक अर्काका पूरक । एक अर्का बिनाको जीवन अधुरो थियो । [illegible] पूर्णता पाएको थियो । प्रशान्त एउटा नुनको सोभो गर्ने कर्मचारी व्यावहारिक रथको चालक । त्यही कारणले उसको घर आवतजावतमा कुनै निश्चित समय सिमा थिएन । म पूर्ण गृहिणी, एउटी असल पत्नी बस् यति । [illegible] बिनालगाम, बिनासारथी अघि बढि रह्यो । समय एवरीतले बढ्यो । म प्रशान्त, इला प्रशान्त प्रशान्त - इला यौवनको भरपुर आनन्दमा रमिरह्यौं । आनन्दको यही सागरमा पौड्न केही कमी हुन्छ भनेर नै हाम्रा [illegible] तर मेरो पाठेघरमा प्रशान्तको बिर्ग बस्न पाएन । सायद हाम्रो एकाइकीपनलाई केही हलुङ्गो पार्न सक्दथ्यो कि प्रशान्त र मेरो बिर्गले । तर हामीले यी दुवै बिर्गलाई एक हुन दिएनौं । प्रशान्त .....। प्रशान्तको [illegible] ।

म एक टकले कहिले प्रशान्तको फोटोमा कहिले [illegible] जान्छ । म एक्लै खान सक्दिनँ । कान्छालाई खाउ भन्छु । ऊ जान्छ । यस्तै द्वन्द्वद्वन्द्वको जाँते पिङ्मा मच्चिंदा म सोफा मै कतिखेर निदाउँछु थाहा छैन । बिहानीको चिसो हावा र टेलिफोनको घण्टीले मेरो निन्द्रा खुल्दछ ।

ट्रिङ्ग ..... ट्रिङ्ग

हेलो ! फोन कान्छाले उठाउँछ ।

..... । उताको आवाज सुन्दिन

हजुर ! होइसिन्छ ।

हस् !

मैसाब ! साबको फोन ।

अभिनन्दनको मेरो पेसर एकाएक्कै अधीर हुन्छ । म एकैपटक खुसियालीको दुनियामा भित्रिन्छु ।

हेलो प्रशान्त !

हाई ईला ।

कस्तो छौ प्रशान्त

सरी है ईला, म हतारमा धरान आइपुगेको छु । मोबाइलको चार्ज सकिएकाले फोन गर्न सकिन । आज सञ्चार सेवाबाट गर्दैछु माफ गर है !

ठीकै छ प्रशान्त । तर जानकारी गराएका भए म हजुरको सेडेलिङ्गमा सबरी मज्जिरहन पर्दैन थियो कि ! साँच्ची प्रशान्त तिमीबिनाको यो रात कहिल्यै नआओस् । तिम्रो अनुपस्थितिमा रात कटाउन साह्रै गाह्रो रहेछ प्रशान्त । मेरो तितो एकै पटक छताछुल्ल पोखिन्छ ।

धन् लाटी, अघि दुई/चार दिन मैले यसै बिताउनु पर्नेछ । राम्री बस ।

प्रशान्त ! तिम्रो अनुपस्थितिमा म कसरी एक्लै बस्न सक्दछु ?

बस्न त ईला म पनि सक्दिन तर बस्नु पर्दछ । म यहाँ सबैको अनुहारलाई मेरी ईला नै सम्झेर बिताउने कोशिस गर्दछु । कान्छा छँदैछ साथी । मैले कान्छालाई भनेको छु मेरो अनुपस्थिति मैसाबलाई खटाकन नद भनर । राम्रोसग बस । कान्छा साथी छँदैछ नि । ल अहिले राखौं पछि गरौंला ओ के बाई ।

फोन राखेको आवाज आउँछ ।

म प्रशान्तको फोन पश्चात् धेरै हलुङ्गो हुन्छु । भोक लागेको आभाष हुन्छ । कान्छाले चिया ल्याउँछ । म कान्छाको अनुहार हेर्छु । उसको मलिन अनुहार पनि खुसीमा कुदेको छ । नौ वर्षदेखि यस घरमा बिताएको कान्छा आज सत्र वर्षको हुँदैछ ।

चिया हजुर ! कान्छाको आवाज अनौठो लाग्दछ ।

कान्छा अहिले भोक लाग्यो पाउरोटी पनि लेराउ न ।

मुख धोएर फर्केपछि पाउरोटीका धेरै पीसहरू दुई कप चियासँग खान्छु । मैसाब खाना के बनाउँ । कान्छाले साध्छ ।

बेलुकाको भुजा होला त्यसैलाई फ्राई गर । तिमीले कति खायौ बाँकीले पुग्ला नि ।

मैसाबले नखाँदा म मात्र कसरी खान सक्छु र मैसाब ? मैले पनि खाइन । सबै छ ।

कान्छा यस घरको एउटा सदस्य नै भएको छ । हाम्रो खुसीमा हाँस्छ । हाम्रो दुःखमा ऊ पनि रुन्छ । कति कोमल छ यो कान्छा ।

कान्छा उभिरहेको हुन्छ । म भन्छु ।

खानु पर्दैन त लाटा । जाऊ चाँडै गर तिमीलाई पान भोक लाग्या हाला ।

बिहान हिजोको भुटेको भात खाएर दिउसभरि टि.भी. मा रम्दछु । बेलुका हुन्छ प्रशान्तको अनुपस्थितिले मलाई पिरोल्न थाल्दछ । खाना तयार हुन्छ । खान्छु । केही समय टि.भी.मा हराउँछु । टि.भी.का दृश्यले म प्रशान्तका अगाला सम्झन्छु टि.भी.अफ गर्छु सुत्न ओछ्यानमा जान्छु । प्रशान्तबिनाको एक्लो ओछ्यान ।

ओछ्यान, ओछ्यान मै लाग्दैन । एक्लै सुत्नुपर्ने यो चिसोमा मेरो मन उकुसमुकुस हुन्छ ।

यो कालो रात, एउटा अन्धकार रात । दिउँसो आफ्नै भए तापनि रात आफ्नो होइन । त्यसैले बाल्यकालदेखि म डराइरहेको छु । बाल्यकालमा आमासँग रात बिताएँ, पछि भुवासँग । अनि कुनै समयदेखि दिदीसँग । दिदीको विवाह पश्चात् पतिसँग । यसरी कहिल्यै एक्लै नसुतेको म फेरि जवानीको यो मोडमा हरेक पलपलमा रम्नु पर्ने यो समयमा एक्लै सुत्नुपर्दा बानी परिसक्यो । प्रत्येक रात पतिको अँगालो र अँगालो पछिको परमोत्कर्ष तथा आत्मको चित्तो, कति सुखद क्षण । तर आजको यो रात यी सबैभन्दा टाढा भएको छ । सदैव पाइने सुखभन्दा टाढा छु । एउटा भयंकर बोझले थिचे झैं लाग्छ । गिज्जिने गिज्याउने यी शरीरका अङ्ग, प्रत्यङ्गहरू आज चोखो हुन खोज्दैछ । पीउ भारी छ । एक्लो रात र जरमोत्कर्षलाई दुत्कारेर

हस्तमैथुनको सहारा लिनु राम्रो भन्ने सुनेको छु तर परिचित छैन । कुनै दिन प्रयोग गरीन । जान्दिन पनि मन पनि छैन । रात क्रमशः बढ्दैछ चिसो बढ्दैछ ।

ओच्छ्यानमा पल्टेर घरी यता फर्कन्छु घरी उता । घरी उत्तानो पर्दछु घरी घोप्टो । मनभरी जवानीको लहर बगिरहेछ । प्रशान्तले एउटै डल्लो बनाएको माठा दर्द सम्झन्छु । मन कठोर हुन्छ । भित्रैभित्र कताकता मकमक लाग्दछ । कान्छो ओडार केही रसाउँछ सायद केही पाउने आशाले । वक्षस्थलहरू ठाडा हुन्छन सायद मालिसको आसामा । निप्राहरू दुखेछन् । सायद, काधमा बुई चढ्ने रहर तिब्र बनाउँदैछ, रौंहरू ठाडा ठाडा छन्, मन कमला भएका छ, कता कता केही नपुगेको आभाष, गर्दैछ । त्यो आभाष हो प्रशान्त । उसका हात, शरीर, पाखुरा, काँध जिब्रो, मुख र त्यो बिषालु सर्प । जुन सर्पको ओडार प्रवेशले सत बढाएको छ मलाई । कुनै दिन सर्प ओडार प्रवेश नगर्नु र प्रवेश पश्चात् निस्सासिएर बमन नगर्दा खल्लो अलिनो के के नपुगेको हुन्छ । त्यो आज भइरहेछ । ओच्छ्यानमा पल्टिरहन सक्दिनं टबाडलेट जान्छ । कान्छा घरेको आवाज प्रष्टै सुन्दछु । त्यो आवाजले मेरो रक्तचाप तापक्रम झन् उच्च पार्दछ । उत्तेजनाको केही आवेग बढे तापनि ढुक्क हुन्छु । तर कता कता मन फुल्दछ । 'कान्छा छदैछ नी तिमीलाई साथी, मेरो अनुपस्थितिको आभाष हुन नदे ।' प्रशान्तले भनेको सम्झन्छु लगातार ठोक्किरहन्छ प्रशान्तको आवाज कानमा । मन झन् बढ्दछ । लहर बढ्दछ, आवेग बढ्दछन् । रोक्न सक्दिन । अविसंग बग्न लाग्छु । तिमै कान्छाको कोठातर्फ लाग्छु । अघिदेखिको भोक शान्त गर्न र कान्छालाई भोग्न ।

ढोका घचेट्दैमा खुल्दछ । मधुरो प्रकाशमा कान्छा पेन्टी मात्रैमा नाङ्गी सुतेको हुन्छ । उसले गोमन फणा उठाएको छ सायद सपनीमा रम्दै होला । मेरा पाइलाहरू एक्कासी अगाडी बढ्दछन् । म रोक्न सक्दिनं । मेरो [illegible] हत्तारिएर । मलाई नाइट गाउनमा देखेर ऊ त्रसित हुन्छ । ओढने तानेर शरीर छोप्दछ ।

के भयो मैसाब, किन तपाई यहाँ ? हत्तारिएर डराएर लाजे संकोचसँगै कान्छाले प्रश्न तेर्स्याउँछ ।

"नडराउ कान्छा नडराउ । प्रशान्तको अनुपस्थितिमा एक्लै सुत्न सकिनं" झाटमा बस्दै भन्दछु । ऊ आसे पर सदछ डराएर । म कान्छालाई अगाला हात्न पुग्छु कान्छा छुट्न खोज्छ । डराएर भाग्न खोज्दछ । म झन् च्याप्प समाउँछु । उसको डरले उच्चरुप लिन्छ ।

कान्छा किन कामेको ? म एक्लै सुत्न नसकेर तिमीसंग सुत्न आएको । प्रशान्तबिना म एक्लै सुत्न सक्दीन त्यसैले सुत् कान्छा सुत् मसँग । आज मलाई शान्त पार्दैन कान्छा ।

म कान्छालाई झन् च्याप्छु । कान्छो परलन्छ । ओच्छ्यानमा एक अकांसंग टाँसिएर सत्दछौं । मेरो जोश बढ्दछ कान्छो पनि जोशिन्छ । ऊ पनि पुरुष न हो आगो छेउको नौनी । म कपडाहरू फ्याँक्छु । कान्छाको पेन्टी पनि फ्याकिदिन्छु । हामी दुईयुगमा प्रवेश गर्दछौं । भख्खर उसदै गरेका घाँसहरू बिचमा सर्प फणा उठाएर अध्यारो कालो गफा हेर्दैछ । मलाई झन् उत्तेजनाले छोप्दछ । कान्छा माथि उफ्रन्छु । ओडारभित्र सर्प सजिलै प्रवेश गर्दछ । घर्षण बढिरहन्छ । सर्प चाँडै निस्सासिन्छ । बमन गर्दछ । उत्तेजना मेरो झन् बढ्दछ । तर सर्प लल्लाकलुलुक्क पर्छ र बाहिरिन्छ । भख्खर उसन लागेको घाँस माथि सर्प सुतेको छ । ओडार रसाएको छ । आँखा लोभी हुन्छ । सुमसम्याउन पुग्दछु । चाट्छु चुम्छु, टोक्छु जब कान्छाले पनि साथ दिन्छ । चिमोट्छ चिमोल्छ, चाट्छ, टोक्छ, निमोठ्छ । सर्प फणा उठाउँछ ओडार आँ गर्छ, कान्छाले एउटै डल्लोमा म माथि आफ्नो पुरुषत्व देखाउँछ । मचिन्छ । सर्पको ओडार प्रवेशको वेग र घर्षण बढिरहन्छ । ओडार अघाउँछ । सर्प ओडार प्रवेशमा झन् अगाडि बढ्छ । वेग झन् बौ-बौ पर्छ केही समयपछि अघाएको सर्प निस्सासिंदै बमन गर्दै बाहिरिन्छ । थकान र तृप्तताको महसुस गरिर हुन्छु डरसँगै । सन्तुष्टिको सामो स्वाँससँगै ।

- वालुवा -५, सुन्ताखान, काठमाडौं

कविता

अघिया भाषण: खसी समवेदनाको

❑ राज माइलाक

यी बेवारिस
कुरुप र दुब्ला ओखाहरू
भाषणमा
[illegible]
कान्ला मुनिका भ्यागुताहरूको ठाउँमा उभिएर ।

प्रत्येक भालेको डाक
रक्सी दोकानमा
[illegible]
युगरातका अनिदा ध्वजा-पताकामा
शालिन सम्झौताहरूसँग
रक्सी समवेदना हस्तान्तरण हुन्छन् ।

अझै
कट्मीरो गति
[illegible]
अनियमित पखाल हुँदै भागेपछि
यी भाषण
प्लान्चेट टेबलमा अझै पनि
जबर्जस्ती भाषणहरू पोखाई रहेकाछन् ।

लामो दूरीसम्म
भाषणका बालाहरूमा
रक्सी सम्वेदना फलाएर
फगत फेरि
अघिया भाषण कलाहरुको छौं ।

- पाँचथर

लघुकथा

गाउँको अवस्था

❑ गेजी रुत्री

लामबेला त गाउँ पनि शान्त थियो । गाउँ छोडेर सहर बस्न थालेको पनि दस वर्ष जति भइसकेछ । अब त गाउँमा मात्र होइन सहरमा पनि जतातर्फ भय नै भय फैलिएको छ । कुन बेला के हुने हो केही थाहा छैन । प्रत्येक दिन [illegible] ।

सधैं झैं यसपालि पनि दसैं आयो । पाँच वर्षपछि एक पटक घर जाँदा पनि बीच बाटो मैं 'गाउँ त नजानु नै बेश, आजभोलि त गाउँ त झन् टेकिसक्नु छैन' भन्ने खबर सुन्दा फेरि मनभरि [illegible] मएर कति बेला घर पुगौं भइरह्यो ।

बाटोमा अपरिचित कुनै व्यक्तिसँग भेट हुँदा पनि एक अकोंलाई सीधा नजरले नहेरी हिंड्नु पर्ने छेउछाउ खसाङ्ग गर्दा पनि आकासै [illegible], ढुकढुक भएको मुटु लिएर कतै नरोकिई एकोहोरो हिंडिरहनु पर्ने, मेलापात जाने आउनेहरू पनि बाटोमा कसैलाई देख्ने बित्तिकै बाटो छोडिदिने, बोलाउँदा पनि नबोल्ने बरु घरभित्र पस्ने ठूलो [illegible] ।

बल्लतल्ल घर पुगियो । सहरमा बस्न पनि अब नसकिने भयो भनेर सहरको खबर सुनाउन नपाउँदै सबै भेला भई अगेनाको वरि-परि बसेर भन्न थाले - 'नजिकको स्कूल पनि [illegible] छ । पीएफ, [illegible] छैन । [illegible] पनि मच्यो । [illegible] पनि सकियो । उनीहरूले घर छाडे । तिनीहरू बेपत्ता छन् । तँ कसरी आइपुगिस् बाबै अब फेरि कसरी जान्छन् बरु नआएकै भए पनि हुन्थ्यो ।

***

समीक्षा

हाइकुको हाँकमा सिंहको 'मौन बतास'

❑ कुसुम

साहित्यको फाँटमा विभिन्न विधामा कलम चलाई रहेका साहित्यकार विष्णुबहादुर सिंहको नाम अहिले व्यापक रूपमा हाइकुको हाँकसँग जोडिन पुगेको छ। हाले मात्र नेपालमा हालसम्म प्रकाशित विभिन्न हाइकुका पुस्तकहरू मध्य सबभन्दा गहकिला ग्रन्थका रूपमा 'मौन बतास' पाठक सामु प्रस्तुत भइसकेको छ। उक्त ग्रन्थमा एक हजार एक हाइकुहरू रहेका छन्।

जापानी परम्परामा हुर्किएको लघुतम कविता हाइकुका लेखन इतिहासले साढ तीन सय वर्ष पार गरिसकेको छ। अहिले हाइकु स्रष्टा संसार भरि नै लोकप्रिय भइसकेको र नेपालमा त यस्को बतास अलि बढी नै चलेको पाइन्छ। ऋतु बोधक बिम्बको प्रयोग गरेर तीन हरफमा लेखन सत्र अक्षराय (५-७-५) सूत्रात्मक हाइकु लेखनको प्रारम्भ निबन्धकार शङ्कर लामिछानेले वि.सं. २०१९ मासमा रूपरेखामा प्रकाशित रचनालाई आधार मानिने गरिएको छ। झन् पचासको दशकलाई हाइकु लेखन र प्रकाशनको दृष्टिकोणबाट पुनर्जागरण कालका रूपमा स्थापित भएको तथ्य हाम्रा सामु देखापरेको छ। हाइकु गतिशीलताको यो यात्रामा भर्खरै प्रकाशित "मौन बतास" का हाइकुकार विष्णुबहादुर सिंह पनि मिसिन पुगेका छन्। सिंहका धेरैजसो हाइकुहरूमा सूत्रात्मक तीन हरफका अतिरिक्त मौसम वा ऋतु बोधक बिम्बको खोजीका साथ अनन्त संभावनामा चुर्लुम्मै डुबुल्की मार्न खोजिरहेको छ जस्तै भान हुन्छ। त्यस्तै हाइकुहरूको वाक्यगठन, रहस्यमयता र शून्यपनाले प्रमुख रूपमा सैद्धान्तिक पक्षलाई मात्र नपछ्याई व्यवहारिक पक्षलाई समेत आत्मसात गरेको देखिन्छ। हाइकुको सन्दर्भमा जेन मार्गले औंसारेको बाटोमा "मौन बतास" पनि बढेको देखिन्छ। मौन बतास हाइकु विधाको एक चमत्कारिक र अदम्य दृष्टिकोण प्रस्तुत गर्ने सभ्य काव्य भएका एउटा सूक्ष्म एवं अन्तर्निहित भाव सन्दर्भसँग आत्मसात् गरेको ग्रन्थको रूपमा देखिएको छ।

प्रत्येक हाइकुमा केही केही नवितता आउनु पर्छ भन्ने मान्यता अनुरुप सिंहका हाइकुहरूमा पनि व्यापक विविधता पाइन्छ। यसमा मौसमी राग छ, शास्त्रीय संगीतमा पाइने [illegible] प्रशस्त मात्रामा पाइन्छ। प्रस्तुत हाइकु सङ्ग्रहमा नेपालीको मन छुने पहाड, हिमाल, आकाश, नदी, खोलानाला र स्थान विशेषले महत्वपूर्ण स्थान पाएका छन्। हाइकुको विशेषता भनेकै [illegible] हाइकुले पूर्णता पाउन सक्तैन। हाइकुमा परम्परा, वातावरण र जीवनशैलीले स्थान पाउनु पर्दछ।

बिम्बलाई प्रयोग गर्ने क्रममा सिंहले एउटै कुरामा मात्र केन्द्रित नभएर विभिन्न पक्षलाई [illegible] हिमाल हारेको कुरा गर्नु हुन्छ किनकि छिमेकीले धिचे पछि कोही पनि उठ्न सक्तैन, जग्गाको बीचमा बस्दा पनि सुकुम्वासी भन्नुमा पनि व्यङ्ग्य देख्नुहुन्छ। खोलाले उज्ज्वल भविष्य बनाउँछ [illegible] मगमागाएको बगैचाको वर्णन, सौन्दर्य र जवानी, प्रकृतिको दृष्य, प्रकृति भित्रका राम्रा नराम्रा पक्षको

उदघाटन, समतल वगर, खोंच, हिमाल, समुद्र आदि प्राकृतिक वस्तुलाई अगाडि सारेर प्रतीकात्मक स्वर दिने प्रयास यथेष्ट मात्रामा दिइएको पाइन्छ । रस्सीको नसा, रातीको व्यथा र विहानीको दशा साकातक अथ पनि गजबको मान्नु पर्छ । यही नसा, व्यथा र दशाले उत्पन्न गराएको क्षणलाई पनि हाइकुकारले भूल्न सक्नुभएको छैन । त्यही सेरोफेरोले उनलाई प्रकृतिवादी बनाएको छ, विद्रोही बनाएको छ, व्यंग्यकार बनाएका छ र भावुक प्रेमी पनि बनाएको छ, उनका हाइकुहरू भित्र ।

यतो घेरामा मात्र नअलमलिएर अगाडि बढ्नु भएका सिंह "मौन वतास" मा रहेका हाइकुहरूले नेपालको झलक प्रचुर मात्रामा दिन सफल भएको पाइन्छ । हाइकु यात्राको कठिन बाटोमा उनको पाइला चलिरहोस् अविरल रूपमा । अझ परिस्कृत हुँदै जाओस् र नेपाली हाइकुले पनि अन्तर्राष्ट्रिय स्तरमा आफ्नो सान, मान र गान देखाउन सकोस् भन्ने हामा शुभेच्छा छ ।

सिंहका एकहजार एक हाइकुहरू मध्ये केही रोचक, घोंचक र सपूर्ण पुस्तकलाई नै प्रतिनिधित्व गर्ने केही हाइकुहरू प्रस्तुत गर्नु उपयुक्त र समसामयिक हुने देखि यहाँ केही हाइकुहरू उदाहरण स्वरुप प्रस्तुत गरिएका छन ।

१) गाउँको हावा
वेलुनमा बसेर
शहर गइयो ।

२) गौत्र चचान
हुरिको प्रतीक्षामा
क्रान्ती रोज्दो छ ।

३) गोदावरीमा
फूलहरू वीचमा
[illegible] ।

४) मलेखु माछा
जोन्मएछन् कि कते
जनकपुर ।

५) चेलीको साथ
राजमार्गहरूमा
दिउँसै रात ।

६) हिउँ पोग्लेदा
हिमालको टाकुरो
एचपर गर्मी ।

७) समुद्र भित्र
गाहिराइमा डुब्दा
माछो नसेन्छ ।

८) स्मृतिको पोको
मनको मझेरीमा
चिसो साइनो !

९) गाहरा खत
बाउसे-रोपाहार
प्रेमको हिलो ।

***

श्री ५ महाराजाधिराज सरकारको
५९ औं जन्मोत्सवको पावन अवसरमा मौसुफका
गाथमा सु-स्वास्थ्य एवं सु-शासनका लागि हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बबि निर्माण सेवा
पोखरा उमगपा -१२,
फास्की

व्यङ्ग्य

अचम्मको पोको

❑ युवराज जैनाली

यो दुनियाँ अचम्मको पोको हो । जति पारे पनि नमेटिने तृष्णाको धोको हो । मानौं आखे आखा शरीर भरिएका डोको हो । अडिने र पुग्ने हुँदैनभएको आश्चर्यको एघारौं अजुबा हो । खुबसूरत भन्ने हो भने अचाम्म, पक्क, आश्चर्य, अजुबा मात्रैले निर्मित एक प्रकारको रागको प्रवाह मात्रले भरिएको भकुण्डे भूत गोला हो । प्रजातन्त्र, प्रजातन्त्र जपना तपना गर्दै अरु सबैलाई परजातन्त्रमा परपर तुल्याउँदै आफू एकैलाई अनुकूलतामा चित्त र पर कुम्ल्याउने मूलमन्त्र हो । मन्त्रसिद्धिको लागि प्यार, लडाईमा सबै जायज भन्दै गोटी चाल्ने सकुनीको पासामा खासा दखलदारको घरद्वारा हो । राम नाम जपना ओढ्नी ओढेर प्रकाण्ड पण्डित बन्दै ज्ञानको गङ्गामा शान्तिको डुंगा चलाउने ज्ञानीगुनी ध्यानी मनको मातमा मातिएर ऐरावत हात्तीमा चढ्दो छ । देश देश भनेर देशकै भक्तिका निम्ति शक्ति खर्चेको बाटे भुलर बाहिर एउटा भित्र एउटा भेषमा परदेशको औंलामा नाच्दो छ । शान्ति, सौम्य र सीधा जाती बयेको मुखा नेपालमा गुडको शन्तिपाइलामा वारुदी राग विच्छाउँदो छ । व्याख्याको विन कानै नभएका दाँत झारिएका सपलाइ सुनाएको भान पारेर सपेरा लुटेरा बन्दो छ । सौम्यता र सरलताले संसार बाँधो भएको देखे नयकेर उग्र भीषण रूप लिएका पैत्रन कता कता आज आएर अवतारी कलामा हाँस्यव्यंगको खुराक पस्किंदापस्कदै अयाल आफू मीथ खोपेर आफै भित्रैभित्र रोएर काँतर देखिएर बागमतीमा पछारिन्छ । सत्यभामा रातैपिच्छे सत्यको लुगा फुकाल्छ फुकाल्न बगाउँछ । सत्यवान् सावित्रीहरूको दलाली गर्दछ । सावित्रीहरू सत्यवान्हरूलाई प्रताडित तुल्याउन उद्यत रहन्छ । ज्ञानमान् मूढ रहन्छ । मूढप्रसाद बगमान कमाउदार देखापर्दछ । बाबुराम भष्मासुर देखिन्छ । रत्नकमल देशलाई मयै नुन्याउन उद्यत बुन्छ । माधव मन्दिर भत्काउँछ । दुशासन असल शासन खोज्दछ । सकुनी कुना कुना पसेर शान्तिको वास्तविक माग पोहेल्याउँछ । युधीष्ठिर क्यामिनो चलाउँछ । भीम चीम फोड्दछ, मोटर बाल्दछ, सडक सम्मलाई नर्मांउँछ । हुँदा हुँदा भन साहित्यकार पनि फार्से स्वप्नमा इन्द्रधनुषको तांदो चलाउन थालिसकेछ- राजनीतिक रंगमा आफूलाई धोडा गोरु भैं गाडा बग्गीको अगाडि जोतिन थालिसकेछ ।

पोको भित्रको केही देखिंदैन, डोको भित्रको सबै देखिन्छ । झन् जामुना गुभाजुको अचम्मको पोको पऱ्यो भने डोको पनि छोपिन्छ टालिन्छ । जामुना गुभाजुको पालामा परदेशी चटकेली छड्के हाल्दा डोकोमा पानी थाप्या पोखिएपछि बाज बनेर चढकेको तंग उठाई दिएको रे । अब त अगुवाको छायाँ स्वरुपमा जामुना गुभाजुहरू आफ्नो शक्तिशीप बिरालो बाँधेर मराङ्ग गर्ने भन्दै पुर्खा र जन्मदाताहरूलाई सत्तोसरापको धरापमा गाडेर परदेशी जाना नहीं भन्दै चटकीहरूको चढकमा प्रयोजनको चकलोट बाँडेर तुप जमाउने ठेक्का कुम्ल्याउँछ रे ।

आखिर दुनियाँ उहिले हैन अहिले पो अचम्मको पोकोमा बाँधिंदै कम्मिंदै गैरहेको रे'छ । यसैले परिवर्तनशील संसारमा परिवर्तीत स्वरूपमा [illegible] रागको [illegible]

गायन, वादन, नृत्यको डबलीमा यसप्रकारको झकिझकाउ धोकधकाउले आकाश छाक्दा रहछ ।

खबरमा आउँदा छन् ईंटाभट्टाको चिम्नी, तर कसले कुन तह र नफाले हासे गरका छ । म्यासै थाम्ने मुटु फोक्सोको जिउनी- धरभाडा उठे आफू चाँसे पैलाएको, खुकुक धरभाडामा लगायो, पैसा बटुल्यो बस, अन्त किन जानु घनावस्ती पुरातात्विक मुटु राजधानीको भन्ने ठाउँमा तेजाब पोल्ने सुनको काम गर्ने बंगाली बाबु मासायहरूले निकाल्ने धुवाँलाई न त बडाको जिम्मावालले [illegible] पोकोमा घुस्छ । मारखाने त चोक गल्लीका मान्छेहरूले हो, कसको के जान्छ - रेफ्रिजेरेटर झिकाउ पकेटमनी साथसाथै सरकारी बजेटमा रकटमनी बढ्छ, मोटरसाइकल, कार, बस झिकाउ सडक [illegible] । यो संसारको अघम्मको पोकोमा एउटा अचम्मको ढोकोमा नेपाल भन्ने देश पनि छ, जहाँ यौटा मन्दिर भत्काउँछ अर्को राष्ट्रिय सम्पत्ति जलाउँछ । यसैले भन्न सकिन्छ नेपालको पोकोमा बाँदरबाटी [illegible] । [illegible] अरुमाथि एक औंला ठड्याउँदा चार औंला आफ्तर्फ फर्केको त छैदैछ । जेहोस् त्यो नै होइन भने पनि खुब विचारेर हेर्दा आफू पसिएको बोको हुँ भँ लाग्दछ, यसैले बढी नबोलुँ .... ।

***

गधाहरू

❑ दामोदर पुडासैनी 'किशोर'

पदेन विद्वानहरूको देश हो यो
हिलहिलाउन थाल्छन् गधाहरू
र, पुच्छरमा झुण्डेर स्वस्ती गाउँछन्
लुत्त कुकुरका छाउराहरू ।

गालीको नालमा भास्छन् काम गर्नेहरूलाई
उनीहरूको बुई चढेर
उचाईको घोषणा गर्छन् गधाहरू ।

छेपारा जस्ता छन
तिनीहरूमा मौसम अनुसार ट्युनिक फेर्छन्
तिनीहरूमा हुँदैन सोच र संवेदना
लुरुलुरु आफ्ना बाटा हिड्नलाइ
घचेटेर लडाउने पर्याप्त हुन्छ मुडेवल
[illegible] कुकुरहरूका लागि
पुरस्कारको घोषणा गर्दछन् गधाहरू ।

कुल्चदै हरक्षण परेवालाई
तिनकै निखर प्वाँख च्यातेर
[illegible] र डल्फिन मानें
रातारात गर्छन् निर्णय गधाहरू ।

– गोरख.

गजल

❑ दीपक चिन्तक

साधीको आग्रहमा चियसे लिएँ त के भयो
थकित भएको बेला थोरै पिएँ त के भयो !

खुवाउने, पियाउने, घुमाउने तिम्रा अनोन्य मित्र छैदैछन
[illegible] म विगिएँ त के भयो !

कोही बढ्ने कोही घटने प्रकृतिको नियमे हो नि,
म बढ्न सकिन खुम्चिएँ त के भयो !

म उठे बसेको चियो गर्ने ए कन्सुल्लेहरू हो !
मेरो निजत्व कसैलाई दिएँ त के भयो !

– उदयपुर

कथा

आँधीखोलाको किनारमा

❑ राजन भट्टराई

लामो समयको अर्थात् पाँच वर्षको अन्तरालमा म यस बस्तीमा भित्रिएको छु । यस बस्तीसँग पुनः सामीप्यता गाँस्न पाउनुलाई मैले अहोभाग्य सम्झनुपर्छ । आफ्नै भित्र भनेको अनुपम खुसीका सौगात लिएर [illegible] पुगेकोमा म पुलकित छु । हर्ष विभोर भई हिउँमै चुलिएको छु ।

प्रकृतिको कोखिलामा कोरिएको त्यो बस्तीको चित्र मेरो मस्तिष्कमा सदैव विचित्रको बिम्ब बन्छ । भिरालो ठाउँमा स-साना स्वरुपका चिटिक्क मिलेका घरहरूले झुन्ड-झुन्ड समूहमा विभाजित भई नीलो आकाशका भुवादार कपासलाई व्यँताएझैं लाग्छ । रातो र सेतो माटोले पोतिएका ती घरहरूले क्यानभासमा पोतिएका रङ्ग-रोगनको सजीवता बोलेझैं लाग्दथ्यो । ठान्छु - म यस बखत दिग्भ्रमित भएको छु । बस्तीको तल्लो भागतिर नागबेली भएर आँधीखोला सुस्ताइरहेको दृश्यले मनमोहक मात्र हैन, दैवीशक्तिको सिर्जना एकै ठाउँमा पोखिएझैं लाग्दछ । सृष्टिको तारतम्य योजना बोकेर मुस्कुराउने त्यो बस्ती विकराल सीरमा फुल्ने लालुपाते फूलझैं सुन्दर र अकिञ्चन थियो भन्नुमा अन्यथा नठहलौं ।

आँधीखोलाको किनारसँगै दिनचर्या बिताउँदै आएका मनिसहरूसँग मेरो पनि अतीत छिपेको छ । सुरम्य वातावरणको औंसमा हुर्केको त्यो बस्तीको गहिराइलाई मेरो पाइतालाले नापेको छन् । यसको पोल्टाभित्र लुटपुटु गर्दै म रमाएको छु भने आफ्ना पष्ठभमिलाई मोतीझैं सर्वत्र छरेको छु ।

त्यसताका आँधीखोलाको किनारमा छरिएका बालुवाका स्तुप एवं डिस्काहरूसँग हामी रमाउथ्यौं । बटुवाहरूले कुल्चेका पदचिन्हका निशिन्न छोपहरूलाई निगुध भएर हेर्दथ्यौं । कुलकुल गर्दै बग्ने कञ्चन पानीको छल्काइसँगै उठेका लहरहरूलाई भेट्न दौडिन्थ्यौं । कहिले हामी पानीको नीलो दहभित्र लुकामारी खेल्थ्यौं त कहिले खोला किनारमा पल्टेका काला [illegible] प्रतिमा खडा गरी पूजा आर्चना गर्दथ्यौं । बालुवालाई अक्षताको नामकरण गर्दै एक-अर्काका निधारमा टास्थ्यौं र धुलाम्य भएर घरतर्फ फर्कन्थ्यौं । बाल्यकालका ती रोमाञ्चक क्षणले आनन्द मात्र हैन, सम्पूर्ण [illegible] पूरा भएपछि अनुभूति दिलाउथ्यौं ।

मैले आज यस बस्तीको संघार कल्चनअघि आँधीखोलाको किनारालाई वार पार गरिसकेको छु । त्यो किनार जहाँ मैले वासल्यका केही अंश हराएको थिएँ । अलिकति जीवन बालुवाको डिस्कामुनि लुकाएको थिएँ । बाँकी जीवन पानीको लहराभित्र छिपाएको थिएँ । त्यसैले जिन्दगी पानी भएर बगिरहेछ भने म माझी भएर जीवनलीला खियाइरहेछु । यस स्थानमा पुग्दा मेरो मानसपटलले अतीतका कुटिल खेलहरूलाई बुझ्न चेष्टा गरें । बटुवाले छाडेका पदचिन्हका अनेकौं डोंबभित्र आफ्ना पाइतालाका छापलाई छटयाउने निर्यौल गरें । अहँ, कतै पनि मेरो वासल्यको नामोनिशान थिएन । बालुवाका डिस्काहरू पानीको परलाइसँगै ढलिसकेका थिए । बगरमा उभ्याइएका इश्वराय प्रतिमा जीवित थिएन । मेरो मनको सर्वाभौम र अटल ईश्वर ढलेको थियो निसेले भनेझैं । मेरो दृष्टिमा उसको उपस्थिति हुरीको दीयोझैं निभेको थियो । मैले चकोर भएर आँधीखोला वरपर आफ्नो दृष्टिलाई उभ्याए । पारिपाटिका दुई चार

घरलाई परारसालको पहिरोले लतारेपछि त्यहाँ पुट्पाल छिट्टाएर्गे पिएग । खोला किनारमा लगाएर भएर पसारिएका खेतका गराहरू बगरमा परिणत भएका थिए । हिउँदमा शालीन देखिने तर वर्षात्मा दुनियालाई दुःखी बनाउने आँधीखोलाको चर्तिकलासँग बाभ्न मन लाग्यो । त्यसैले जीर्ण इतिहास बोकेर शताब्दीयौंदेखि कयौंको जीवन निलेको छ- आँधीखोला । कयौंलाई घरबार बिहीन बनाइएको- आँधी खोला । तसर्थ, आदिमता, प्राचीनता, ऐतिहासिकताको पर्याय बनेको छ । आँधीखोला ।

तेपनि म आज गौरवान्वित ठान्छु । हार्दिकताले चुम्छु । पुनः बालसुलभताका अबोध खेलमा फर्कने अभ्यास गर्छु । थकित वटुवाले अग्लो भञ्ज्याङबाट चारैतिर हेरेझैं बैशालु उमेरमा उभिएर बाल्यकालका स्मृति नियाल्छु । आफैंमा भावावस्वल भएर अगाध स्नहल ता क्षणहरूलाई बाँध्न खोज्दा आमाका कोखिलामा लुटुपुटु गर्ने बालकझैं लाडप्यारले यस बस्तीको खातीमा लमतन्न पसारिन चाहन्छु ।

"भान्जाबाबुले त मामाघर नै बिसंनु भो नि"- माइजुल या औपचारिक भटमा गुनासा ओकल्नुभयो । मैले नतमस्तक भएर आफ्ना बाध्यताहरूलाई खडा गरें । साँच्ची मैले एस.एल.सी. पास गर्नुपूर्व मामाघर बरोबर गइर हन्थें । अझै स्कूल मीनपचासका बिदाका दिनमा मरा समय यहा नै त्यतात हुन्थ्या । आहल जागेर र पढाइको कामले मामाघर आवतजावत कम हुँदै गएको छ । यो मैले स्वीकार्ने पर्छ, कटरोगीले मृत्यु स्वीकारेझैं । माइजुले घरायसी कथा व्यथालाई स-बिस्तार गर्नुभयो । माइजू वर्षात्मा आँधीखोलाले मच्चाएको राक्षसी प्रवृत्तिमाथि निकै रुष्ट देखिनुहुन्थ्यो । दैवी घटनाको प्रकोपलाई विधाताले दिएको श्राप ठान्नुभयो । बन्दीकलिका देवी रिसाएर परारसाल पारिपट्टिको डाँडो चिरा-चिरा पान्यो विभाजित पारेको यसपटक भने ती देवी आँधीखोलामा रुपान्तरण भएर उपद्रव मच्चाएको दावी गर्नुभयो । बाल्यकालमा अङ्कित पी छापोले म निकको सवेग र स्वपीडन जस्ता मनोगन्थीलाई क्रियाशील तुल्याइरहन्थें । मेरो उदास आखा बिहानीको शीत भएर मामाघर वरपर सर्वत्र पोखिन्थें । घामको पहिलो झुल्कोझैं मेरो समीपमा उदाउने अतीतको छायालाई आफूसामु उभ्याउन आतुर देखिन्थें । यसपटक मेरा चेतनाहरूले क्रमक्रम गर्दै आँगन पिँढी जफदै हिँडने त्यो छायालाई देख्न सकेनन् ।

मेरो मनको छायाँ सलबलाउने त्यो घर वरपर आज शून्य र रिक्त देखिन्थ्यो । मेरो मामाघर सग टासिएको त्या झुपडाले रुन्चे अनुहार लाएको प्रतीत हुन्थ्यो । फुसको छानामुनि ओत लागेका माटोका भित्ताहरूमा कुनै रङ रोगनहरू पोतिएका थिएनन् । वर्षात्मा आएको आँधी-हुरीले गर्दा लथालिङ्ग र भताभुङ्ग भएर दुर्दान्त स्थिति पनि झल्काइरहन्थे । फुसका छानामा स-साना बिरुवा भयाँगिएर बिहानी हावासँगै लहरिँदै थिए भने भित्तामा भयाङ्ग र सेउले हरियाली मैदानको रूप लिँदै थिए । कस्तो अचम्म !

त्यो घर मेरा आँखामा स्मृति भएर पटक-पटक बिझाउन गदथ्या । भारी वर्षा भएर प्रकम्पन भएको घर्ती झैं मन विक्षिप्त बन्थ्यो । आफैंमा भुक्का भएर पटक-पटक यस घरलाई बोकेर हिँडिरहेछु अनवरत बग्ने आँधीखोलाको पानी जस्तै जिन्दगीमा ।

त्या जीर्ण घर, जुन मेरो मामाघरसँगै सादृश्य भएर उभिएको छ । त्यस घरमा जहाँ मेरो मनको निस्तुन छाँयाँ दीपिका भएर बोकी रातमा उदाउँछे । कस्तो अबोधपना र निष्कपटता छ ऊ भित्र । आँखामा सम्मोहन अडेको छ । अनुहारमा एक खालको चमकता छ, जुन धुपीका हाँगामा अडेको स्निग्ध हिउँ जस्तै सुरम्य लाग्छ । यानो गत, गोरो वर्ण र गेरुवा चाक वै उसका व्यक्ति परिचायक अङ्ग हुन् । मामाघरमा मेरो आगमन हुँदा ऊ नाटकीय लज्जाको घुम्टो ओढेर मेरा समीपमा आएर उभिन्थी । टुलुटुलु निरीह

भएर मतिर गडेका उसका आँखालाई नियाल्दै माइजूले हकार्नु हुन्छ -"के हुनाल्य हेरेको, भान्जादाइलाई प्रणाम गर्नुपर्दैन ।" यी शब्दले ऊ झस्केर पानी पानी हुन्थी र झन् लाजले आहत भएर पछाडि हट्दै दुई हात जोड्थी । अनि खुरुक गर्दै आफ्नो फुसको सानो झुपडीतिर विलीन हुन्थी । यसरी गोठको चेला भाकपाँगको पात बनेकी थिई- दमयन्ती ।

आज मलाई अचम्मित लागिरहेछ । त्यो घर जहाँ मानिसको गुन्जायस छैन । हिमालय पुत्री पार्वतीजस्ती मेरी दमयन्तीको उफ्राई छैन । [illegible] दुई नेत्र लिएर मेरो सानिध्यमा दमायन्तीको बाउ हाजिर भयो । मेरो आगमनमा पहिलेजस्तो उल्लासको गर्मी छाएको अभिव्यक्ति उसको मुहारमा रत्तिभर देखिएन । अपलक दृष्टिले मतर्फ पुलुक हेऱ्यो र विरीर्ण अनुहार लिएर घरतर्फ बढ्यो । माइजूले भित्रबाट ठइकार स्वरमा भन्नुभयो- "वीरे घर्ती ! चिनिनस्, सानो भान्जाबाबु क्या ।"

'ए, बाबु पो !' उच्च स्वरमा शिष्टाचार नगरी ऊ बोल्यो र मेरो नगीच आयो । "धेरै [illegible] । दमयन्तीको काजकियामा पनि आउनुभएन नि ।" उसले विचलित स्वरमा गुनासो पोख्यो । तर उसको स्वरमा रौनकता थिएन केवल तिक्तताको भाव थियो । मलाई दमयन्तीको मृत्युको खबरले भित्री स्पन्दनमा [illegible] छेडेको तीरले प्रहार गरेजस्तो लाग्यो । म आहत भएँ । र भनें- 'कहिले ? कसरी ?' 'भरखर दुई महिना पुग्यो क्यारे ! बाबुलाई थाहा थिएन र ?' माइजूले दैलोको संघार नाघ्दै बोल्नुभयो । हामीजस्ता गरीबको न मृत्युको मूल्य छ न जीवनको । कसले नै थाहा पाउँछ र ?" दमयन्तीका बाउले आक्रोसित मुद्रामा बोल्यो । तर बोल्दाबोल्दै उसको ख्याउटे गालामा अनायास आँसुका थोपा तपतप खस्दै थिए - बर्षात्को पानीझैं । म अन्यमनस्क भएँ । दमयन्तीको मृत्युले जति दुखित थिएँ त्यति दमयन्तीका बाउको अभिव्यक्तिले अचम्मित बनें । कस्तो अनीठो त्यति सरल र सोझो व्यक्ति आज कति गम्भीर र अर्थपूर्ण अभिव्यक्ति बोलिरहेछ, भीष्म पितामहझैं ।" यसलाई हिजोआज मात लागेको छ- "माइजूले दमायन्तीको बाउ घरतिर हिंडेपछि भन्नुभयो । अब मलाई बुझ्न गाह्रो थिएन, माइजू र दमयन्तीका बाबुले सम्बन्धमा जिलो आएको । [illegible] म भित्रभित्रै विक्षिप्त मात्रै हैन, स्तब्ध भएँ । अकस्मात् बालुवाको भासमा भासिएझैं लाग्यो ।

दमयन्तीका बाउ एकलासे भीरमा फुलेर झरेको बुँकी फूलजस्तै देखिए । तैपनि सहानुभूतिको [illegible] दमयन्तीका बाउलाईको जलनलाई कम पार्ने प्रयोजनमा उसको घरभित्र छिरें । भलाकुसारीको क्रममा दमयन्तीका बाउले चुरोटको धुवाँ फुङ्ग उडाउँदै बोल्यो- "हामीले कहिले आफ्नो जीवन बाँचेका छौं र ?

उसका प्रश्नात्मक वाक्यहरूमा म निरुत्तर बन्दै गएँ । तैपनि मनभित्रको सन्देहलाई प्रकट गरें- "दमयन्तीको विवाह गर्न किन आतुर हुनुभो ?" दमयन्तीको बाउ यसपटक झन् गम्भीर देखियो, केही बोलेन । आमाचाहिले बीचमा टिप्पणी गरिन् - "यसरी ऊ बच्चा जन्माउन नसकेर मर्ली भन्ने कुरा सपनामा पनि सोचिएन बाबु । आखिर मलाई पनि तेह्र वर्षमै यी धुवाले भगाएको हुन् ।" "उमेर नपुगी गरिएको विवाहको परणाम हो, यो ।" मैले दमयन्तीको मृत्युको कारण खोज्नतिर लागें । किन-किन मेरा प्रत्येक शब्दहरू उसका बाबुआमालाई दोषारोपण गर्नेतर्फ इंगित थिए । "अं साँच्चै दमयन्तीकी कति वर्षकी थिइन् रे ?" मैले संवादको क्रमलाई निरन्तरता दिन खोजें । "विवाहताका ठ्याम्मै तेह्र वर्ष पुग्या थी ।" दमयन्ताको आमाल पुतपुताएको आगोतिर मूढालाई ठोस्दै बोली । उक्त ठोसाइबाट आगाका झिल्काहरू जहेर हवातर्फ विलीन बने । फेरि केही [illegible] अगेनाबाट धुवाँको मुस्लो पुत्याउन सुरु गऱ्यो र सारा झुपडी त्यही धुवाँको फैलावटभित्र ढाकियो । तो वृद्ध दम्पती हुस्सुले ढाकिएको पहाडझैं

निस्सासिएको जीवन बाँचेको प्रतीत हुन्थ्यो । अन्तर्मुखी रूपमा धरासायी बनेका यी वृद्ध दम्पति भुसको आगोझैं जति गुम्फित थिए त्यति नै उत्पाडित देखिन्थे । भित्र-भित्रै खोकी नै खण्डहर भएका यी प्राणी कुनै पनि बेला ढल्न सक्ने सम्भावनाको प्रस्तुति स्पष्ट देखिन्थ्यो । "दैव लाग्यापछि कसको के लाग्दो रैछ र, बाबु !" दमयन्तीकी आमाले पछ्यौराको छेउले आँखा किनारमा कचरासँगै अड्केका आँसुलाई पुछ्दै बोलिन् । यसै बीचमा दमयन्तीका बाउ झर्किए- "केको दैव ? मान्छे माया र्‍हन भन न ?"

म आश्चर्यचकित थिएँ । विगतका दिनमा मेरो उपस्थितिलाई दमयन्तीका बाउले प्रार्थनीय ठानले लिन्थे । तर यसपटक मेरा उपस्थितिमा उनको चेहरामा रत्तिभर रौनकता छैन । उनका [illegible] शब्द उच्चारित गर्दा उनका अवयवहरू कम्पित र शिथिल भएजस्तो लाग्छ । भित्र-भित्र काँपेर रुन्चे स्वर ओकलेको देखिन्छ । उनका आँखाहरू पाँहलभरि आँजस्वी छैनन् । ख्याउटे अनुहारमा रत्तिभर कान्ति देखिँदैन । उनी थकित अनुहार लिएर मेरो समीपमा घुरेर हेरिरहन्छन् । त्यस साँघुरो झुपडीको मजेरीमा झोक्राइरहेका यी युगलदम्पती चराचुरुङ्गीले गुँड सारेका वृद्ध वृक्षझैं उदास र उजाड देखिन्छन् ।

"दुःख नमान्नुस् बाबु ! तपाईले त्यसरी दमयन्तीसँग [illegible] .....।" दमायन्तीका बाउले चुरोटको ठूटो झोस्दै अप्रयास्मित स्वर बोले । "मैले ??? !" म छाँगाबाट खसेझैं किंकर्तव्यविमूढ भएँ । "हो बाबु, त्यो बुकी फूलजस्तो जिन्दगी तपाईंबाट जुडिन सक्ने [illegible] विवाहबाहेक अर्को उपाय थिएन पनि ....। दमयन्तीका बाउले मन भित्रका चेप्टिएका आक्रोशलाई बिस्तार गरे म आफैंभित्र आगोमा पिसल्सिएको मकैझैं आन्दोलित भएँ । भित्री संवेदना र [illegible] कतैले दुःखलाई भर्खर [illegible] अनुभूति भयो । मैले कहिल्यै पनि दमयन्ती माथि दुष्प्रयास चिताइनँ । ती बालसुलभ खेललाई यस्तो ढङ्गले हेरिनु न्यायोचित थिएन । तैपनि मैले दमयन्तीका बाउप्रति प्रतिशोधको भावना देखाउनु [illegible] थिएन । [illegible] गरेर आफू अछुत रहने प्रवृत्ति देखेर दमयन्तीको बाउप्रति रिस नउठेको पनि होइन । यी सब अज्ञानता हुन् । मेरा भावभङ्गीतिर दृष्टिपात गर्दै दमयन्तीका बाउले पुनः प्रसङ्ग जोडे- "तपाईंको [illegible] छ, [illegible] कालो सर्प भएर डस्न चाहने तपाईंहरूको प्रवृत्तिबाट हामी मुक्ति चाहन्छौं । तर सब बर्बाद भैसकेका छन् । हामीले तपाईंलाई सदैव माया र सहानुभूति दिएका छौं । के नै गरेका छौं र ?" मैले आफूलाई सयमित राख्दै भनें । दमयन्तीको बाबु अधिछिन भएर बोले- "हामी सारा जीवन तपाईंको मामाघरको बन्धकी भएको छ । मायाको बलिदानमा दमयन्तीकी दिदीले तपाईंको दाजुबाट गर्भ बोकेकी थिइ । बिचरी, दोभानमा भट्टीपसल थापर बसका छ ।" लाञ्छनाको प्रहारले निरन्तर मेरो संवेदना ठेसिँदै छ । तैपनि आफू निर्दोष रहने कोशिस गरें -"तर, मैले दमयन्तीमाथि कुदृष्टि राखेको त थिइन नि ?"

"किन थिएन ?" दमयन्तीका बाबु अचानक बोल्कए । म उनको लाञ्छनामा परास्त बन्दै गए । "त्यस दिन उनले नछुन अनुरोध गर्दा पनि तपाईंले किन [illegible] ?" वास्तवमा दमयन्तीको बाउमा विद्रोहको स्वरमा उत्कर्षमा आभास पाउन सकिन्थ्यो । जिङ्गिङ्ग परेको कपाल, झुसे दारी झन् रिसको आवेगले ठाडा भएझैं लाग्या । म एकाकार भएँ । कता-कता चैतन्यभित्रको [illegible] चैतन्यरूप भएर दमयन्ती उभिइ । बाल्यकालका हरेक बालक्रीडाहरू मानसपटलमा केन्द्रित हुन खोजे । यस्तैमा एकदिन आँधीखोला किनारमा दमायन्तीले भनेका थिइ- "यसरी मलाई नछोऊ क्या !"

[illegible] किन-किन उनका अङ्गहरू सुम्सुम्याउँदा आनन्दाभूति हुन्थ्यो । कता-कता म

भित्रको स्वपीडन जागृत हुन्थ्यो । त्यो स्पर्शको [illegible] पर्दथ्यो । सायद त्यो प्राप्ति अलेक्जेन्डरले विश्वविजेता बन्दा पनि अनुभूत गरेका थिएनन् क्यारे । झन् दमयन्तीलाई आँखा अगाडि निर्वस्त्र बनाएर उभ्याउने इच्छाले मलाई भित्र भित्रै प्रेरित गर्थ्यो । [illegible] बालसुलभ बेजोड भएर हिनहिनाउथ्यो । लाग्थ्यो- म भित्र प्रेमाभासको अङ्कुर पलाइरहेछ र भयागिएर दमयन्तीलाई डाक्ने अभ्यास गरिरहेछ । मैले उसलाई सोधेको थिएँ- "हुँदा के हुन्छ र दमयन्ती ?" "[illegible] भनेकी थिइ ।

त्यसबखत ऊ भित्रको लज्जा भनौं या संकोच एक प्रकारको संकुचन अनुहारमा केन्द्रित भएर आयो र क्षणभरमै ज्योति भएर पोतियो । [illegible] विक्षिप्त भएर उदासिए । क्रमशः दमयन्ती मेरो सान्निध्यबाट दुर हुँदै आँधीखोलाको किनार छाडेर खेततर्फ दौडी । उसका बाउ खेतको डिलमा आड लगाएर यन्त्रवत् रूपमा हामीलाई घुरेर हेर्दै थिए । [illegible] गाड्दै गाड्दै आफ्नो बाबुसामु अलप भई । थाहा थिएन - किन-किन उसका पदचिन्ह हेरेर म टोलाइरहेको थिएँ ? तत्पश्चात् दमयन्ती मेरो दृष्टिबाट अलग भएकी थिइ ।

"[illegible] आउनुभो त ?" दमयन्तीका बाउ रिसले ओठ कपाउँदै बोले ।

मेरो आत्मसम्मान क्रमशः क्षयोन्मुख हुँदै थियो । म हत्यारा एवं अपराधीमा रुपान्तरण थिएँ । [illegible] म सामु केही रहेन । लाग्यो- आँधीखोला यसबखत ममाथि थोपरिएको कलङ्क र दाग पखाल्न त्रि.याशील भइरहेछ ।

सान्त्वनाका लागि म आँधीखोला किनारतिर हेरिरहें । ***

गजल

❑ प्रकाश ढुङ्गाना

नदीहरू धुन्यौ भने सगर भै ताल हुन्छ
[illegible] आँसु धुन सिखो बस्तो ताल हुन्छ ।

तिम्रो बाटो हेर्दाहेर्दै थाके मेरा आँखाहरू
दिनहरू भन्नु मात्रै कुर्दाकुर्दै साल हुन्छ ।

भाक निद्रा सबै टुट्या रित्ता भए आशाहरू
जति कुर्यो कुरूँ लाग्ने कस्तो मयाजाल हुन्छ ।

सम्झनाको दियो बाली कति गाल्ने रातहरू
निष्ठुरीको बाचा फेर्ने कुन्नि कस्तो चाल हुन्छ ।

***

गजल

❑ ठि.एन.रेग्मी "गाउँले"

आफ्नै दाजुभाइको भर पनि छैन आज
शान्ति त बुद्धकै घर पनि छैन आज ।

सबैतिर भताभुङ्ग हुँदा पनि कसैलाई
देश बनाउन कर पनि छैन आज ।

सबैसामु शिर झुक्न लागिसक्दा पनि
कसैलाई इज्जतको डर पनि छैन आज ।

[illegible]
यसैगरी बस्ने रहर पनि छैन आज ।

– स्याङ्जा

समीक्षा

विचार-विहार: नेपाली साहित्यको नयाँ स्वाद

❑ पूर्ण ढुङ्गाना

कञ्चन पुडासैनी नेपाली काव्यधाराको स्वच्छन्दतावादी युगको झण्डै अन्तिम चरणदेखि नेपाली साहित्यमा देखापरेका साहित्यकार हुन्। उनले नेपाली साहित्यका विविध विधामा कलम चलाए तापनि उनी खासमा काव्यसाधकका रूपमा नै चिनिएका छन्। २०२३ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको कविता महोत्सवमा 'मेरो देशभक्ति' शीर्षकको कवितामा तृतीय र २०२४ मा 'आ नेपाल अंगालामा' शीर्षक कवितामा द्वितीय स्थान हासिल गरेका कञ्चन पुडासैनीले 'प्रत्यागमन' । खण्डकाव्य। का लागि २०४१ सालको मदन पुरस्कार प्राप्त गरिसकेका छन्। उनका दर्जनभन्दा बढी काव्यकृति नेपाली काव्यफाँटमा आइसकेका छन्। उनी कवि मात्रै नभएर सस्मरणात्मक निबन्धकार पनि हुन्। यसकारण पनि कञ्चन पुडासैनीको नेपाली साहित्यमा विशिष्ट स्थान छ।

२०६० सालमा नगेन्द्रराज शर्माको सम्पादकत्वमा अभिव्यक्ति प्रकाशनले कञ्चन पुडासैनीको 'विचार विहार' शीर्षकको यस्तै कृति प्रकाशन गरेको छ। यो कृति कञ्चन पुडासैनीको अहिलेसम्मको कृतिमध्ये भिन्नै विशेषता बोकेको कृति हो। यस कृतिले कञ्चन पुडासैनीलाइ दुइ भिन्नाभिन्ने तरिकाले चिनाएको छ। पहिलो खण्डमा वा विचार खण्डमा कञ्चन पुडासैनीका विभिन्न कृतिहरूमाथि विभिन्न एघार समालोचकहरूले विभिन्न समय र पत्रिकामा लेखिएका समालोचनालाई समेटिएको छ। त्यस्तै दाया खण्डमा वा विहार खण्डमा कञ्चन पुडासैनीका लघुकथा, सस्मरणात्मक निबन्ध, विभिन्न मञ्चका कृतिमाथि गरिएको समालोचना, समारोहमा व्यक्त गरिएका लिखित अभिव्यक्ति अनि उनका केही फुटकर कविताहरू समावेश भएका छन्। कञ्चन पुडासैनीको यो कृतिले नेपाली साहित्यका पाठकलाई भिन्नै किसिमको स्वाद दिएको छ। १६/१७ वर्षको उमेरदेखि नेपाली साहित्यको श्रीवृद्धिमा लागेका कञ्चन पुडासैनी नेपाली साहित्यको एउटा मात्र विधामा सीमित नरहर काव्यलेखन, सस्मरणात्मक निबन्ध लेखन, समालोचना लेखन र कृतिको भूमिका लेखनमा समेत अहिलेसम्म पनि निरन्तर लागिरहेका छन भन्ने कुराको पुष्टि यस कृतिले गरेको छ। यस पुस्तकमा कञ्चन पुडासैनीका लेखन प्रवृत्ति र उनका विभिन्न कृतिको प्रवृत्तिगत विशेषतामाथि प्रकाश पारेका छन् समालोचकहरूले विचार खण्डमा। घटराज भट्टराईले कवि पुडासैनीको काव्य-साधना माथि, कृष्ण गौतमले मनको डोब (सस्मरणात्मक निबन्ध) र कवितामा एनिमाको भूमिका माथि समालोचना गरिएको छ। कवीसँगै उनको पहुँचिले बर्ष २०४१ सालमा मदन पुरस्कार प्राप्त गर्न सफल कृति प्रत्यागमन (खण्डकाव्य) माथि भरतराज शर्मा 'मन्थलीय', गोपीकृष्ण शर्मा र देवी शर्माले आफ्ना समालोचकीय धारणा प्रस्तुत गरेका छन्। त्यसैगरी मनको डोबमाथि अमृता बाँस्कोटाले, अनन्त आकाशमाथि देवीप्रसाद सुवेदीले, आखिर माथि डा.हरिराज भट्टराईले, पुडासैनीको गीतिकाव्य माथि कृष्णहरि बराल र जोर जुहारीमाथि कृष्ण गौतमले आ-आफ्ना समालोचकीय धारणा प्रस्तुत गरेका छन्।

'विचार-विहार' नामको कञ्चन पुडासैनीको यस कृतिले एकातिर उनको लेखन र प्रवृत्तिगत विशेषतालाई देखाउने काम र उनका कृतिलाई चिनाउने प्रयास भएको छ भने अर्कोतिर उनका विभिन्न विधाका फुटकर रचनालाई पढ्न पाइन्छ। यस कृतिले कञ्चन पुडासैनीलाई बहुआयामिक व्यक्तिगत भएका स्रष्टाका रूपमा चिनाउने काम गरेको छ साथै नेपाली साहित्यिक पाठकलाई पनि नौलो स्वादको आस्वादन गराउने काम गरेको छ।

***

स्वर्गवासी आमालाई पत्र

❑ रोहित पन्त

आमा !
मलाई विश्वास छ
तपाईले बिसंनु भएको त
पक्के छैन
तर, मलाई शंका छ
मेरो अनुहार बिसंनु भयो कि !
दई वर्षको, श्यामवर्णधारी
उही चञ्चले/अबोध बालक
तपाईले राखिदिनु भएको नाम
बिष्णु ।
जसलाई दसधारा दूध
चुसाउँदा चुसाउँदै
चटक्कै छाडेर जानुभएको थियो ।

आमा ! मैले पनि
तपाईको अनुहार सम्झन्ँ
तर, मसँग
तपाईको श्याम-श्वेत तस्वीर छ
हेर्छु र भावविह्वल हुन्छु
कतै मुस्कुराए जस्तो
कतै गम्भीर भएर म माथि
वात्सल्य प्रेम बर्षाए जस्तो ।

म तपाईको समकक्षीहरूसँग
प्रश्न गर्छु
मेरी आमा कस्तो हुनुहुन्थ्यो ?
फोटोमा जस्तै हुनुहुन्थ्यो कि
फरक ?
म किन बिछोडिएँ आमाबाट ?
आमाको ममताबाट !
म किन बिमुख भएँ आमाबाट ?
आमाको कोखबाट !

म उत्तर पाउँछु-
गहुँगोरो वर्णकी
नेपाली नारीकद सुहाउँदी
हँसमुखी, सहृदयी !
त्यसैले त भगवान्‌ले चारी बर्षमा
सबैले जाने पर्ने बाटो गइन्
फरक यत्ति हो-
मात्र अलि चाँडो गइन् ।

तर मलाई चित्त बुझ्दैन
जाने पर्ने कारण सुझ्दैन
भगवान्‌को न्याय रुच्दैन
जाने थियो भने आमा !
मलाई छाडेर किन जानुभयो ?
मलाई टुहुरो पारेर
किन जानुभयो ?

आमा ! मलाई
तपाईको ममता चाहिएको छ
तपाईको स्नेह चाहिएको छ
तपाईको न्यानो काख
चाहिएको छ ।

आमा ! तपाईं
मेरो बदमासी सहन नसकेर
जानुभएको त होइन ?
तर आमा !
म अहिले धेरै ज्ञानी भएको छु
धेरै पढिसकेको छु
र, ठूलो भएको छु ।

त्यसैले आमा !
मबाट केही गल्ती भएको छ भने
जनी गरेर माफी गरिदिनुस्
र, त्यो कोमल काख
मेरालागि खाली राखिदिनुस् ।

आमा ! अहिले
यहाँका मानिसहरू
धेरै स्वार्थी भैसकेका छन्
मातृभूमिका अस्तित्वलाई
बिर्सिसकेका छन्
घमण्ड र आडम्बरको
आश्रय लिएर
काटाकाट र मारामार गर्दैछन्
यहाँका माटा/ यहाँका पानी
र, यहाँको बायुलाई
प्रदुषित पार्दैछन् ।

त्यसैले आमा !
भन त धेरै दिन बस्न सकिन्ँ
आमाबिनाको अधुरो जीवन
बाँच्न सक्दिन
सके चाँडै बोलाउनुस्
नसके स्वप्नमा भए पनि
दर्शन दिनुस्
र, ढाडस बधाउनुस्
अनि भगवान्‌सँग
बिन्ती चढाउनुस्
यस जन्ममा सँगै बस्न नपाए पनि
अर्को, अर्को जन्ममा
तपाईंकै काख पाउँ,
तपाईंकै साथ पाउँ ।

- बलेटक्सार-८, गुल्मी

कथा

म नेपाल फर्कन्न

❑ ऋषिराम लामिछाने

पहिले यो ठाउँ खाली र उराठलाग्दो केही वुटयान भएको डाँडो मात्र थियो। मानव सृष्टिको धेरैपछि एसियाका धेरै भागहरू मध्ये यो मानो र पृथक् आफ्नै भेषाभुषाले सजिएको आफ्नै संस्कृतिमा रमाउने एउटा मानो [illegible] थियो र मानो एउटा [illegible] थियो। अब फेरि यो उराठलाग्दो एउटा डाँडो मात्र नभइकन एउटा सच्चैको मशानघाटमा परिणत भएको छ। अब त यहाँ दिउँसै भूत आउँछ भन्छन्।

व्यापारको सिलसिलामा आफ्नो घरबाट निकिएर नेपाल आउँदै छ च्याङ्बाङ्। यसपटक मनोहरसंगको भेटघाट होला भन्ने आशामा छ उ। एकसमिया अगाडि [illegible] माफत् भनेको कुरा सम्झँदै छ ऊ "साथी बेपारको सिलसिलामा तपाई मलाई भेट्न आउँदा म तपाईलाई यस क्षेत्रको लोकसंस्कृति तथा हिमशृङ्खलाहरूको बारेमा अवलोकन गराउँला" [illegible] छ। तर मनोहर बसेको बस्तीमा आइपुगेपछि अचानक अचम्मको दृश्य देख्छ। ऊ सधैंजसो त्यही ठाउँमा जाने गरेको र मनोहर उसको मिल्ने साथी भएकाले यसपाला पनि ऊ सरासर त्यही साथीको घरमा [illegible] गर्ने, [illegible] हिमशृङ्खलाहरूको अवलोकन गर्ने र यहाँको संस्कृतिमा रमाउने भन्ने सोचाइमा आएको थियो। केही पहिले ऊ घर गएको थियो र केही समय आफ्नै घरमा बसेपछि पुनः त्यही एरियामा गएर [illegible] थियो। तर अचानक त्यहाँ बदलिएको चालचलन र टुटेफुटेका भग्नावशेषहरू देखेपछि ऊ आश्चर्यमा परेछ। के त [illegible] र उसले आफूले आफैलाई प्रश्न गर्न थाल्छ। सोच्न थाल्छ, ठाउँ त त्यही हो तर यहाँ त ठूलाठूला महल पनि थिए, रङ्गिचङ्गि र झिलिमिली घरघरहरू धेरै थिए। अनि मेरो साथी मनोहरको घर पनि [illegible] गएको धेरै महिना भएको पनि छैन। आज एक्कासी यस्तो अवस्थामा कसरी परिणत भयो ? अब कसलाई सोधेर यथार्थ कुरा थाहा पाउने भन्ने सोच्दै थियो विचरा बिदेशी च्याङ्बाङ् एकजना [illegible] आफ्नो [illegible] ए हजुर ! यहाँ यो सबै कसरी भयो ?

उसको प्रश्नले [illegible] केही दिन अघि त्यस क्षेत्रमा आफ्नो आँखा अगाडि घटेको ठूलो दुर्घटनालाई स्मरण गरायो। त्यस सम्झनाले उसले दुवै आँखाबाट पानी बगाउँदै भन्न थाल्यो- बाबु ! म त बूढो मान्छे। आजभन्दा [illegible] आई बसोवास गरेको थिए। मेरो यहीं जन्म भयो। यहींको माटोमा लडीबुडी गढागढै बूढो भएँ। आजसम्म मेरो नजरले देख्न त परे जाओस् कानले पनि सुनेको थिइन। तर अस्ति त आफ्नै आँखाको अगाडि [illegible] गरे। [illegible] छोरा, बुहारी र नाति पनि ..... । म अभागी बूढामात्र बाँकि रहें बाबु म अभागी ..... ।

यो कुरा सुनेपछि च्याङ्बाङ्ले फेरि सोध्यो। नी मानिसहरूलाई कसले, मार्यो ? किन मार्यो ? सबै कुरा भनिदिनुस् न, म सुन्न चाहान्छु। बाबु म त बूढो भएकोले आँखा पनि राम्रो देखिन। कान पनि कम सुन्दछु। मन्ने अनि बूढ गरेर

मानिसहरू पनि सबै हामी नेपाली हुन् भनेर बाच्नेहरूले भनेका थिए । मेरा आँखाले त सबै उस्तै रङ्ग र उस्तै बुट्टाहरू भएका कपडा लगाएका मान्छेहरू देखेका थिए । मेघ गर्जेजस्तो गरी कुन्नी के पड्कएपछि थिए । त्यसले धेरै अभिलहरू अनि घरहरू पनि भत्केका हुन् बाबु । त्यसैले यो ठाउँमा त दिउँसै भूत आउँछ भनेर सबै डराउँछन् अरे म त ऊ पर अर्काको घरमा डेरा गरेर बसेको छु । "अनि बाबु को हौ नी ?" अकस्मात् बूढाले प्रश्न तेर्स्याए । "ए म मनोहरको साथी हुँ" च्याङ्गवाङ्गले सुस्तरी जवाफ दियो । "ए मनोहर बिचराको त ....!" बूढाले पीडायुक्त स्वरमा भने । "के भयो र मनोहरको ?" च्याङ्गवाङ्गले जिज्ञासा पोख्दै सोध्यो । म बाबुलाई सबैकुरा बताउँला बूढाले आश्वस्त पार्‍यो । साँझ विस्तारै हराउँदै गयो । बाहिर चुक पोखिए जस्तो अन्धकारले सारा गाउँबस्ती छोपियो । बूढाले अतिथि सत्कार गर्दै भन्यो- बाबु ! भान्सा गरौं । खाना खाइसकेपछि बूढा खाटमा पल्टदै बर्बराइरहेको थियो के गर्नु बाबु ! हाम्रो भाग्य फुट्यो । कहिल्यै नबदलिएको बस्ती यसपाली बदलियो । त्यही बदलाइमा मनोहर को पनि घरबासी भयो । ऊ न घरको न घाटको भएर हिँडेको छ । बूढाको बोलीले च्याङ्गवाङ्ग छानाबाट खसे झैं भयो र एकछिन मुटुमा गाँठो पर्‍यो । उसले अरु केही सोध्न सकेन ।

च्याङ्गवाङ्गलाई रातभरी निद्रा पनि लागेन । धेरैपर्ष अघिदेखि नै व्यापार गर्दै नेपालमा मनोहर संगै बसेको हुनाले ऊ प्रष्ट नेपाली पढ्ने लेख्ने र बोल्ने गर्थ्यो । त्यसैले ती वयोवृद्ध मानिसले भनेका केही कुरा बुझ्यो । अर्को दिन दिउँसो बल्लबल्ल उसले मनोहरलाई भेट्यो र सबै बेली विस्तार सोध्यो । मनोहरले उसलाई भन्यो- हेर साथी अहिलेको द्वन्द्वमा मेरो त सारा घरबास नै सत्यानाश भयो । नेपालको यो राजनीतिको चलखेल र सत्ता कुर्सीयुद्ध अहिलेमात्र नभैकन विगत देखिका आफूले जानेबुझेका कुरा तिमीलाई सुनाउँछु सुन भनेर सबै सुनायो । साथी नेपालमा यो आजको मात्र कुरा हैन आज भन्दा चौसठ्ठीवर्ष अघिदेखि हालसम्म कुनै न कुनै राजनैतिक दङ्गा हुँदै आएको कुरा इतिहासमा पनि पढ्न पाइन्छ । जस्तै वि.सं. १९९७ साल, २००४-७ साल, २०१७ साल, २०३५-२६ साल २०६६ साल र यो हालको जनयुद्ध पी सबै युद्धमा केही न केही मानिसको प्राण आहुती भएर धेरै नाबालक टहरा भएका छन् कति बैधव्य र कति बेसहारा भएका छन् । यो सानो देशका लागि यो युद्धको भूकम्प दुर्दशाको घर हो । यसैको केही अरु यो ठाउँमा भएको सरकार विद्रोही जनयुद्धको प्रतिफल पनि हो । त्यसै युद्धले यी सबै संरचनाहरू र मानिसको विनाश भएको हो । अझै यो भूकम्प कहिले मत्थर हुने हो । कहिले शान्तिको स्थापना हुने हो । तमाम व्यक्तिको जिजीविषा कसरी पूर्ण हुन्छ ? कुनै ठेगाना छैन । अझ यो भूकम्पले अलिअलि डाँडापाखा, गाउँसहर थर्किँदै छ । यो भूकम्प कतिखेर अनकन्ट्रोल रेक्टरको चापमा परिणत हुने हो कोही कसैले पनि आजै अन्दाज गर्न सक्ने अवस्था देखिँदैन ।

मनोहरको यो जवाफले च्याङ्गवाङ्गलाई नेपालको व्यापारप्रति नैराश्यता छाउन थाल्यो । त्यसै दिन रातो पनि नजिकै गोली चलेको आवाज सुनियो । झन् ऊ डराउन थाल्यो र भन्यो- साथी ! म भोलि मेरो देश फर्कन्छु । यहाँ यस्तै रहिरह्यो भने त म कहिल्यै नेपाल फर्कन्नँ ..... ।

- विशालमार्ग नारायणगढ, चितवन

❖ यदि कसैलो आएमा कुनै कमजोरी छैन भन्ने ठान्छ भने त्यही नै उसको सबभन्दा ठूलो कमजोरी हो । - सिलर

❖ निदाएको बालक देख्दा शान्तिको सच्चा मुहार देखिन्छ । - महाकवि लक्ष्मीप्रसाद देवकोटा

जिन्दगी

❑ राधा कार्की

बारम्बार असन्तुष्टिका रेखाहरूले
लक्ष्मण रेखा पार गर्दा
यस्तो लाग्छ,
जीन्दगी एक जुवा हो
र, मानिस सम्पूर्ण आफ्ना
भौतिक मानसिक,
पैजारीक [illegible]
दाउ हानिरहेको छ ।

आलकात
वैभवता हासिल गर्नेहरू बीच
[illegible]
अप्राकृतिक स्याँग र शान देख्दा
यस्तो लाग्छ
जीन्दगी एक ईर्ष्या हो
र, उसले आफ्नो सारा जीवन
पैसा र [illegible]
साटिरहेको छ ..... ।

– इलाम

रातको पीडा

❑ सुशील राजोपाध्याय

मुश्कील, मुश्कील अति नै मुश्कील
काट्न तिमीबिनाको रात
कटाउँछु म दिनभर सजिलै
नपाउँदा पनि तिम्रो साथ ।

दिक्क रातमा कुकुरहरूले
[illegible]
हात मलेरै बस्नु सिवाय
के सक्यें जड् चले पनि ।

चियाउँछु म पारि छिमेकमा
[illegible]
कस्ले सजिलै सक्छ बिताउन
निद्राबिनाको सिङ्गो रात ?

मुश्कील, मुश्कील अति नै मुश्कील
काट्न निद्राबिनाको रात ।

- ढोकाटोल १९ काठमाडौं

गीत

❑ एल.पी. 'सल्यानी' देवकोटा

जाउँ भने छैन बाटो, द्वार सबै बन्द भए
खाउँ भने छैन केही, भोजनादि बन्द भए ।

लाउँ खाउँ मोज गरूँ काम गरुन् अरूहरू
भनी जीवन बिताउने देशमारा चोरहरू
टेक्ने पनि हाँगो छैन समाउने डालो पनि
कसो गरी जिउने मैले आउँदैन काल पनि ।

पञ्चेंद्रिय गलित भए स्नायु सबै सिथिल भए
मेरो [illegible] छैन जति थिए बिदा भए
देश मेरो भेष मेरो सभिदिनै कोही होला ?
साहस र उमङ्गले बास गर्थ्यो त्यसै बेला ।

***

पुस्तक परिचय

❑ अरूण खत्री 'नदी'

अस्वीकृत कथाहरू (कथासङ्ग्रह)

२०१६ सालमा धुर्कोट वस्तु ४ गुल्मीमा जन्मेर नपाली विषयमा स्नातकोत्तर गरी निजामती सेवामा कार्यरत रहेका हरिप्रसाद भण्डारीको अस्वीकृत कथाहरू (कथासङ्ग्रह) २०५८ असोजमा प्रकाशित भएको छ । यस सङ्ग्रह भित्र २० वटा कथाहरू संकलित छन् । कविता र निबन्धमा पनि भण्डारीले कलम चलाएपै आइरहेका छन् । [illegible] साहित्य पुरस्कार २०५८ मा कथाकार हरिप्रसाद भण्डारीको "अस्वीकृत कथाहरू" पुरस्कृत कृति हो ।

'यस सङ्ग्रहमा संग्रहित कथाहरू पटक पटक पठाउँदा पनि पत्रिकाहरूले नछापेका, रद्दीको टोकरीमा हालेका अस्वीकृत कथाहरू हुन् । त्यसैले मैले यी कथाहरूको नाम पनि अस्वीकृत कथा राखेको छु' भनि कथाकार भण्डारीले उल्लेख गरेका छन् ।

कथाकार भण्डारीले यी कथाहरू आम पाठकहरूका लागि लेखेका हुन् । यस कथा संग्रहभित्र २०४३ सालदेखि २०५७ सालसम्म लेखिएका कथाहरू मध्ये विविध विषय र क्षेत्रलाई समेटिने गरी कथाहरू राखिएका छन् । 'आफ्ना मान्छे' कथामा सांच्चै माया नलागेर हो कि नजीकमा कुनै पस्ने ठाउँ नदेखेर हो भाउजुले नन्द सुनितालाई बस्नोस्‌सम्म पनि भननन् । आफूले धुप्रै आशा लिएर आएका घरमा बस्नसमेत नभनेको देख्दा सुनिताको मन कुँढियो, हृदय पीरो भयो र त्यसको असर आँखासम्म पुग्यो भनेर बयान गरिएको छ । [illegible] भए पनि दिनदिनै निमेक नगरे साँझ बिहान उनीहरूका मुखमा माड पर्दैन ।

तर आठ वर्षे बालक धनलाई खतालाका रूपमा कसैले पनि स्वीकार गर्नै मान्दैनन् । त्यसैले ऊ बाबुको मृत्यु पश्चात बाबुले नै हलो जोत्ने गरेको विक्रम साहूकहाँ गोठालो बस्न विवश भएको भनेर देखाइएको छ । सबैजसो कथाहरू सामाजिक परिवेश अँगालेर लेखिएका देखिन्छन् ।

प्रकाशक : धवलागिरी साहित्य प्रतिष्ठान, बाग्लुङ
प्रकाशक : २०५८ असाज, मूल्य : रु. ६०/-
मुद्रक : कल्पतरु प्रकाशन प्रा.लि.
घडेकुलो, काठमाडौं

दुखेको घाउ (कथासङ्ग्रह)

२०२५ सालमा इमाडाल ललितपुरमा जन्मनु भएकी कथाकार ललिता दोषीको 'दुखेको घाउ' कथा सङ्ग्रह २०६० सालमा प्रकाशित भएको छ । प्रस्तुत संग्रहभित्र हाम्रो तितौरा दिदी, संकीर्ण मन, बिवशता, समर्पण, उपहार समेत १४ वटा कथाहरू सङ्ग्रहीत छन् ।

"जब मलाई कुनै घटनाले चिमोट्छ अथवा दुखाउँछ, त्यसपछि मात्र म कथा लेख्छु । कथालाई सजाउने र टुङ्ग्याउने क्रममा कहिलेकाहीं काल्पनिक शब्द चाहिं टिप्नुपर्छ नै" कथाकार दोषीको भनाइ छ । यस संग्रहका कथाहरू राम्रै लाग्ने कुनै [illegible] प्रेमीबाट खोसिएर बेचिएकी छोरी र विलासी लोग्नेद्वारा पीडित स्वास्नीको व्यथा छ भने परिवारको षडयन्त्रमा परेर आफैं गर्भपातको आरोपमा सजाए भोग्न विवश तुल्याएकी आमाको कथा छ । नरनारी केवल त्याग, बलिदान, पीडित, प्रताडित र शोषित मात्र नभएर कुनै कुनै कथामा उसको चरित्रको अर्को पाटो व्यभिचार, विलासिता, अहङ्कार र विश्वासघातलाई उजागर गर्ने कथा पनि छन् यसमा ।

"यस सङ्ग्रहका धेरैजसो कथा नारी समाज र उसप्रति हुने उत्पीडनका व्यथालाई उजागर गर्ने कोटीका छन्" कथाकार रमेश विकलको भनाइ छ । अन्त्यमा ललिता दोषीका यस्तै पठनीय कृतिहरू अरु पनि प्रकाशित हुँदै जाऊन् भन्ने [illegible] ।

मूल्य : रु. ५०/-
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.

अदृष्य पीडा (लघुकथा सङ्ग्रह)

नेपाली लघुकथा लेखनको इतिहासमा २०४६ सालपछि देखापरेका लघुकथाकार नवराज रिजालको अदृष्य पीडा लघुकथा सङ्ग्रह २०५७ चैत्रमा प्रकाशित भएको छ। यस संग्रहभित्र अति, विडम्बना, पीडा, आशा, सन्दर्भ लगायत ५८ वटा विभिन्न शीर्षकका लघुकथाहरू राखिएका छन्। साहित्यलाई वादको सीमित घेराभित्र राख्न हुनु उपयुक्त हुँदैन भन्ने गरेका नवराज रिजाल विभिन्न विधाहरूमा कलम चलाएर नाम कमाउन सफल भएका छन। बालकथा, बालकविता पनि रिजालले लेख्ने गरेको देख्न पाइन्छ। यस कृति भित्रका अधिकांश रचनाहरू वि.सं. २०४७ देखि २०५५ को अवधिभित्र कोरिएका हुन् र यिनीहरूको प्रकाशन विभिन्न पत्र-पत्रिकाहरूमा भैसकेको छ।

"तीस र चालिसको दशकमा कतिपय ख्यातिप्राप्त आख्यानकारहरूले नेपाली लघुकथालाई लोकप्रियताको दृष्टिले हेर्नेगरेका छन्। लघुकथा छोटा र अथ खुल्न खालका हुनुपर्दछ। नवराज रि जाल कथा, निबन्ध, समालोचना र बालकविता आदि विधामा पनि कुशलतापूर्वक कलम चलाउँछन्। साहित्य विषयमा डिग्री गरी शिक्षण पेशामा संलग्न नवराज सरल मिजास, जिज्ञासु स्वभाव र कहा गरु भन्न विचार भएका उत्साही युवा साहित्यकार हुन्। वर्तमान युगमा नेपाली समाजका विभिन्न क्षेत्रहरूमा देखापरेका जटिल र संवेदनशील समस्याहरूलाई उनले विषयवस्तुका रूपमा टिपेका छन्।" समीक्षक रामप्रसाद ज्ञवालाको भनाइ छ।

साहित्य समाजको प्रतिबिम्ब भएकाले त्यसमा तत्कालीन सामाजिक जनजीवन र तिनीहरूको सुख दुःख प्रतिबिम्बित हुनु आवश्यक छ। यो पुस्तक विशेषतः साहित्यप्रेमी पाठकहरूको लागि पठनाय एव सङ्ग्रहणाय रहेका छ।

कृति : अदृष्य पीडा
कृतिकार : नवराज रिजाल
सम्पादक : रमेश गोर्खाली
प्रकाशक : प्रज्ञापन प्रकाशन, नेपाल
साधारण : ३५- संस्थागत : १००-

गाउँबस्ती रोइरहेको छ

वि.सं. २०१९ बैशाख २१ गते बाग्लुङमा जन्मेका कवि किसान प्रभाको 'गाउँबस्ती रोइरहेको छ' पहिलो कृति हो। यस सङ्ग्रहभित्र ४५ वटा कविता छन। कवि किसान प्रेमी भावनात्मक सागरमा डुबेर परमात्मालाई बाबा र काव्यात्मक भावना जगाउने आत्मतत्वलाई जीवनसाथीको रूपमा स्वीकार गरेका छन्। शान्त गम्भार र सौम्य प्रकृतिका किसानले वि.सं. २०४९ कार्तिकदेखि कविता लेख्न थालेका हुन् र उनको पहिलो कविता 'जनताको बिलौना' हो। कवि किसान जीवनलाई यसरी परिभाषित गर्न रुचाउँछ

काहा भन्छन् 'जीवन माठा सपना हो'
कोही भन्छन्- 'जीवन संघर्ष हो'
म त भन्दु- न त कसैको कल्पना हो
न त कसैको उपहार हो

यो त इश्वरको वरदान हो किसानले आफ्ने अनुभूति भित्रका बिम्ब, प्रतीकद्वारा मनका संवेदनशील भावहरू, चेतनशील विचारहरू व्यक्त गरेका छन्। कविता सङ्ग्रहमा समसामयिक जीवन भोगाइका पीडा, विकृति, विसंगति, छटपटि, देशप्रेम र प्रकृतिप्रेमको आस्था प्रकट भएको छ।

राष्ट्रिय निर्माण र उत्थानका लागि आफू बलीवेदीमा होमिन समेत तयार रहने प्रतिबद्धता कवि किसान प्रेमीमाँ छ। जीवनका बारेमा कवि किसानले कविताद्वारा नै व्याख्या गरेका छन्।

कृतिको नाम : गाउँबस्ती रोइरहेको छ
प्रकाशक : रौतहट रश्मि, गौर
पहिलो संस्करण : २०५९ जेष्ठ
मूल्य : रु. ३५/-

घाम हराएको दिन (गजलसङ्ग्रह)

नेपाली साहित्यको क्षेत्रमा उकाउनु भएका

नवयुवा गजलकार होमशङ्कर बास्तोलाको 'घाम हराएको दिन' गजल सङ्ग्रह २०६१ सालमा प्रकाशित भएको छ। यस अघि 'आँसुका झरनाहरू' कथासङ्ग्रह २०५८ मा प्रकाशित भएको थियो। यस गजलसङ्ग्रह भित्र ६२ वटा गजलहरू राखिएका छन्। गणतन्त्र देश र जनतापति चिन्तित देखिन्छन्। उनी आफ्नो जन्मभूमिलाई सुन्दर र शान्त देख्न चाहन्छन्। जन्मभूमि छाडेर विदेश बस्ने नेपालीहरूको स्थिति कति दयनीय हुन्छ भन्ने कुरालाई उनको गजलले यसरी देखाइएको छ

यही माटोको माया लाग्छ सुन्दर पखेरो छ मेरो नेपाल
धेरै मैदान धेरै भीर छ पाखा पखेरो नेपाल।

गजल लेख्न त्यति सजिलो छैन, जति कविता र गीत लेख्न सजिलो छ। गजल मूलत : क्लासिकल र टेक्निकल काव्यविधा भएकाले यसका संरचनात्मक बाह्य एवं अन्त: तत्वहरूको समय ज्ञानबिना स्पष्टबाट विशुद्ध गजल सृजना हुन सकतैन। श्री बास्तोलाका गजलहरू अत्यन्त सवदनशील र मन रुवाउने खालका छन्। आफ्नै घर परिवारमा झगडा परी फुटैफुट भएको कराईं पनि उनले गजलद्वारा उल्लेख गरिएको पाइन्छ।

गरिबी र भोकमरीले लुटैलुट छ आजभोलि
आफ्नै घरको परिवारमा फुटैफुट छ आजभोलि।

वर्तमानमा दुवैतर्फका बादलले छेकेर घाम हराएको छ। कतै बन्दुक र बारुदको बादलले खुसी खोसेर या बन्दुक र बारुदले प्रजातन्त्रको मानवीयता खोसेर। जो होस् यिनै राष्ट्र र जनताको खुसीको निर्जको खोसिएका पीडाका अभिव्यक्तिका रूपमा मनका उद्वेगहरू गजलका शेर मार्फत् यहाँहरू समक्ष बास्तोलाले पस्केका छन्।

नखोज आँसु बर्साउन (गजलसङ्ग्रह)

गजलकार उज्ज्वल जी.सी.का गजलहरूको यस सङ्ग्रहमा ७३ वटा गजलहरू रहेका छन्। गजल गीतजस्तो स्वतन्त्र नभई आफ्नै विशेष प्रकारको संर चनामा आबद्ध हुने विधा भएकोले गजलको सफलता र विफलता भाव, लय, भाषा, प्रतीक र बिम्बको प्रयोगका साथै काफिया, रदिफ, तखल्लुस आदि उपकरणहरूको सामञ्जस्यमा भरपर्छ। गजल पनि साहित्यको एक महत्वपूर्ण र लोकप्रिय विधा हो। नेपाली साहित्यको मौलिक उत्सर्जन नभए पनि अब आएर गजल विधा नेपाली माटोमा नेपाली सुवासहित फक्रिसकेको छ। गजलकार जी.सीपले विश्वासमा धोका हुँदा मनको पीडालाई यो गजलमा -

विश्वासमा धोका हुँदा मन दुखी रहेछ हजुर
सबको सामु लाजले शिर झुकी रहेछ हजुर।

जी.सी.ले साहित्यमा लागेर पूर्व मेचिदेखि पश्चिम महाकालीसम्मका साहित्यप्रेमी पाठकहरूको माला सम्मान पाएका छन्। उनका गजलहरू निकै मन छुने खालका छन्।

अनमोलको जिन्दगी जूयाको खाल जस्तो भो
तिम्रा मुस्कान आज कपटीको जाल जस्तो भो।

"गजल विधाप्रतिको आकर्षण धेरै बढ्दै होला आज गजलकारहरूको लस्कर बढ्दो छ। यसै क्रममा प्रत्येक दुई पङ्क्तिका अन्त्यानुप्रास मिलाई लेखिएका पद्य कविताहरू पनि गजल भनिंदै छापिन थालेका छन्। विभिन्न पत्रपत्रिकाहरूमा जी.सी.को भनाइ छ।

करीब दुई दशक अघिदेखि कविताको क्षेत्रमा देखा पर्नभएका जी.सी.को यो पहिलो गजलसङ्ग्रह हो। "यस पुस्तकमा सप्तभावको एक सप्तरङ्गी तानाबुना बुनेर काव्यान्तरिक्षमा इन्द्रधनुषको रेखाचित्र कोर्न सक्ने गजलकार उज्ज्वल जी.सी. नेपाली कविताजगतको एक उज्ज्वल हस्ताक्षर साबित भएका छन" भनेर डा. बामदेव पहाडीले भन्नुभएको छ।

गजलकार जी.सी श्री ५ को सरकारबाट नगद पुरस्कार तथा प्रशंसापत्र २०५३ र २०५४, समाज संरक्षण मञ्च तथा दुल्लेचत्तर संरक्षण समाजद्वारा संयुक्तरूपमा अभिनन्दित-२०५७, राष्ट्रिय प्रतिभा पुरस्कार २०५८, जनकौ बाल साहित्य पुरस्कार २०६० लगायत विभिन्न ठाउँबाट पुरस्कृत एवं सम्मानित पनि हुनुहुन्छ।

गजलको धर्म र मर्मलाई यथासम्भव पालना गर्दै समसामयिक रूप दिन जी.सी.को यो आफ्नै प्रकारको प्रयासलाई हामीले प्रोत्साहित गर्नैपर्छ।

२०६१ सालमा प्रथम पटक प्रकाशित यस पुस्तकको मूल्य रु. ७८/- राखिएको छ।

- सामाखुसी साहित्य समाज

यात्रास्मरण

जापान भ्रमण: रमाइलो अनुभव

❑ रुदीक्षा बाताल

देश विदेश घुम्ने नयाँ नयाँ मानिसहरू चिन्ने, मित्रता गाँस्ने सबैको सपना हुने गर्दछ। यसै उमेरमा देशको प्रतिनिधित्व गर्दै जुनियर राजदूत भएर विदेशको यात्रा गर्न पाउनु पनि ठूलो उपलब्धि नै मान्नु पर्दछ र यस्तो गौरवपूर्ण यात्रा गर्न पाउने भाग्यमानीमा म पनि एक हुँ। चाँध वर्षको कलिलो उमेरमा नै अर्थात् वि.सं. २०५७ साल माघ ७ गतेको दिन शिक्षा मन्त्रालय अन्तर्गत म जापान जस्तो ठूलो मुलुकको भ्रमण गर्ने मौका पाएँ। त्यहाँ जानुको मुख्य उद्देश्य चाहिँ एउटा Conference थियो अर्थात् । Asian Pacific Children Convention, जहाँ ४४ राष्ट्रबाट मजस्ता केटाकेटीहरू भाग लिन आएका थिए। यो कार्यक्रमको मुख्य उद्देश्य साना सुना केटाकेटीहरूबीच भातृत्व, प्रेम र मित्रताको भाव झल्काउने थियो।

यसैबीच जब मेरो भ्रमणको लागि छनौट भएको खबर प्राप्त गरें, त्यसबेला मेरो हर्षको सीमा नै रहेन। मेरो बाल मस्तिष्कमा अनेकौं कुराहरू खेल्न थाले। कहिले आफ्नो परिवारभन्दा टाढा नबसेको मान्छे कसरी यति लामो यात्रा तय गर्ने होला! ठाउँ कस्तो होला! मानिसहरू कस्ता होलान्! आदि इत्यादि। मनमा खुशीको साथसाथै डर पनि लागिरहेको थियो कि कतै मजस्तो सानो देशको मानिस त्यत्रो ठूलो देशमा हराउने त हैन। जापान भ्रमण गर्न जानुअघि जापानको रहनसहन, रीतिथिति, लवाइखवाइको बारेमा सिकाउने हामी ८ जनाको टोलीलाई बालाजुस्थित सिद्धार्थ वनस्थली इन्स्टिच्यूटको होस्टेलमा बस्ने व्यवस्था मिलाइएको थियो। हामी जम्मा ८ जना थियौं ४ जना केटी र ४ जना केटा। तर एक अर्कासंग पूर्णरूपमा अपरिचित। त्यसैले एक दुई दिन घुलमिल गर्न गाह्रो परेको थियो। हामी सबैजना २ पटै विकास क्षेत्रबाट सहभागी थियौं। सगसगै उठबसका क्रममा हामीहरू सबैजना एकदमै घनिष्ट मित्र बन्यौं र साँझपरी बयेर जापान उड्ने दिनहरू गन्न थाल्यौं।

अन्तमा साउन ७ गते जापान जाने दिन पनि आयो, सबैजना ११ बजे एयरपोर्टमा भेला हुने निणय गऱ्यौं। र, त्यस अनुरूप भेला भएर विदाइ भएपछि आफ्नो गन्तव्यतिर लाग्यौं । ठूलो जाहाज चढेको त्यो मेरो पहिलो अनुभव थियो। उडने बेलामा त हँसले ठाउँ छोडेर चिच्याएँ पनि। सबैले मतिर हेर्दा त एकक्षण सरम नै लाग्यो। उडेको झण्डै ३-४ घण्टापछि हाम्रा जहाज बेककका विमानस्थलमा अवतरण भयो। त्यहाँ हाम्रो ४ घण्टाको Transit परेको थियो। त्यही समयमा हामीले पूरै विमानस्थलको अवलोकन गऱ्यौं। साँच्चै छुँ संसारमा पुगेजस्तो स्वर्ग जस्तै राम्रो थियो। घुम्ने क्रममा म त्यहाँको शौचालयमा पनि छिरें। सामानहरू हेर्दै छाम्दै गर्दा अचानक मेरो हात Automatic hand drier तल पुग्यो र त्यो मेसिन आफै चल्न थाल्यो। थाहा नहँदा म अत्तालिन थालें र बन्द गर्न स्वीच खोजें। पछि थाहा पाउँदा आफै मूर्ख भए जस्तो लाग्यो। मलाई पनि त्यहाँका सामानहरूको तडकभडक देखेर किन्न किन्न मन लाग्यो। तर मूल्य थाहा पाउँदा आँट आएन। घुम्दाघुम्दै ८ घण्टा पनि बित्यो र रातको १२ बजे हामी Fukauka Airport तिर प्रस्थान गऱ्यौं। रातभरि प्लेनभित्रको यात्रा र खानेकुराको स्वाद फेरिदा खिन्न पनि लाग्यो निद्रा नलागेर झ्यालबाट बाहिर हेर्दा त बादल बाहेक केही देखिएन। बिहान विमानस्थलमा हाम्रो भव्य स्वागत भयो। त्यसपछि सीधै हामीलाई समुद्रको किनारमा अवस्थित Marine house मा लगेर राखियो। त्यहाँ अरु पनि ४४ राष्ट्रबाट बालबालिकाहरू आएका थिए। निजासिलो र सिलसिलो भएको कारण छिट्टै नै

म त्यहाँ सबैको प्यारो भएँ। बोर्डिङ् स्कूलमा पढेकाले अंग्रेजी पनि राम्रो थियो। [illegible] दुःख भएन। जापानिज पनि अलिअलि आउने हुनाले ठट्यौली पारामा जापानिज बोलेर सबैलाई हसाउथें। तर दुःखको कुरा मेरा Room partner लाओस र फ्रान्सका थिए। उनीहरूलाई अंग्रेजी पटक्कै बोल्न नआउने हुँदा उनीहरूको भाषामा, अंग्रेजी मिसाएर इसारामा बोलचाल हुने गर्दथ्यो। त्यहाँ दुई दिनको बसाइको क्रममा मैले जापानीज साथीहरूबाट अनुशासन सिकें। Marine House को बसाइको अन्तिम रात हामीलाई बिदाई भोज आयोजना गरियो। सबै जनाले आफूहरूसँग भएका सामानहरू आदान प्रदान गरेर मित्रता गाँस्यौ। भोलिपल्ट हामीलाई Homestay को लागि लगिँदैछ र हाम्रो भेट अब कहिले हुने छैन भन्ने दुःखल गदा आँखाबाट आँसु थाम्न नसकी सबैजना एकअर्काको अँगालोमा बाँधिएर रोयौं।

भोलिपल्ट बिहान हामीलाई Homestay को लागि जापानीजहरूको घरघरमा लाएर राखियो। म बसेको घर चाहिँ Toshmitsu Hirata को थियो, त्यो परिवारमा आमा, बुवा र तानजना छोराहरू थिए। सुरुमा उनीहरूले भिन्न गएर बस्न आग्रह गरे। हामी सबैजना एउटा कोठामा गएर सँगै बस्यौं र मैले उनीहरूलाई नेपालबाट ल्याएको कासेलीहरू दिएँ। उनीहरू कोसेली पाएर निकै खुशी भए। ती घरका छोरीहरू साह्रै राम्रा थिए र उमेर पनि म सँगका हुँदा घरका याद चाहिँ खास आएन। उनीहरूले पनि मलाई अतिथि सत्कार गर्नको निम्ति कहिले कहाँ त कहिले कहाँ घुमाउन लागिरहन्थे. ठाउँ पनि साह्रै रमाइलो, न धेरै मान्छेको घुइँचो न त धेरै गाडीको घुइँचो। म त्यहाँ समुद्रको किनार, Space World, Fukuoka Tower, Umihotakamichi (Sea animals / Fish हरूको aquarium) departmental store, golf court आदि इत्यादि जस्ता अत्याधुनिक ठाउँहरूमा घुम्ने मौका पाएँ। संसारकै सर्वाधिक छिटो दौड्ने सिङ्कान्सेनमा सफर गर्ने ठूलो मौका पाएँ र साथसाथै पानी जहाज पनि देखें। सबैभन्दा ठूलो सौभाग्य त मैले त्यहाँ जापानीजहरूको अतिथि सत्कार र अनुशासनलाई नजिकबाट नियाल्न पाएँ। त्यहाँ कोही नयाँ पाहुना आउँदा [illegible]

यसैगरी धेरै ठाउँ घुम्ने क्रममा हाम्रो सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्ने दिन पनि आयो र सफलतापूर्वक सम्पन्न पनि भयो। एकदुई दिन गर्दागर्दै घुम्दाघुम्दै फर्किने दिन पनि नजिकिँदै थियो। फर्किने दिनको भन्दिनो दिन मैले जापानिज [illegible] लगाएर फोटोहरू पनि खिचाएँ। आफ्नो घर परिवारहरूको लागि किनमेल गर्न जापानीज परिवारसँग गएँ र आफ्नो क्षमता अनुरुप केही सामानहरू पनि किनें। अन्तमा मेरो फर्किने दिन पनि आयो। बिहानैदेखि [illegible] अरु दिनहरूमा जस्तो उज्यालो पनि देखिएको थिएन। मलाई पनि उठेदेखि नै नरमाइलो लाग्न रहेको थियो। किनकि उनीहरू मेरो आफ्नै आमाबुवा र दिदीबहिनी जस्तै भइसकेका थिए। रात रातभरि नसुतेर गफ गरेर [illegible] मेरो Flight पनि बिहान ६ बजेको थियो। मेरो जापानी दिदीहरू Hiroko र Yoshmi पनि स्कूल नै नगइकन मलाई पुऱ्याउन बिमानस्थलसम्म पुगे जब मेरो हिड्ने बेला आयो मेरी जापानिज आमा र दिदीबहिनीहरूको आँखा रसाइसकेको थियो। त्यो देखेर मैले पनि आफूलाई रोक्न सकिनँ र सबैसँग अँगालोमा बाँधिएर रोएँ। फेरि भेट्ने वाचा गर्दै हामी १६ दिनको बसाइ सकेर आफ्नो देश फर्क्यौं।

जापान गएको आज पाँच वर्ष भइसक्दा पनि मैले त्यहाँ बिताएका अनेक पल र क्षणहरू मेरा मानसपटलमा अझैले पनि घुमिरहेको छ। मैले जापान भ्रमणका क्रममा के सिकें भने अनुशासन भनेको नै मानिसको सबैभन्दा ठूलो धन हो। त्यहाँका हरेक मानिसहरू अनुशासित भएका कारण नै जापान अझैले हरेक कुरामा विकसित भएर विकासित राष्ट्र भइसकेका छ। अतिथि सत्कार पनि जापानिजहरूको अभिन्न अंग नै हो। त्यसैले मैले त्यहाँ गएर धेरै कुराहरू सिकेर आएँ। मलाई लाग्छ यस्तो खालको भ्रमण हरेक विद्यार्थीले गर्नुपर्दछ।

***

गजल

❑ इन्द्रकुमार श्रेष्ठ

मीठामीठा प्रशंसाका गीतहरू गाउने गर
जन्मथला छाडिदेऊ सहरतिर आउने गर ।

साँच्चैसाँच्चै तिमी पनि साहित्यकार बन्ने भए
सम्पादकको कुर्सी-टेबल खोजिखोजी धाउने गर ।

अरु कैयौं उपाय छन् गजलकार र कवि बन्ने
हाँसी ठट्टा गरीगरी झुटो भाषा पाउने गर ।

[illegible]
चिन्तनमनन छोडे हुन्छ सतहमा छाउने गर ।

अझै अर्को कुरा भनुँ-नबिर्सनू कहिल्यै पनि
सकेसम्म साथीभाइको आशीर्वाद पाउने गर ।

- कमलाकुञ्ज, दियाले- ३, ओखलढुङ्गा

गजल

❑ होमशङ्कर बास्तोला

घात गरी इमानलाई चुकायौ तिमीले
[illegible] चुकायौ तिमीले ।

बोलाएका थियौ किन समयको बर्बाद भो
भेट्ने बाचा दिएर पनि ढुकायौ तिमीले ।

[illegible]
बदनामी हुँदा भने मुख लुकायौ तिमीले ।

तिमीसँग कहिल्यै नाजक हुन्न भन्दै थिए
तर मेरो कठोर मनलाई झुकायौ तिमीले ।

कठै ! तिमी यति चाँडै स्वर्गतिर झरेछौ पो
आँसु झार्दै छाती पिट्दै भुकायौ तिमीले ।

बिर्सिएको थिएँ तर आज तस्वीर हेर्दा
मुटुभित्र लुकेको व्यथा फुकायौ तिमीले ।

- दुबेकोल- ७, खोटाङ्ग

श्री ५ महाराजाधिराज सरकारको

५९ औं जन्मोत्सवको पावन अवसरमा मौसुफका गाथमा सु-स्वास्थ्य एवं सु-शासनका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

राधेश्याम प्रिन्ट

कुपण्डोल, ललितपुर

समीक्षा

गजल साहित्यमा जीवनपानी

❑ 'प्रेमीक'

प्रेम रोमान्स र खासगरी शृङ्गारिक विषयवस्तुको प्रधानता रहने गजल साहित्यलाई आधुनिक युगको माग अनुसार परिष्कार गर्दै राष्ट्र, राष्ट्रियता तथा सामाजिक मूल्य र मान्यता भित्र रहेर सामाजिक विषय वस्तुलाई [illegible] गजल लेख्ने कार्यको थालनी 'जीवनपानीका सुस्केराहरू' बाट शुरु भएको मैले पाएँ । गजल साहित्यले अब सामाजिक नीति चेतनाको नवीन किरण भएर नेपाली साहित्यमा उदाउने आशा र विश्वासयोग्य सम्भावनाका प्रशस्त बोकाइहरू जीवनपानीले खोलेका छन् भन्ने मलाई लागेको छ । जीवनपानीका सुस्केराहरूलाई यसैको उदाहरण मान्न सकिन्छ ।

जीवनपानीका कलममा कहिल्यै नबिर्सिने एउटा अत्यन्तै नौलो तथा सुन्दरपाको प्रारम्भ भएको छ, जुन नेपाली साहित्यमा बिरलै पाइन्छ । वाक र अर्थको सामान्जस्यतालाई मिठासयुक्त, मार्मिक तथा सुकोमल भावले सिंगारी नेपाल र नेपालीको सर्वत्र शान्ति, ऐश्वर्य, सहयोगी तथा सेवागत भावलाई प्राथमिकता दिइएका उनका गजलहरूले नेपाली गजल साहित्यलाई चीरकालसम्म मार्गनिर्देशन गर्न, गराउन सक्नुपर्दछ । नेपाली भाषा समस्त नेपाली जातिको प्राण हो, नेपाली छातीमा डुकडुकाउने मुटु हो । यसप्रति सबैको निष्ठा एवं सम्मान हुनुपर्छ, हुनु जरूरी छ । यसको साथि नेपाली भाषाको विकास हुनुपर्छ । नेपाली भाषामा, नेपाली शैली र मौलिकतामा र नेपाली हावापानीमा भिजेका श्रव्य र वाक्यबाट प्रशस्त कृतिहरूको रचना हुनुपर्छ । नेपाली साहित्यका विभिन्न विधामा यसै सातिरिक्त भएहरूले [illegible] बोकेर जुर्मुराउनु पर्छ । निर्धक्कसँग साहित्य सिर्जनामा लाग्न पाउने नागरिक भएको गर्व गर्न सकिन्छ भन्ने सुन्दर परिकल्पनालाई समेत जीवनपानीका गजलहरूले निर्देशित गरेको मैले पाएँ । उनको बुद्धिवादी, [illegible] शील विवेकले रोजेर तयार गरिएको गजल साहित्यको नवीन शैली, नेपाली गजल साहित्यमा एउटा मजबुत आधारशीला तथा सुन्दर भविष्यको सूचक भने अवश्य हो ।

[illegible] लाखौं प्रतिभाहरू ओझलाइरहेको बेला, उचित निकास नपाइ विचारहरू गन्तव्य बिराएर बरालिएको बेला तथा शक्ति, उन्माद र आक्रोसले राष्ट्र बिथोलिएको बेला सत्ता र स्वादको कुर्सीमा लिप्त राजनेताहरू प्रति [illegible] र [illegible] परि स्थितिको गम्भीर विश्लेषण गरी जीवनपानी आफ्नै शब्दशैलीबाट यसो भन्छन् ।

रगत बग्यो नदी सरी, दीनहीन मारी सत्तामा नबस
परिवर्तनको खोंचो छ यहाँ प्रतिभाको कदर गर बरु ।

जीवनपानी गजल साहित्यमा चाही भौं सलल बग्न खोजेका छन् । बग्न चाहेका छन् । विज्ञानको अँध्यारो भुलभुलैयाभित्र निसास्सिएको मस्तिष्कलाई जवरजस्त साहित्यको जगमगाउँदो फूलवारी भित्र बिसाएर आनन्दको अनुभूति लिँदै [illegible] र [illegible] पलैपलाई रोजेको छ भन्ने दृढ आत्मविश्वास साँचेर जीवनपानी आफ्नो गजल साहित्यमा आफ्नो विचार यसरी पोख्छन् ।

आउँछु म अवश्य आउँछु साहित्य तिम्रो दैलोमा
जे जति बोक्छन् मेरा कलमले राख्छु तिम्रै थैलोमा ।

धेरै भावपरक तथ्य औधि वस्तुवादी भएर जीवनपानी गजल साहित्यमा देखिएका छन् । मानसिक पीडा, रोष, असन्तोष र छटपटीप्रति बेचैन हुँदै आफ्ना गजल मार्फत् आशावादी सोच तथा परिवर्तनशील सामाजिक विचारलाई प्रष्ट भएर बोलेका छन् । नेपाली माटो, नेपाली जाति तथा शान्तिका पक्षधर सबैका निम्ति दिल र दिमागबाट कल्याणको कामना गरिएको छ । उनको यो दयालु दिललाई पैसाले नभई प्रशंसाका पात्रहरूले मात्र पुरस्कृत गर्न सकिन्छ ।

गजल लेख्नु तथा गजल लेख्नु आफैमा ठूलो कुरा होइन महत्वपूर्ण कुरा त गजल साहित्यले पाठक वा समाजलाई के दिन्छ र के सिकाउँछ भन्ने हो । जीवनपानीको तत्कालको परिस्थिति बुझ्न यो गजल लेखिएको हुनुपर्छ । किनकि यस भित्रका गजलहरूले समय र परिस्थितिको उचित आँकडा राखेर पाठकका मन मस्तिष्कको विचारहरू बोलेका छन् । युगको माग बोलिएको छ । आफ्नो वैयक्तिक जीवन भन्दा माथि उठेर सामाजिक बोधांत, कुसंस्कार, कुरीति तथा दुसचारबाप्रति ज्यादै संवेदनशील भएर गजलकार राष्ट्रप्रति समर्पित तथा निष्ठावान् चरित्र भएर देखापरेका छन् । उनको अभियान अनन्त आकाशमा तिरमिराउने उज्ज्वल नक्षत्रझैं चीरकालसम्म चलिरहोस् र नेपाली गजल साहित्यले उनीबाट झैं सशक्त भाव वा विचारको भारी बोक्न पाइरहोस् ।

***

गीत

❑ रघुनाथ पौड्याल

नसोच मेरो अतीत पीडा
आँधी हुरीको कथा थियो
पाइला भरि विवशता थियो
मुटु भरि नै व्यथा थियो ।

बिए रहाउँ छरिन्थे म
आफन्तवाटै लुटिन्थें म
आफ्नाई खोज्दै हिंडदा
भीड भित्रै थिचिन्थें म
च्यात्न खोज्थे मानिस-मस्ताङ्ग ।
बाल्न खोज्थे आगो लगाई
निमोठिन्थे कलिला रहर
नेचिन्थें म हरेक पहर ।

चित्कार मेरा हरेक साझ
गोधुलीसँगै बिलाइ गाल्थ्यो
स्वप्नहरूको बिस्कन पनि
बाध्यताले चोरी लान्थ्यो
आँशुहरूको घुङ्कोसँगै
भाग्य निल्न विवश थिए
संघर्ष नै जीवन रहेछ
हरेक पल लड्दै जिए ।

***

हार्दिक समवेदना

दायित्व वाङ्मय प्रतिष्ठानका उपाध्यक्ष तथा कवि श्री ठाकुर शर्माकी पूज्यमाता **धनकला भण्डारी**को ८१ वर्षको उमेरमा २०६२ साल असार २४ गते आकस्मिक निधन भएकोले उहाँको आत्माको चिरशान्तिको कामना गर्दै श्री शर्माको परिवारलाई परमेश्वरले धैर्य धारणगर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल
परिवार

पाठक प्रतिक्रिया

सम्पादक महोदय,

दायित्व साहित्यिक मासिक

विगत केही अङ्कदेखि दायित्वको सामीप्यमा रही साहित्यिक खुराक सेवन गर्दै आएको म निजामती साहित्यिक विशेषाङ्क वर्ष - १८ पूर्णाङ्क ४८ पढिसकेपछि मनमा लागेको आफ्नो एकदमै निजी छटपटीहरू पोखिरहेछु ।

सर्वप्रथमत: सकेसम्म सबै सर्जक (निजामती कर्मचारी) हरूलाई समेट्न सकेकोमा मात्र होइन निजीहरूबाट साहित्यिक सेवाका संपूर्ण विधाका रचनाहरू जुटाउन सकेकोमा पनि धन्यवाद दिन्छु- जुन निकै जोखिमपूर्ण थियो ।

धेरै सर्जकहरू छोटो समयमा मनका भावनाहरू छिट्टै पोख्न सकिने हुनाले पनि कविता बढी लेख्छन् शायद । आजका स्थापित प्राय: सबै साहित्यकारहरू पहिला कविताबाट नै आएका हुन भन्ने ध्रुव सत्य नपर्ला । त्यसैले हुनुपर्छ यस "दायित्वको" प्रस्तुत अङ्क ४८ मा पनि अधिकतम बढी (५८) नै सर्जकहरू कवितामा फैलिएका भेटिन्छन् । कविताकै कुरा गर्दा त्यहाँका कतिपय रचनाहरू मुटु छुने र उत्कृष्ट छन् भने कति लेख्नकै लागि लेखिएका र कति कविता बनाउनकै लागि बनेका छन् । उहाँहरूबाट केही परिष्कृत रचनाहरू पाउन सकेको भए हामी धन्य हुन्थ्यौं ।

कथाले चौथाइ भाग ओगटेको छ । सङ्ख्यात्मक आधारमा दोस्रो स्थानमा परे पनि गुणात्मक आधारमा पहिलो बन्न सक्ने छ ऊ प्रत्येकको ढुकढुकी सङ्गालेर ।

गीत, गजल, व्यङ्ग्य, संस्मरण मुक्तकहरू सबै आ-आफ्नो स्थानमा उत्कृष्ट नै छन् ।

प्रत्येक अङ्क लगातारभन्दा कुनै विशेष र कुनै साधारण गरी निकाल्दै जान सकेमा सम्पूर्ण सृजनशील सर्जकहरू पनि समूल रूपमा समेटिने र विशेष अङ्कहरूले पनि आफ्नै प्रकारको इतिहास बनाउँदै जाने थियो भन्ने मुझाव दिन चाहन्छु ।

\+ + +

आफै भित्र पिल्सिएको एउटा मान्छे, कहित्यै पनि स्वागत अनुभव गर्न सक्दैन भन्ने ठोकुवा कसरी गरुँ म, जीवनको पलपल आख्यानहरूमा । तर मैले [illegible] माथिका कुराहरू लेखेँछु क्षमा माग्दै/भावना, भावनाको लागि जन्मिएर कसैको मुटु छुनको लागि हुनुपर्दछ ।

\+ + +

नेपाली साहित्यले दायित्वबाट निकै गहन र महत्त्वपूर्ण कार्यहरूको अपेक्षा गरेको छ । आशा छ पक्कै पनि यसले साहित्यको उत्थानलाई आफ्नो दायित्व सम्झने छ । अस्तु ।

किशोर न्यौपाने 'राहु'
सामाखुसी

सम्पादकज्यू,

[illegible] हुनुहुन्छ । साहित्यको खातिर संस्थागत रूपमै लागिपर्नुभएको छ । तर हामीजस्ता मोफसलवासीहरूले पठाएका चिठीहरूको जवाफ किन लेख्नु हुन्न ? हामीजस्ता दुर्गम क्षेत्रमा बस्ने पाठकहरूको पीडाभारे तपाईं जानिफकार हुनुहुन्न र ? मेरो आग्रह के भने हामीले पठाएका पत्रहरूको जवाफ संक्षेपमै भए पनि दिनुपर्यो, यसो गर्नु पनि त साहित्यकै सेवा हो नि, होइन र ?

\+ + +

दायित्वको निजामती साहित्यकार विशेषाङ्क र त्यसपछिको एउटा अङ्क हेर्न पाएको थिएँ । त्यसपछि [illegible] तयारीमा हुनुहुन्छ होला । म गाउँमा बसेर अध्यापन गर्ने मान्छे, नियमित हेर्न पाउँदिन । कोही साथीहरू [illegible] खोजिरहन्छु । दायित्व मेरो नियमित खुराक हो ।

\- इन्द्रकुमार श्रेष्ठ
'कमलाकुञ्ज' दियाले-३, ओखलढुङ्गा

सम्पादक प्रति

सयौं चोटहरू सहेर पनि ज्यूँन खोजिरह्यौं
अस्तित्व जोगाउन भनी एक्ले लाडिरह्यौं ।
थिए कोही साथी तिम्रा सधैं साथ दिने
वाचा गरे व्यर्थै तर बिचमै छाडिदिए ।
एक्लो ठानेनौ तर पनि लाग्यौं निरन्तर
सफलताले शिखर चुमोस् अझै लागिपर ।

— नोजिराज ओली, बारा